सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.




● वर्ष १५ ● अंक ४९ ● काठमाडौं, शुक्रबार, वैशाख १०, २०६७ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Apr 23, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-





## समाजको एउटा
# डरलाग्दो तस्बिर

● अश्विनी कोइराला

'मैले पाँच वर्षअघि मागीविवाह गरेको थिएँ। विवाह गरिदिनेहरूले केटीको शीलस्वभाव ठीक छ, घर चलाउन सक्छे भनेका थिए। विवाह गरेर घर भित्र्याएको रात म सहवासका लागि उनलाई तयार पार्दै थिएँ। त्यसबेला मैले थाहा पाएँ, उनको स्तनदेखि कम्मरमुनिसम्मको भाग पूरै डढेको रहेछ। म छाँगोबाट खसेझैं भएँ। हामी भिन्दै सुत्यौ। भोलिपल्ट मैले उनलाई माइतीमा लगेर आफ्नी छोरी जिम्मा लिन आग्रह गरें, तर गाउँलेहरूले विवाह गर्ने बेलामा गरिस्, अहिले फिर्ता ल्याउँछस् भनेर कुटपिट गरे। झुक्याएर विवाह गराएकाले म उनीसँग बस्न चाहन्न। त्यसैले भागी-भागी हिँड्नुपरेको छ। उनका गाउँले जसले भेटे पनि मलाई मार्ने धम्की दिन्छन्। ममाथि भएको यो अन्याय सुनुवाइ गर्ने कुनै पनि निकाय भेटिनँ, म कहाँ जाऊँ ? यो कथा २६ वर्षीय बलराम शर्माको हो।

(यस्तै कथाले सिर्जना गरेको सामाजिक विभेदका सम्बन्धमा तयार गरिएको आलेख पृष्ठ २४मा)



साप्ताहिक झल्को
मध्यपृष्ठमा
## अस्मिन






## • क्यासेट •

### अंजुली




गीतकार कोविदशरण उपाध्यायका गीतहरूको भिसिडी-संग्रह 'अंजुली' बजारमा आएको छ। बाराही क्यासेट सेन्टरको यो संग्रहमा १३ वटा गीतका म्युजिक भिडियो छन्। संग्रहमा मनोहर राना, कर्णदास, जीवन सुनार, सुन्दर थापा, यम बराल, श्रीमान थुलुङ, रामकृष्ण ढकाल, देविका बन्दना, कुन्ति मोत्तान, विरही कार्की तथा सपनाश्रीले गाएका गीतका भिडियो हेर्न सकिन्छ।

### तातो हावा चल्छ सरररर

असीम महतको भिसिडी संग्रह 'तातो हावा चल्छ सरररर...' बजारमा आएको छ। संग्रहमा तातो हावा चल्छ सरररर...तथा ए साइँली आऊ न पिरती भाकाका दोहोरी गीतका म्युजिक भिडियो छन्। यो संग्रहका गीतमा विमलराज क्षेत्री, राजु परियार, खुमन अधिकारी, असीम महत, देवी घर्ती, लक्ष्मी परियार आदिले स्वर दिएका छन्।

## • रंगमञ्च •

### कालापत्थर

पर्वत सदरमुकामस्थित धनेश्वर चोकमा गएको बुधवार निकै भीडभाड थियो। भीडबाट घरी रोएको आवाज आउँथ्यो, तर घरी चिच्याएको र हाँसेको। नजिक घर र पसल भएकाहरू खुट्टामा चप्पल नलगाई अन्धाधुन्ध सडकतिर दौडन व्यस्त देखिन्थे। धेरैले दुर्घटना भएर मान्छे मरेको अनुमान गर्दै उद्धार गर्नुपर्छ भन्दै त्यसतर्फ लम्किए, तर त्यहाँ न त दुर्घटना नै भएको थियो, न त अन्य कुनै घटना।

सिड र परिवर्तनका लागि युवा सञ्जालले संयुक्त रूपमा प्रदर्शन गरिएको एउटा नाटकको आवाज र दृश्य थियो त्यो। 'कालापत्थर' शीर्षकमा प्रदर्शित नाटकमा जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समेटिएको छ। केही समययता नेपालमा जलवायु परिवर्तनले विभिन्न क्षेत्रमा असर पुर्‍याएपछि उक्त नाटक प्रदर्शनमा ल्याइएको हो। जलवायु परिवर्तनकै कारण सात ६ महिनादेखि पानी नपरेपछि अस्तव्यस्त बनेको कुस्माको जनजीवनलाई समेत नाटकमा प्रस्तुत गरिएको थियो। डम्बर गिरीद्वारा निर्देशित उक्त नाटक ४५ मिनेट लामो छ। नाटकको बीचबीचमा जलवायुसम्बन्धी गीतमा नृत्यसमेत प्रस्तुत गरिएको थियो।

## • ग्यालरी •

### ठकुरीको एकल चित्रकला प्रदर्शनी

चित्रकार श्याम ठकुरीको एकल चित्रकला प्रदर्शनी शनिबार धरानमा प्रारम्भ भएको छ। धरानस्थित अग्रसेन भवनमा जारी प्रदर्शनी आज शुक्रबारसम्म चल्नेछ। माजेस्टी जिम धरान आयोजनामा भएको प्रदर्शनीमा ३९ वटा विभिन्न शीर्षकका चित्र समावेश छन्। ३३ वर्षीय ठकुरीले वैदेशिक रोजगारीमा रहँदा कतार र दुबईमा समेत कला प्रस्तुत गरिसकेका छन्। उनले २०६१ सालमा धरानमै पहिलो एकल चित्रकला प्रदर्शनी गरेका थिए। आफूलाई तैलिय अर्थात् अर्धमूर्त चित्रकारको रूपमा चिनाउन रुचाउने ठकुरीको एकल प्रदर्शनीमा राखिएका चित्रको मूल्य २ हजारदेखि ४० हजार रुपैयाँसम्म छ। उनले म्युरल आर्टसको पनि प्रदर्शनी गरेका छन्। कार्यक्रममा म्युरल आर्टसका सम्बन्धमा जानकारी दिँदै ठकुरीले भने- 'यो एउटा रङ्ग कला हो, जसले घरलाई प्राकृतिक दृश्यमा रूपान्तरण गर्छ।' प्रदर्शनीमा तैलिय, फेब्रिक कलर तथा मिक्सड मेडिया प्रयोग गरिएको छ।

### सोजर्न इन बंगलादेश

कलाकार जुपिटर प्रधानले आफ्नो बंगलादेश बसाइका क्रममा तयार गरेका चित्रहरूको प्रदर्शनी 'सोजर्न इन बंगलादेश' को प्रदर्शनी आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ। बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा सञ्चालन हुने यो प्रदर्शनी वैशाख २९ गतेसम्म जारी रहनेछ।

### ललितकला प्रतिष्ठानमा मानन्धर

कलाकार किरण मानन्धरलाई नेपाल ललितकला प्रतिष्ठानको कुलपतिमा नियुक्त गरिएको छ। यसै साता उनले पद तथा गोपनीयताको शपथ लिएका छन्। उक्त समारोहमा कुलपति मानन्धरले प्रतिष्ठानका उपकुलपति तथा सदस्यहरूलाई पनि शपथ गराएका थिए। प्रतिष्ठानका उपकुलपतिमा ठाकुरप्रसाद मैनाली, सदस्य-सचिवमा के.के. कर्माचार्य तथा सदस्यहरूमा कर्ण मास्के, रविनकुमार कोइराला, ओम खत्री, शारदा चित्रकार, शान्तकुमार राई तथा रागिनी उपाध्याय छन्। शपथग्रहण समारोहमा सदस्य रागिनी भने अनुपस्थित थिइन्।

### चित्रकला प्रदर्शनीमा सम्मान

राजधानीको क्षेत्रपाटीस्थित लाइट एन्ड सेड आर्ट ग्यालरीमा प्रारम्भ भएको प्रदर्शनीमा आगमन क्रिएसन्सका चार महिला कलाकार जुनु श्रेष्ठ माली, मेरिना चित्रकार, रिमा श्रेष्ठ तथा रेश्मा बज्राचार्यका चित्रकला प्रदर्शनी प्रारम्भ भएको छ। उक्त अवसरमा तीन जना चित्रकार गेहेन्द्रमान अमात्य, शारदा चित्रकार तथा अमिरमान चित्रकार सम्मानित भएका थिए।

### भक्तपुरमा चित्रकला प्रदर्शनी

भक्तपुरको गोलमढीस्थित झौबाराहीमा भक्तपुरका कलाकारका चित्रकलाहरूको प्रदर्शनी सम्पन्न भएको छ। प्रदर्शनीमा कलाकारहरू बालकृष्ण वनमाला, सुदीप बल, लक्ष्मण कर्माचार्य, नारायण बोहजू, रविन याकामी, रविता किसी, सत्यशिला कसजू तथा सुदीप बल्ल सहभागी थिए।

## • लाइभ •

### अन्नपूर्ण एवार्ड वितरण समारोह

भोलि शनिबार पोखरा सभागृहमा प्रसारण हुने रेडियो अन्नपूर्णको आयोजनामा चौथो अन्नपूर्ण म्युजिक एवार्ड २०६६ वितरण गरिँदैछ। दिउँसो २ बजे प्रारम्भ हुने यो कार्यक्रममा २३ विधाका सर्वोत्कृष्ट संगीतकर्मीहरूलाई एवार्ड वितरण गरिँदैछ। कार्यक्रममा अलिमियाँ लोकताराको विजेताको समेत घोषणा गरिनेछ।

### राई देश दर्शनमा

गायक राजेशपायल राई दर्शन नमस्ते टुरका साथमा देश दर्शनमा निस्किएका छन्, जसअनुसार आज मोरङको लेटाङमा हुने लाइभ कन्सर्टमा उनले आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गर्नेछन्। यसैगरी आगामी १४ गते मंगलबार पोखरा, वैशाख १७ गते ताप्लेजुङको फुङलिङ, वैशाख २० गते इलाम बजार तथा जेठ १५ गते सोलुखुम्बु नाम्चेबजारमा उनले आफ्नो सांगीतिक प्रस्तुति दिनेछन्।

## • पुस्तक •

### अन्तरिक्ष युद्ध

कवि अशोकनाथ तिवारी आफ्ना १५ वटा छन्दबद्ध कविताको संग्रह अन्तरिक्ष युद्धका साथ पाठकहरूमाझ आएका छन्। वातावरणीय विनाश, प्रविधिको दुरुपयोग एवं मानिसको महत्त्वाकांक्षा प्रस्तुत कविताका विषयवस्तु बनेका छन्। लेखक स्वयंले प्रकाशित गरेको यो कृतिको मूल्य १ सय १ रुपैयाँ छ।

### आमाका अविस्मरणीय अतीतहरू र म

सन्ध्या रेग्मी शिवाकोटीले आफ्नी आमालाई स्मरण गर्दै आमासाग बिताएका क्षणहरूलाई पुस्तकाकार रूपमा 'आमाका अविस्मरणीय अतीतहरू र म' पुस्तक सार्वजनिक गरेकी छिन्। ५ सय रुपैयाको यो पुस्तक १५ वटा शीर्षक र ४ वटा अनुसूचीमा विस्तारित छ।

### झस्किएको सिन्दूर

कवि रामबाबु सुवेदी आफ्नो नयाा कवितासंग्रह 'झस्किएको सिन्दूर' लिएर पाठकसमक्ष आएका छन्। नेपाली साहित्यबाट हराउादै गएको पद्यकविताको यो संग्रहमा ६२ वटा कविता समेटिएका छन्। ०४४ सालदेखि ०६६ सालका अवधिमा रचना गरिएका ती कविताहरू पठनीय छन्। एकता बुक्सले प्रकाशित गरेको यो पुस्तक २ सय पृष्ठको छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

वैशाख १० गते : पुस्तक दिवस, ११ गते : एकादशी, लोकतन्त्र दिवस, १२ गते : विश्व औलो दिवस,
१३ गते : बौद्धिक सम्पत्ति दिवस, प्रतिलिपि अधिकार दिवस,
१५ गते : पूर्णिमा, अन्तर्राष्ट्रिय कामदार स्मृति दिवस, १६ गते : विश्व नृत्य दिवस।

### मेष

सोच्ने शक्ति एवं पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। धन आर्जन पनि हुनसक्छ।भेटघाटमा मन रमाउनेछ। घरजग्गा जोड्ने तयारीमा भए वातावरण अनुकूल छ। वैवाहिक कुरा अघि बढ्नेछ। रोग एवं शत्रु बढ्ने हुँदा खानपानमा विचार पुर्‍याउनुहोला।

### मिथुन

अधुरा काम पूरा हुनेछन्। धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ। आफन्तहरूबाट सहयोग मिल्नेछ भने सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता हात पर्नेछ। महत्त्वपूर्ण भेटघाटको अवसर जुट्नेछ। भाग्यले साथ दिनेछ। मान-सम्मान पाइने योग छ। अरूलाई विश्वास दिलाउन सकिनेछ।

### सिंह

मान-सम्मान पाइनेछ। सहयोगको वातावरण बन्नेछ। भेटघाटमा मन रमाउनेछ। अरूको मन जित्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। नयाँ मित्रको आगमनले मनोबल बढ्नेछ। अध्ययनमा सफलता पाउनुहोला।

### तुला

मान-सम्मान पाइनेछ भने सोच्ने शक्ति प्रवल हुनेछ। अरूको विश्वास जित्न सकिनेछ। यात्रा रमाइलो हुनेछ। भेटघाटमा मन रमाउनेछ। पहिलो भेटमै प्रभावित भै सहयोगको तत्परता देखाउनेहरू प्रशस्तै हुनेछन्। सोमबार र मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

### धनु

नैराश्यता एवं उदासीनता बढ्नेछ। स्वास्थ्य गडबड हुनसक्छ। मन चञ्चल हुनेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कनेछ। धनमाल हराउन सक्छ। शनिबारदेखि भाग्यले साथ दिन थाल्नेछ। मान-सम्मान पाइने योग छ। यात्रा रमाइलो हुनेछ। पहिलो भेटमै अरूको मन जित्न सकिनेछ।

### कुम्भ

महत्त्वपूर्ण कामहरू पूरा हुनेछन्। भेटघाटमा मन रमाउनेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग जुट्नेछ। घरेलु काममा रुचि बढ्नेछ। धन आर्जन पनि हुनसक्छ। सोमबार र मंगलबार स्वास्थ्य गडबड हुने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### वृष

मन प्रसन्न रहनेछ। भेटघाटले अघि बढ्न प्रेरणा दिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। सबैले तपाईंको लगनशीलता एवं इमान्दारिताको प्रशंसा गर्नेछन्। घरेलु काममा रुचि बढ्नेछ। यात्रा गर्ने अवसर प्राप्त होला। रोग एवं शत्रु बढ्ने भएकाले खाँदा तथा बोल्दा विचार पुर्‍याउनुपर्ला।

### कर्कट

बोलीको प्रभाव बढ्नेछ। स्वास्थ्यको ख्याल गर्नुहोला। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले ठूलो काममा सफलता मिल्नेछ। अरूको विश्वास जित्न सकिनेछ। नयाा मित्रको आगमनले मन प्रसन्न हुनेछ। परिवारजनको सहयोग प्राप्त हुनेछ। धन आर्जन हुनसक्छ भने अध्ययनमा सफलता मिल्नेछ। लेनदेनमा अघि नबढ्नुहोला।

### कन्या

साताको सुरुमा ग्रह अनुकूल रहे पनि शनिबारदेखि खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ। स्वास्थ्य पनि गडबड रहन सक्छ। लेनदेनमा विवादको सामना गर्नुपर्ला। सोमबारदेखि मान-सम्मान मिल्नुका साथै भोजभतेर एवं सभा-सम्मेलनमा सहभागी हुने अवसर जुट्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ।

### वृश्चिक

भाग्यले साथ दिनेछ। काममा सजिलै सफलता मिल्नेछ। मान-सम्मान पनि पाउनुहोला। यात्रा गर्ने अवसर जुट्नेछ। भेटघाटमा मन रमाउनेछ। अरूको विश्वास जित्न सकिनेछ। प्रशंसा गर्नेहरू धेरै हुनेछन्। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। बुधबार र बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ।

### मकर

भेटघाटमा मन रमाउने योग भए पनि शनिबार र आइतबार परिस्थिति प्रतिकूल हुनसक्छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले अधिकार जमाउन सक्छन्। लेनदेनमा विवाद देखा पर्नसक्छ। सोमबारदेखि भाग्यले साथ दिन थाल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ।

### मीन

स-साना काममा पनि बढी प्रयास गर्नुपर्ला। अध्ययनमा सुधार आउने तथा काममा सफलता मिल्ने योग छ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम हात पर्ने देखिन्छ। आफन्तहरूको सहयोग पनि पाउनुहोला। शनिबारदेखि स्वास्थ्य गडबड हुने तथा शत्रु बाधा एवं काममा अवरोध आउने योग छ।

रेगुलर प्राईभेट Test/SLC

६ महिनामै +2, SLC, ११ को परीक्षा नदिई सोझै १२ को परीक्षा दिए पुग्ने।
(NIOS SLC को लागि Science, Maths, Test नदिई ५ विषय मात्र पास गरे पुग्ने
(जिल्ला स्तरीय परीक्षा कक्षा ८ को मार्कसिट नभए पनि SLC दिन पाउने।)

कक्षा १० मा भर्ना खुल्यो
जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त

कक्षा ९, १० तथा टेष्ट फेल भएर निराश भएका, विविध समस्याले विद्यालय जान छोडेका, जागिर गर्दै पढ्न चाहने पुरुष तथा गृहिणी महिलाहरुका लागि अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर।

चावहिल, गणेशस्थान — नवबुद्ध ओ. स्कूल 4475300 016212357
नयाँ बानेश्वर — जेम्स ओ. स्कूल 016223251 9841-203836
लाजिम्पाट — कोसेट ओ. स्कूल 2160736 9841-264514
कोटेश्वर — कामना स्कूल 4600335 9841-268409

## नयाँवर्ष नयाँ संकल्प



### डा. बाबुराम भट्टराई

**(उपाध्यक्ष, एनेकपा माओवादी)**

१. शान्ति-प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन प्रतिबद्ध रहनेछु।

२. संविधानसभाबाट अग्रगामी संविधान जारी गराउन सक्रिय रहने प्रतिबद्धता जाहेर गर्छु।

३. अहिलेको अवस्था हेर्दा राजनैतिक नेतृत्वको खडेरी देखिन्छ। संकीर्ण गुटगत राजनीतिभन्दा माथि उठेर राजनीति गर्नेहरूको कमी देखिन्छ यहाँ। राष्ट्रिय हितमा समर्पित राजनैतिक नेतृत्व निर्माण गर्ने, सहमतिको राजनीति र त्यस्तो प्रकारको प्रणाली विकास गर्ने कुरामा मेरो प्रतिबद्धता रहनेछ।

४. नेपालको आर्थिक समृद्धिविना गरिबी र बेरोजगारीको दलदलमा न लोकतन्त्र रहन्छ, न त शान्ति स्थापना हुन्छ। हाम्रो अन्तिम लक्ष्य भनेको सामाजिक एवं आर्थिक समृद्धि नै हो। त्यसैले देशलाई छोटो समयमै आर्थिक समुन्नति र समृद्धिमा लान प्रयत्न गर्नेछु।

५. विचार र विज्ञानले संसार बदल्छ। राजनैतिक नेतृत्वहरू भैपरी आएको काममा अल्झने खालका छन्। उनीहरू अध्ययन कम गफ बढी गर्छन्। म मार्क्सवादी विज्ञानका सम्बन्धमा अध्ययन र त्यसको विकास गर्न लेखन कार्यमा लाग्नेछु।

६. नेपाली समाज र इतिहासलाई वस्तुसंगत ढंगले बुझ्न समय खर्चनेछु। दुईवटा पुस्तक प्रकाशनमा ल्याउँदैछु, त्यसका लागि सबै तयारी पूरा गर्छु। नेपालसम्बन्धी बृहत् अध्ययन गर्नेछु।

७. देशलाई बुझ्न स्थलगत भ्रमण गर्नेछु। अहिलेसम्म मैले ७३ वटा जिल्लाको भ्रमण गरिसकें, बैतडी र दार्चुला बाँकी छ। ती जिल्ला पनि भ्रमण गर्नेछु।

८. मुख्य काममा ध्यान केन्द्रित गर्नेछु। समय व्यवस्थित गर्नेछु। जथाभावी ढंगले भेटघाट एवं झीनामसिना, अनावश्यक कार्यक्रममा सहभागिता जनाउनेछैन।

९. राजनीति भ्रष्टाचारले बिग्रिरहेको छ। म आफू सदाचार पालना गर्नेछु र नैतिकवान् बनेर उदाहरण प्रस्तुत गर्नेछु।

१०. असल मानिस बन्नेछु र सार्थक जीवन जिउनेछु। अरूका निम्ति बाँच्नेछु। यी प्रतिबद्धता पालनमा म भरमग्दुर प्रयास गर्नेछु।

### शेरबहादुर देउवा

**पूर्वप्रधानमन्त्री तथा वरिष्ठ नेता, नेपाली कांग्रेस**

१. संविधान निर्माण र शान्ति-प्रक्रिया अहिलेका प्रमुख राष्ट्रिय आवश्यकता हुन्। यो कुनै एकल प्रयासबाट सम्भव हुने कुरा होइन। तैपनि संविधान निर्माण र शान्ति-प्रक्रियाका लागि मैले आफ्ना तर्फबाट गर्नुपर्ने काममा कुनै कसर बाँकी राख्नेछैन।

२. आर्थिक, राजनैतिक एवं भौगोलिक आधारमा संघीय राज्य निर्माण हुनुपर्छ। यसका लागि म सधैं प्रतिबद्ध रहनेछु।

३. अहिले अपराध अनियन्त्रित ढंगले बढ्दै गएको छ। अपराध नियन्त्रण गर्ने विषयमा कानुन पालना गराउने निकाय सशक्त बनाउनुपर्छ। भयमुक्त वातावरणमा निर्धक्कसँग बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्नुपर्छ। यसका लागि मेरो सशक्त प्रयास रहनेछ।

४. नेपाली कांग्रेस अहिले महाधिवेशनको तयारीमा छ। गिरिजाप्रसाद कोइरालाको निधनपछि पार्टीलाई संगठित गर्ने र एकीकृत रूपमा लाने जिम्मेवारी हाम्रो काँधमा आएको छ। सबैसँग मिलेर पार्टीको संगठन विस्तार गर्ने कार्यमा मेरो भूमिका सशक्त रहनेछ।

५. हाम्रो देश विविधतापूर्ण छ। धर्म, भाषा, संस्कृति एवं जातजातिका हिसाबले विविधता छ। त्यसैले सामाजिक सद्भाव बढाउने काममा मेरो प्रयास रहनेछ।

६. गरिबीका रेखामुनि रहेका जनताको स्तर उकास्न उनीहरूका तर्फबाट आवाज उठाउनेछु। सरकारलाई घचघच्याउने कार्यक्रम ल्याउनेछु।

७. बिहानै उठ्ने, समयमै सुत्ने बानीको विकास गर्नेछु। साथै परिवारका लागि पनि समय खर्चनेछु। दर्शनसम्बन्धी पुस्तकहरू पढ्नेछु।

८. आफ्नो गृहजिल्ला मात्र होइन, समग्र देशकै विकासका लागि मेरो प्रयास रहनेछ। यद्यपि विकासका पूर्वाधारले पछाडि परेको तथा दैवी प्रकोपको मार झेलिरहेको सुदूर पश्चिमको विकासमा विशेष पहल गर्नेछु। मुलुकको वास्तविकता बुझ्न स्थलगत भ्रमणमा निस्कनेछु।

९. आन्तरिक प्रजातन्त्रलाई संस्थागत गर्दै नेपाली कांग्रेसलाई संगठनात्मक रूपमा कमजोर हुन नदिई अघि बढाउन मेरो प्रयास जारी रहनेछ। पार्टीको आदर्श सिद्धान्तप्रति युवापुस्तालाई आकर्षित गरिनेछ, प्रोत्साहित गरिनेछ। उनीहरूको सफल नेतृत्व विकासका लागि मेरो प्रयास रहनेछ।


१०. आज संसारभरि नै बहुदलिय प्रजातन्त्र सफल छ। हाम्रो मुलुकका लागि नेपाली कांग्रेस बहुदलिय प्रजातन्त्रमा आस्था राख्ने एकमात्र पार्टी हो। त्यसैले यो पार्टीलाई युवा, विद्यार्थी, महिला, आदिवासी सबैको बनाउन आजको आवश्यकता हो। बहुदलीय प्रजातन्त्र स्थायी राख्न उनीहरूको अधिकार, हक-हितको सुनिश्चितता गरिनेछ।



नयाँवर्षका नयाँ संकल्पहरु : पृष्ठ ६, ७, ८ र १२

### नरहरि आचार्य

**(नेता, नेपाली कांग्रेस)**



१. सबै कामका लागि निर्धारित समयको पालना गर्नेछु।

२. पुग्न बाँकी रहेका तीन जिल्ला मनाङ, डोल्पा र बाजुरासहित कम्तीमा ३५ जिल्लाको थप भ्रमण गर्नेछु।

३. दैनिक व्यायामलाई नियमितता दिनेछु।

४. कुनै एउटा वाद्ययन्त्र बजाउन सिक्नेछु।

५. कम्तीमा १० वटा नयाँ पुस्तक पढ्नेछु।

६. मासिक कार्य योजना बनाएर काम गर्ने प्रयत्न गर्नेछु।

७. दुई जना बालबालिकालाई आफ्नो खर्चमा शिक्षा दिलाउनेछु।

८. हलमा गएर कम्तीमा २ वटा नेपाली चलचित्र हेर्नेछु।

९. कांग्रेस पार्टीलाई १२ औं महाधिवेशनद्वारा नयाँ जीवन दिने क्रममा अग्रसर हुनेछु।

१०. लोकतान्त्रिक संविधान बनाउने काम सम्पन्न गराउन सहयोग पुऱ्याउनेछु।







● सम्पादकीय ●

# संकटमा पृथ्वी

हिजो (बिहीबार) वैशाख ९ गते 'पृथ्वीलाई बचाऊ' नारा दिएर संसारभर पृथ्वी दिवस मनाइएको छ । सिंगो ब्रह्माण्डमा जीवनको अस्तित्व रहेको एकमात्र ग्रह भनिएको पृथ्वी दिनानुदिन संकटमा पर्दै गएको लक्षण हामी स्वयम्ले विगतका वर्षहरूमा अनुभव गर्दै आएका छौं । उदाहरणका लागि यो वर्षको चैत महिनामै राजधानी काठमाडौंको तापक्रम ३३ डिग्री सेल्सियससम्म पुग्यो । काठमाडौंको इतिहासमा सबैभन्दा गरम चैत महिना रेकर्ड भएको यो वर्ष नेपाललगायत संसारभरिकै औसत तापक्रममा २ देखि ४ डिग्री सेल्सियसले बढेको छ । तापक्रमको यो वृद्धिले मात्र पृथ्वीको जल सतहमा वृद्धिभै कतिपय टापु राष्ट्रहरू डुब्न सक्ने खतरामा पुगेका छन् । त्यतिमात्र होइन, यो वर्ष पृथ्वीका विभिन्न भागमा गएका भूकम्पका क्रमबद्ध शृंखलाले पनि पृथ्वीको भूगर्भमा व्यापक हलचल भैरहेको संकेत गरेको छ । गतसाता उत्तरी युरोप आइसल्यान्डमा भएको ज्वालामुखी विस्फोटन विनाशकारी प्रमाणित भएको छ । उक्त ज्वालामुखीका कारण अहिले सम्पूर्ण युरोप ठप्पजस्तै हुन पुगेको छ भने बंगालको खाडीमा उठेको समुद्री चक्रवातका कारण दक्षिण–पूर्वी एसियाली राष्ट्रहरू प्रभावित छन् । यसअघि पनि हाम्रो पृथ्वीमा भूकम्प, ज्वालामुखी विस्फोट, समुद्री चक्रवातजस्ता घटनाहरू नघटेका होइनन्, तर यो वर्ष एकपछि अर्को गर्दै त्यस्ता घटनाहरू श्रृंखलाबद्ध रूपमा देखापर्न थालेपछि केही दशक अघिदेखि पृथ्वीको बढ्दो तापक्रमका कारण पृथ्वीको अस्तित्व संकटमा पर्दै गएको छ भन्ने वैज्ञानिकहरूको चेतावनीले यतिबेला वास्तविकतालाई उजागर गर्न थालेको छ ।

अहिले पृथ्वी संकटमा पर्नुका कारण प्राकृतिक देखिए पनि त्यसका पछाडि वर्षौंदेखि मानिसले गर्दै आएका क्रियाकलापहरू जिम्मेवार छन् । निरन्तर विनाश हुँदै गएको वनजंगल, पृथ्वीको वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी प्रयोग गरिएका साधनहरू, बढ्दो औद्योगिकीकरण र सहरीकरण तथा प्राकृतिक स्रोत र साधनको अधिकतम दोहनले अहिलेको अवस्था सिर्जना भएको हो भन्ने कुरामा कसैको विमति हुन सक्दैन । हाम्रा पूर्वजहरूले हाम्रा लागि संरक्षण गर्दै आएको प्राकृतिक स्रोत र साधनहरूलाई हामीले अहिले जुन गतिमा प्रयोग गरिरहेका छौं त्यसले एकातिर हाम्रा सन्ततिहरूको अधिकारको निरन्तर हनन् गरेको छ भने अर्को तिर पृथ्वीको अस्तित्वलाई नै संकटापन्न अवस्थामा पुऱ्याएको छ । यस्तो अवस्थाका लागि वातावरण विज्ञहरूले धनी औद्योगिक मुलुकहरूको क्रियाकलापलाई बढी जिम्मेवार ठहऱ्याए पनि विनाशको चपेटामा गरिब मुलुकका नागरिकहरूनै बढी परेका छन् । यसो भनेर मात्र पृथ्वीको संरक्षण हुन सक्दैन भन्ने कुरा बुझ्न हामी जति ढिलो गर्छौं पृथ्वी त्यति नै चाँडो विनाशतर्फ धकेलिनेछ ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

● चिठीपत्र ●

## निराश युवाहरू

नेपालका युवाहरूमा वैदेशिक रोजगार एवं उच्च शिक्षा आर्जनका लागि विदेशिने मोह धेरै नै देखिन्छ । एकातर्फ नेपालको राजनैतिक अवस्था नाजुक छ भने अर्कातर्फ विभिन्न राजनैतिक दलले युवाहरूलाई आफूअनुकूल प्रयोग मात्र गरेकाले पनि युवाहरूको निराशा बढेको हो । जहा पनि युवावर्गलाई अगाडि लगाएर आफ्नो अभीष्ट पूरा गर्ने काम मात्र भएको प्रष्ट देख्न सकिन्छ । विशेषगरी राजनैतिक क्षेत्रमा युवाहरू बढी प्रयोग हुने गरेको पाइन्छ । आन्दोलनदेखि, भिडन्त गर्ने र सहिद हुनेसम्मका काममा युवाहरूको योगदान रहेकै कारण राजनैतिक दलहरू अस्तित्वमा रहेको कुरा पनि यथार्थ हो । के युवाहरू आन्दोलन तथा भिडन्तकै लागि मात्र प्रयोग हुने वस्तु हुन् ?

युवाहरूलाई सिर्जनात्मक र राम्रो काममा अभिप्रेरित गर्ने कुनै सोच छैन ? कतिपय युवा आन्दोलन, जुलुस र भिडन्तकै कारण अपाङ्ग भएका छन्, कतिले ज्यानकै आहुती दिएका छन् । युवाहरूको योगदानको मूल्याङ्कन र कदर कति भएको छ ? आखिर युवावर्गमा किन निराशा मात्र छाउँछ ? किन केही गरौं भन्ने युवाहरू विदेश पलायन हुन्छन् ? कुनै पनि राजनैतिक दलले युवालाई प्रयोग गरी सत्तामा पुग्ने अभीष्टमात्र पूरा गर्ने काम बाहेक युवाहरूका लागि के गरियो ? एउटा राजनैतिक दलको एजेन्डा लिएर युवाहरू आफू-आफूमा लडाइँ, झगडा र मारपिटमा व्यस्त देखिन्छन् ।

युवाहरू नेताका गुलिया सपनाको पछाडि लट्ठिएका छन् तर के कसैले युवाहरूका समस्याप्रति ठोस प्रकारको नीति बनाए ? युवाहरूका लागि के कस्ता अवसरको सिर्जना गरे ? जीवनका सुन्दर र सिर्जनशील उमेर आन्दोलन, सभा र जुलुसमा नारा लाउादा लाउादै बित्ने भएपछि ढल्किँदै जाादो उमेरमा के उपलब्धि देख्न सकिन्छ ? यसरी युवाहरू अल्मलिएर जीवनको उर्वर समय, उमेर र प्रतिभा त्यत्तिकै खेर जाने अवस्थाको सिर्जना कहिलेसम्म कायम रहने ? राजनैतिक दलहरूले युवाहरूलाई आन्दोलन, सभा, जुलुसमा क्रियाशील बनाए पनि उनीहरूको भविष्य र जीवनप्रति कमै ख्याल गरेको पाइन्छ । युवाहरू देशका खम्बा हुन् । उनीहरूलाई सही मार्गमा लगाउन सके, उनीहरूमा भएको खुवी, सीप र केही गर्छु भन्ने भावनामा ठेस लाग्न नदिई सदुपयोग गर्न सके देशले उन्नतिको फड्को मार्ने थिएन र ?

**–रेशमकुमार सुनुवार**




## धेरैको रोजाइ साइन्स नै किन ?

एसएलसीपछिको उच्च शिक्षा कहाँ पढ्ने र के पढ्ने भन्ने समस्या एक जनाको मात्र होइन, अधिकांश विद्यार्थीको साझा समस्या हो । समयमै कुन विषय पढ्ने भन्ने कुराको छनौट गर्न नसके भविष्यमा विभिन्न समस्या आउने हुँदा समयमै उपयुक्त विषय छनोट गर्नुपर्छ । एसएलसी परीक्षामा राम्रो अङ्क आए साइन्स पढ्ने र कम अङ्क आए अन्य विषय पढ्ने संस्कार हाम्रो देशमा विद्यमान छ । वर्तमान समयमा अधिकांश विद्यार्थी साइन्सतर्फ आकर्षित भएको पाइन्छ । साइन्सतर्फ विद्यार्थी आकर्षित हुनुका विभिन्न कारण छन् । वर्तमान समय विज्ञान र प्रविधिको युग हो । हरेक काममा विज्ञान र प्रविधिको प्रयोग हुन्छ, जसले गर्दा विश्वमा दक्ष प्राविधिकहरूको आवश्यकता बढ्दै गएको छ । साइन्स पढेमात्र टेक्निकल लाइनतर्फ जान पाइने हुँदा विद्यार्थीको रोजाइमा पनि साइन्स नै पर्ने गएको छ ।

अर्कातर्फ संक्रमणकालीन अवस्थामा रहेको नेपालमा रोजगारीको अभावले धेरै मानिस छट्पटाइरहेका छन् । हाम्रो देशमा दक्ष डाक्टर, इन्जिनियर, पाइलटको अभाव छ । साइन्स पढे मात्र डाक्टर, इन्जिनियर बन्ने अवसर प्राप्त हुने हुँदा बेरोजगारीको चपेटामा नपर्न विद्यार्थीहरू साइन्सतर्फ आकर्षित भएका हुन् । रोजगारी पाइने र युरोपियन देशहरू जान सजिलो हुने हुँदा पनि विज्ञान पढ्नेहरूको संख्या बढेको छ । विज्ञान पढेपछि सबै क्षेत्रतर्फ हात हाल्न सकिने हुँदा पनि विद्यार्थी यसतर्फ लागेका हुन् । वर्तमान समयमा साइन्सको स्कोप बढ्दै छ । भविष्यमा पनि साइन्सको महत्त्व बढ्दै जाने देखिन्छ त्यसैले यसप्रति विद्यार्थी आकर्षित हुनु स्वाभाविक नै हो । डाक्टर, इन्जिनियर बन्न नसके पनि शिक्षक त पक्कै बनिन्छ भन्ने उद्देश्यले पनि विद्यार्थीहरू साइन्स पढ्छन् । अभिभावकको करकापमा र साथीहरूको लहैलहैमा लागेर पढ्नेहरू पनि थुप्रै भेटिन्छन् । एसएलसीमा राम्रो प्रतिशत ल्याउँदैमा साइन्स नै पढनुपर्छ भन्ने मान्यताका कारण थुप्रै विद्यार्थी यही विषय पढ्छन् ।

जुन विषय पढिन्छ त्यही विषयमा राम्रो अङ्क ल्याउन सके सफलताको मार्गमा सहजै अघि बढ्न सकिन्छ । रुचाइएको विषय पढे राम्रो अङ्क ल्याउन सकिन्छ । अरूको देखासिकी र अभिभावकको करकापमा पढनेहरू कहिल्यै सफल हुन सक्दैनन् । साइन्स पढेर करियर बनाउनेहरू थुप्रै छन् र करियर गुमाउनेहरू पनि थुप्रै छन् ।

**–सुदीप लामिछाने**

● तीतो सत्य ●

- फूलमा सुवासको महत्त्व हुन्छ भने मानिसमा मावनताको महत्त्व हुन्छ ।
- गल्ती गरेर माफी माग्नु भन्दा गल्ती नै नगर्नु उत्तम हो ।
- जब तिमी कुनै पदमा आसीन हुन्छौं तब त्यो पदबाट एक दिन च्युत हुनुपर्छ भनेर पनि सम्झनुपर्छ ।

**–अज्ञात**

- कुराको भन्दा बढी कामको ठूलो स्वर हुन्छ ।
- कसैको साथी बनिहाल्नु भन्दा, उसले भनेको विस्तारै मान्दै जानुपर्छ ।
- सबै सत्य भनिरहनु पर्दैन ।
- नराम्रोको संगत गर्नुभन्दा साथी नभएकै ठीक ।
- रिसले आफैंलाई दण्डित गर्छ ।
- प्रश्न नगरे कहिल्यै पनि झूठो उत्तर पाइँदैन ।

**–मिलन श्रेष्ठ**

- काँतर धेरै पटक मर्छ ।
- राम्रो साथले बाटोलाई छोटो बनाउँछ ।
- खतरायुक्त बाँच तर सत्य बाँच ।
- मृत्युको औषधी पाइँदैन ।

**–निर्मल श्रेष्ठ**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*


*–सम्पादक*

## पानीमा सुत्न सक्ने कला

आठ फिट गहिरो स्विमिङ पुलमा उत्तानो परेर सुत्दा जो कोही पनि डुब्छ तर सिर्सिया, बैरियाविर्ताका ५५ वर्षीय ध्रुवबहादुर यादवको हकमा भने यो तथ्य पनि झूठो सावित भएको छ । सेवा निवृत्त शिक्षकका रूपमा पेन्सन खाइरहेका यादवले शनिबार वीरगन्जको भिष्वा होटलको स्विमिङ पुलमा उक्त आश्चर्यलाई प्रमाणित गरेर देखाएका थिए । हातखुट्टामा डोरीले बाँधेर उनले उक्त स्विमिङ पुलमा आधा घन्टा यस्तो आश्चर्यजनक काम गरेर देखाए । 'नन सिङ्किग' नामको आफ्नो विलक्षण कला प्रदर्शन गर्न उनले सञ्चारकर्मीहरूलाई निम्त्याएका थिए । गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाउन पहल गर्ने यादवआफ्नो यो कलालाई पानी प्रतिको समर्पण भन्न रुचाउँछन् । ओशोका ध्यान र दर्शनसम्बन्धी थुप्रै पुस्तक अध्ययन पछि आफूले यस्तो प्रयोग गर्ने अठोट गरेर डेढ दशकअघि घर नजिकको तिलावे खोलामा अभ्यास गरेको यादवले बताए । 'सुरुमा पानीमा मुर्दाजस्तो सुत्न सक्छु जस्तो लागेको थिएन, तर चार दिनको अभ्यासबाट त्यो सम्भव भयो, पछि धनुराशन गर्दा पनि घन्टौं नडुब्ने भए पछि विस्तारै आफ्नो कला अरूलाई देखाउन थाले,' यादवले बताए ।

**–शंकर आचार्य**

● सहर चर्चा ●





● मोडल वाच ●

## काजलको व्यस्तता

तनहुँकी कागज गुरुङ अहिले व्यस्त छिन् । आधुनिक, लोक तथा दोहोरी गीतका म्युजिक भिडियोमा मोडलिङ गर्दागर्दै उनको व्यस्तता बढेको हो । सफल कलाकार बन्ने उद्देश्य लिएर राजधानी आएकी काजलले मोडलिङ तथा अभिनयमा करियर बनाउने लक्ष्य लिएकी छिन् । प्रितम गुरुङद्वारा निर्देशित गुरुङ चलचित्र 'डिट्ठा' मा नायिकाको भूमिका निर्वाह गरिसकेकी काजललाई सम्झी-सम्झी यो मन रोएको छ...गीतको म्युजिक भिडियोले परिचित गराएको छ । एक दर्जनभन्दा बढी गीतमा मोडलिङ गरिसकेकी काजललाई नृत्य तथा गायनमा पनि उत्तिकै रुचि छ । एउटा संगीत प्रशिक्षण केन्द्रमा गायनको प्रशिक्षण लिइरहेकी काजल ५ फिट २ इन्च अग्ली छिन् । नयाँबजारमा अस्थायी बसोबास गरिरहेकी काजल भन्छिन्– 'आफूले गाएका गीतमा आफैंले मोडलिङ गर्ने ठूलो धोको चाँडै नै पूरा हुँदैछ ।' काजलका आकर्षक तस्बिरहरू इ-कलेजमोडल डटकममा हेर्न सकिन्छ ।

● मुखाले ●

संविधानसभाको समयावधि थप गर्न राष्ट्रिय सहमति लेऊ ।

**राष्ट्रपति डा.रामवरण यादव**

निर्धारित समयमै नयाँ संविधान असम्भव छ ।

**प्रधानमन्त्री, माधवकुमार नेपाल**

दलहरूले 'गिभ एन्ड टेक' नगरे संविधान बन्दैन ।

**सभामुख सुभास नेम्वाङ**

यो सरकार विघटन हुनैपर्छ ।

**पुष्पकमल दाहाल**

माओवादीले विश्वासको वातावरण बनाओस्, म आफैं प्रधानमन्त्रीलाई राजीनामा गर्नुहोस् भन्न जानेछु ।

**शेरबहादुर देउवा**

माओवादी संविधान होइन, केवल सरकार चाहन्छ ।

**रामचन्द्र पौडेल**

हलो अड्काएर गोरु चुट्ने नीति त्यागेर माओवादी जिम्मेवार हुनुपर्छ ।

**झलनाथ खनाल**

तपाईं (पुष्पकमल दाहाल) ले पासपोर्टको विषयमा समेत भारत विरोधी भावना फैलाउनुभयो ।

**राकेश सुद, भारतीय राजदूत**

प्रचण्डले कांग्रेस र एमालेका नेतालाई उचालेका छन् ।

**सुशील कोइराला**

संविधानसभा संसदको छायामा परेको छ ।

**दमननाथ ढुंगाना**

सडकबाट जनसंविधान जारी गर्छौं ।

**सीपी गजुरेल**



वर्ल्ड टपर सुमन भण्डारी : **क्याम्ब्रिज इन्टरनेसनल एक्जामिनेसन बोर्ड (सीआईई) साउथ एसिया रिजनल म्यानेजर ईएन चेम्बरका साथमा प्रमाणपत्र लिँदै ।**

> वर्ल्ड टप गर्ने सुमन भण्डारी, नेपाल टप गर्ने किरण श्रेष्ठ एवं विभिन्न क्षेत्रमा अब्बल प्रतिभा प्रदर्शन गर्दै आएका अन्य विद्यार्थीहरूको उदाहरणले देखाउँछ, जेभियर वास्तवमै इन्टरनेसनल मापदण्डको कलेज हो
>
> ०००
>
> जेभियर इन्टरनेसनलबाट ए लेभल अध्ययन पूरा गरी छात्रवृत्ति पाएर विश्वका विभिन्न देशका उत्कृष्ट विश्वविद्यालयमा अध्ययन गरिरहेका सयौं विद्यार्थी यस कलेजको गौरवका आधार हुन्।

# ए लेभलमा विश्व सर्वोत्कृष्ट
# जेभियर इन्टरनेसनल

'ए लेभलमा अध्ययन गर्ने त्यो निर्णय वास्तवमै सही रहेछ' पाँच तारे होटल याक एन्ड यतीमा विश्वकै सर्वोत्कृष्ट भएर पुरस्कार ग्रहण गरेपछि उनले विगत सम्झिए। 'एसएलसीको परीक्षा सकिएपछि एक किसिमको अन्योलकै बीचमा ए लेभलको यात्रा तय गरेको थिएँ।' सन् २०१० मा गणितमा विश्वकै उत्कृष्ट बन्न सफल जेभियर इन्टरनेसनलका सुमन भण्डारीले भनें- 'जेभियर इन्टरनेसनलको उत्कृष्ट शिक्षण शैलीले मलाई सफल बनाउन सहयोगीको भूमिका खेल्यो।'

पुरस्कार प्राप्त गर्दा उनीले रोमान्चक अनुभव गरिरहेका थिए। गणितीय ज्ञानमा विश्वकै अब्बल विद्यार्थी भन्दै थिए, 'खुसी छु, यो खुसी कसरी व्यक्त गरौं जस्तो भैरहेको छ।' जेभियर इन्टरनेसनल कालोपुलको ए लेभलको उत्कृष्ट फ्याकल्टी एवं पारिवारिक शैक्षिक वातावरण नै आफू सर्वोत्कृष्ट हुनुको कारण भएको सुमनले बताए। ए लेभलको अध्ययनमा राम्रो सफलता पाएपछि दंगिएका उनी राम्रो वैदेशिक छात्रवृत्ति पाउनेमा ढुक्क छन्।

जेभियर इन्टरनेसनल कलेजको 'ए लेभल' लाई लामो समयको अनुभवबाट खारिएका शिक्षकहरूको टिमले हाँकिरहेको छ। बूढानीलकण्ठ उच्च माध्यमिक विद्यालयमा २० वर्ष लामो अनुभव हासिल गरेका कलेजका भाइस प्रिन्सिपल तथा क्याम्ब्रिज इन्टरनेसनल एक्जामिनेसन बोर्डका एडमिनेष्ट्रेटिभ विश्वनाथ प्रजापतीले टिमको नेतृत्व गरेका छन्। प्रजापती र उनको समूहले ए लेभल अध्ययन गरेर सुखद क्यारियर निर्माण गर्ने अभिलाषा राखेका विद्यार्थी भाइबहिनीलाई सार्थक लक्ष्यमा पुग्न सहयोग पुऱ्याएका छन्। एक दशक लामो शैक्षिक यात्रामा ए लेभल अध्यापन गराउने उत्कृष्ट कलेजका रूपमा जेभियर इन्टरनेसनललाई परिचय दिलाउन पनि यो शैक्षिक टिमले अथक मेहनत गरेको छ।

त्रिभुवन विश्वविद्यालय पूर्वउपकुलपति तथा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष डा. कमलकृष्ण जोशीको नेतृत्वमा योग्य व्यवस्थापन समूहले कलेजलाई निरन्तर सफलताको यात्रातर्फ डोऱ्याउन क्रियाशिल छ। उच्च माध्यमिक शिक्षा परिषद्ले प्रकाशित गर्ने नतिजाअनुसार यो कलेजले प्रत्येक वर्ष ९० प्रतिशतभन्दा बढी विद्यार्थीलाई प्लस टु उत्तीर्ण गराउँदै आएको छ। सभ्य शैक्षिक वातावरण, अनुशासित अध्ययन-अध्यापनका साथै ड्रेस कोडसमेतको व्यवस्थाका कारण पनि कलेज तथा विद्यार्थीले राष्ट्रियस्तरमा मात्र होइन्, अन्तर्राष्ट्रिय स्तरमै उत्कृष्ट नतिजा हासिल गर्न सम्भव भएको हो।

निश्चित विद्यार्थी मात्र भर्ना गर्ने जेभियर इन्टरनेसनलले विद्यार्थीमा भएको प्रतिभा र क्षमतालाई प्रस्फुटन गराउने वातावरण निर्माण गरिदिएको छ। सन् २००७ मा कलेजकै किरण श्रेष्ठले एकाउन्टिङ विषयमा नेपाल टप गरेका थिए। जेभियर इन्टरनेसनलका विद्यार्थी नियमित अध्ययन-अध्यापनका अतिरिक्त अन्य क्रियाकलापमा पनि उत्तिकै अब्बल



छन्। गतवर्ष क्याम्ब्रिज विश्वविद्यालयको १ सय ५० औं वार्षिकोत्सवको अवसरमा ए लेभल अध्ययन गर्ने विद्यार्थीहरूले भाग लिएको 'एस्स' प्रतियोगितामा संसारभरका प्रतिस्पर्धीलाई उछिन्दै जेभियर इन्टरनेसनलका सविन ज्ञवाली सर्वोत्कृष्ट भएका थिए। जेभियर इन्टरनेसनलमै ए टु मा अध्ययनरत विद्यार्थी कुसुम श्रेष्ठले नेपाली विद्यार्थीको प्रतिनिधित्व गर्दै अगष्ट २००९ मा जापानको टोकियोमा आयोजित एसियन साइन्स क्याम्पमा सहभागिता जनाएकी थिइन्। ए लेभलमै अध्ययनरत कलेजकी छात्रा शिवानी कार्की राष्ट्रियस्तरकै बास्केटबल खेलाडी हुन्, उनले राष्ट्रको प्रतिनिधित्व गरेर अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा समेत सहभागिता जनाइसकेकी छन्। कलेजबाट ए ग्रेड ल्याएर उत्तीर्ण हुने विद्यार्थीको संख्या पनि प्रशस्त छ। वर्ष २०१० मा क्याम्ब्रिज बोर्ड परीक्षामा जेभियर इन्टरनेसनल कलेजका काजल राई, करुण बस्याल, प्रदिप्ना नेपाल, पविता डोटेल, रिस्ता पराजुली, यसोदा पाठक, सजन ताम्राकार लगायतले विभिन्न विषयमा ए ग्रेड हासिल गरेका छन्।

सक्षम विद्यार्थी उत्पादन गर्न सक्नुनै कलेजको आन्तरिक क्षमता हो। त्यसकारण कलेजले प्रत्येक विद्यार्थीलाई सक्षम बनाउन प्रयासरत रहँदै आएको छ। यहाँ अध्ययन गरेर गएका विद्यार्थी नै कलेजका वास्तविक प्रचारक हुन्। जेभियर इन्टरनेसनल कलेजमा अध्ययन गरेका विद्यार्थी सफल भएकैले छोटो समयमै जेभियर इन्टरनेसनल कलेज उत्कृष्ट विद्यार्थीको रोजाइ बन्न सफल भएको हो।

बेलायतस्थित क्याम्ब्रिज विश्वविद्यालयअन्तर्गत क्याम्ब्रिज इन्टरनेसनल एक्जामिनेसन बोर्ड ( सीआईई) ले लिने ए लेभल परीक्षामा सन् २००९ मा जेभियर इन्टरनेसनलबाट परीक्षा दिएका १ सय २० विद्यार्थीमध्ये ९७ प्रतिशत उत्तीर्ण भएका थिए, जसमध्ये ७१ प्रतिशतले A-B ग्रेड र ९० प्रतिशतले A-C ग्रेड प्राप्त गरेका थिए। नेपाल टपर किरण श्रेष्ठ भन्छन्, 'नियमित अध्यापन तथा सिर्जनशीलतालाई उजागर गर्ने प्रभावकारी शिक्षण सिकाइ विधि भएकाले राम्रा विद्यार्थीका निम्ति जेभियर इन्टरनेसनल सही छनोट हो।' एसएलसीमा ९० प्रतिशतभन्दा बढी अंक ल्याएका विद्यार्थीहरू कन्चन लुइँटेल, रिश्ता पराजुली, युगेश भट्टराई, सुजित काफ्ले, अनुराधा श्रेष्ठ जेभियर इन्टरनेसनलको ए लेभलमा अध्ययनरत हुनुले पनि राम्रा विद्यार्थीको आकर्षण यस कलेजप्रति छ भन्ने पुष्टि गर्छ।

शैक्षिक रूपमा राम्रा एवं सिर्जनीशल विद्यार्थीको हकमा अन्तर्राष्ट्रिय स्तरको ए लेभल शिक्षा स्वदेशमै उपलब्ध हुनु सकारात्मक पक्ष हो। बेलायतको क्याम्ब्रिज विश्वविद्यालयअन्तर्गत क्याम्ब्रिज इन्टरनेसनल एक्जामिनेसन बोर्ड (सीआईई) द्वारा सञ्चालित जनरल सर्टिफिकेट अफ एजुकेसन (जीसीई) अर्थात् ए लेभल पाठ्यक्रममा जेभियर इन्टरनेसनलले सन् २००० देखि अध्यापन गराउँदै आएको छ। ए लेभलको अध्यापनले जेभियरलाई अन्तर्राष्ट्रिय स्तरको कलेजका रूपमा उभ्याएको छ। उच्च शिक्षा हासिल गर्न विदेशिरहेका विद्यार्थीहरूलाई लक्षित गरेर नै जेभियर इन्टरनेसनलले ए लेभल सञ्चालनको आवश्यकता महसुस गरेको थियो।



जापानको टोकियोमा कुसुम : **एसियन साइन्स क्याम्पमा सहभागी ए लेभल अध्ययनरत कुसुम श्रेष्ठ, दायाँबाट दोस्रो ।**

जेभियर इन्टरनेसनलबाट ए लेभल अध्ययन पूरा गरी छात्रवृत्ति पाएर विश्वका विभिन्न देशका उत्कृष्ट विश्वविद्यालयमा अध्ययन गरिरहेका सयौं विद्यार्थी यस कलेजको गौरवका आधार हुन्। विद्यार्थीको अन्तरनिहित क्षमता प्रस्फुटन गराई उनीहरूलाई प्रतिभाशाली बनाउनु जेभियरको लक्ष्य हो। त्यसो भएमा मात्र विश्वव्यापीकरणको आजको युगमा जुनसुकै ठाउँ र क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति तयार हुन्छ भन्नेमा जेभियरको विश्वास छ। त्यसैले यो संस्थाले वरदानका रूपमा बौद्धिक क्षमता लिएर आएका विद्यार्थीलाई मात्रै होइन, विविध कारणले प्रकट हुन नसकेका प्रतिभालाई पनि फुल्ने अवसर प्रदान गर्छ। उच्च शैक्षिक वातावरणका लागि कलेजको आन्तरिक तथा बाह्य क्षमता बलियो हुनुपर्छ भन्ने कलेजको ठम्याइ छ।

कालोपुलमा अवस्थित यो कलेजले मन्टेश्वरी प्रणालीको पूर्वप्राथमिक विद्यालयदेखि विद्यालय, प्लस टु, ए-लेभल र विभिन्न संकायमा स्नातक तहसम्म अध्ययन-अध्यापन गराउँदै आएको छ। यो कलेजको अबको लक्ष्य आफैंमा विश्वविद्यालयमा रूपान्तरित हुनु हो।

**जेभियर इन्टरनेसनल कलेजबाट ए लेभल अध्ययन पूरा गरी वैदेशिक छात्रवृत्ति हासिल गर्ने केही विद्यार्थीहरूको नाम तल राखिएको छ। आशिंक छात्रवृत्ति पाएर विदेश जाने विद्यार्थीहरूको संख्या सयौंमा भएकाले यहाँ उल्लेख गर्न सम्भव छैन् ।**

**छात्रवृत्ति पाएर अमेरिका जानेहरू दुष्यन्त आचार्य, आस्था तिमल्सिना, विकास महर्जन, पारस उप्रेती, शशिकुमार शर्मा, खुम्बु छन्त्याल, एलिसा मिश्र, रोशन पाण्डे, कुशल भट्टराई, रिजन पोखरेल, क्षितिज श्रेष्ठ, पंकज कार्की, सुमन पोखरेल, रविन पोखरेल, सुविन होना, शिशिर घिमिरे, अनुप सापकोटा, रोशन श्रेष्ठ, अन्जु मानन्धर, अनिता भगत छन् भने छात्रवृत्तिमै सुप्रिया गुरुङ हङकङमा अध्ययनरत छिन । त्यस्तै रन्जन श्रेष्ठ जर्मनी र प्रदीपकुमार सिंह बेलायतमा छात्रवृत्ति पाएर उच्च शिक्षा हासिल गरिरहेका छन्।** **ADVT.**



## सुरेन्द्रवीर मालाकार

**अध्यक्ष, नेपाल चेम्बर्स अफ कमर्स**

१. राजनैतिक अस्थिरता हटाएर स्थिरता कायम राख्ने कार्यमा आफ्नो क्षेत्रबाट निरन्तर सहयोग गर्छु ।

२. निजी क्षेत्रलाई स्थिर बनाउन आफू सधैं क्रियाशील हुन्छु ।

३. बन्द, हडताल, चक्काजामजस्ता कार्यलाई निरुत्साहित गर्दै सधैंको लागि यो परम्परा हटाउन प्रयास गर्छु ।

४. मजदुर, श्रमिकबीचको अन्तर सम्बन्ध प्रगाढ बनाएर औद्योगिक वातावरण तयार गर्छु ।

५. ऊर्जा संकट कम गर्न आफ्नो तर्फबाट प्रभावकारी भूमिका खेल्छु ।

६. व्यावसायिक वातावरणमा शुद्धता कायम गराउँछु ।

७. राजनैतिक रूपमा बढ्दै गएको भ्रष्टाचारलाई निरुत्साहित गर्न सदैव सक्रिय रहन्छु ।

८. युवा उद्यमशीलाको विकास गरी देशको आर्थिक संरचना बनाउन सहयोग गर्छु ।

९. ओरालो लागेको अर्थतन्त्रलाई सही गतिमा ल्याउनका लागि सम्बन्धित पक्षसँग पहल जारी राख्छु ।

१०. गएको वर्ष औद्योगिक क्षेत्रका लागि निराशजनक रह्यो । यो वर्षचाहिँ त्यस्तो हुन नदिन औद्योगिक आर्थिक क्रान्तिलाई सशक्त ढंगले अघि बढाउँछु ।



## दीपकराज गिरी

**(कलाकार)**

१. सार्वजनिक स्थलमा धूम्रपान गर्दिनँ ।

२. मठ-मन्दिरमा जाँदा धूप, सलाई आदिका खोल जथाभावी फ्याँक्दिनँ ।

३. अपाङ्ग/अशक्तहरूलाई सहयोग गर्छु ।

४. क्षयरोगको सद्भावना राजदूत भएकाले क्षयरोगीहरूलाई माया गर्छु र अरूहरूलाई पनि माया गर्न आह्वान गर्छु ।

५. नेपाली खेलाडीले देशकै नाम राखेका छन् भने उनीहरूलाई प्रोत्साहित गर्छु ।

६. आम्दानीको १० प्रतिशत सामाजिक सेवामा खर्च गर्ने प्रतिबद्धतालाई निरन्तरता दिन्छु ।

७. एचआईभी संक्रमित बालबालिकालाई सहयोग गर्ने क्रम जारी राख्छु ।

८. नेपाली पोसाकको सम्मान गर्ने क्रममा नेपाली टोपी अनिवार्य लगाउँछु ।

९. राष्ट्रिय धुन जहाँ बजे पनि उठेर सम्मान प्रकट गर्छु ।

१०. आफ्नो मुलुकको सिमाना अतिक्रमण भए आवाज उठाउनेछु ।



## निशा अधिकारी

**(नायिका)**

१. जीवनलाई अनुशासित बनाउनेछु, अल्छीपन हटाउनेछु ।

२. समयको सदुपयोग गर्नेछु ।

३. परिवार एवं साथीभाइलाई अझ बढी समय दिनेछु ।

४. अध्ययनमा ध्यान पुऱ्याउनेछु ।

५. तौल घटाउनेछु, स्वस्थ्यप्रति संवेदनशील हुनेछु ।

६. काममा अझै मेहनत गर्नेछु र नयाँ कुरा सिकेर केही नयाँ गर्नेछु ।

७. सामाजिक कार्यक्रममा संलग्नता बढाउनेछु ।

८. नियमहरूको पालना गरेर असल नागरिक हुनतिर ध्यान पुऱ्याउनेछु ।

९. नयाँ-नयाँ ठाउँहरू घुम्नेछु ।

१०. नेपाली चलचित्र हेर्न सबैसँग आग्रह गर्नेछु । चलचित्र उद्योगलाई बढावा दिने काममा निःशुल्क सहभागिता जनाउनेछु ।



## नम्रता श्रेष्ठ

**(नायिका)**

१. अध्ययनलाई निरन्तरता दिनेछु ।

२. राम्रो चलचित्रमा अभिनय गर्नेछु ।

३. अनावश्यक खर्च कटाएर बचततिर लाग्नेछु ।

४. परिवारलाई समय दिनेछु ।

५. मेरो रेस्टुराँलाई अझ राम्रो बनाउनेछु ।

६. मलाई बालबालिका असाध्यै मन पर्छन्, उनीहरूप्रति समर्पित हुन्छु । यो वर्ष पनि बालबालिकाको सेवालाई निरन्तरता दिन्छु ।

७. क्रिकेटको सद्भावना राजदूतका नाताले यसैको माध्यमबाट अन्तर्राष्ट्रिय पर्यटक भित्र्याउन सहयोग गर्नेछु ।

८. आफ्नो स्वास्थ्यमा ध्यान दिनेछु । आफूलाई व्यवस्थित गर्नेछु ।

९. मलाई अन्तर्राष्ट्रिय चलचित्रमा काम गर्न रुचि छ । त्यसैले सम्बन्धित कोर्स गर्नेछु ।

१०. मैले भनेका यी सबै प्रतिबद्धता पूरा गर्नेछु ।


टेष्ट ग्यारेन्टी पास ! टेष्ट ग्यारेन्टी पास !!
प्राईभेट टेष्ट/SLC 2067
को लागि कक्षा १० मा नयाँ भर्ना खुल्यो
भर्खरै कक्षा ९, १० वा टेष्ट SLC फेल भएका, कक्षा ८ वा ९ उत्तीर्ण गरी विविध कारणले विद्यालय जान नसकेका विद्यार्थीहरुका लागि धमाधम भर्ना लिइदैछ ।
◆ ६ महिनामै +2 र SLC
◆ Math/Science र Test नदिइकन SLC
◆ TU/KU/ विश्वभरी मान्यता प्राप्त (NIOS Board)
चावहिल | कालीमाटी
Bright Future | Merit Academy
Ph: 4463073, 9851002804 | Ph: 4285664

प्राइभेट टेष्ट/SLC - 2067
भर्ना खुल्यो टेष्ट ग्यारेन्टी पास !
◆ भर्खरै कक्षा ९ तथा टेष्टमा फेल भएर निराश भएका
◆ कक्षा ८, ९ र १० पास गरी विविध समस्याले पढाई रोकिएका
◆ उमेर नाघेका र जागिर गर्दै अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर
Medium: Nepali/English | Shift: Morning/Day
◆ ६ महिनामै +2 र SLC
◆ Math/Science र Test नदिइकन SLC
◆ TU/KU/ विश्वभरी मान्यता प्राप्त (NIOS Board)
चावहिल | भोटाहिटी
Pascal Institute | Kathmandu Multiple Institute
Ph:4478483, 9851002804 | Phone No. 4232203
चावहिल चोकबाट १५ मि. अगाडी गणेशस्थान जाने बाटो | राष्ट्रिय वाणिज्य बैंकको ठीक अगाडि

ब्युटीसियन कोर्स नि:शुल्क
• नेपाल सरकारबाट मान्यता प्राप्त ।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
• रोजगारीको ग्यारेण्टी ।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरुद्वारा तालिम दिइने ।
• विदेश जानेहरूको लागि Special Class
SLC दिएर बसेकाहरुलाई विशेष छुट ।
कोर्स: बेसिक, एडभान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४१९३५०६१ / ९८०१६२९७१
चाबहिल चोक, काठमाण्डौ

खुम्जुङ होटेल तालिम बागबजारमा
कुक, वेटर/हाउसकिपिङ/बारमेन/बेकरी लगायत सम्पूर्ण होटल तालिमहरूमा भर्ना धमाधम लिईदैछ । प्राक्टिकल ५ स्टार लेवलको होटलमा गराइने/चाइनिज, इण्डियन र कन्टिनेन्टल खानाहरुका लागि रेष्टुरेन्ट र बारको पनि सुविधा भएको साथै होष्टेलको पनि व्यवस्था छ ।
S.L.C दिएर बसेकालाई विशेष छुट
Hotel Khumjung Pvt. Ltd.
Ph 4016194, 4016111
4240199, 016226791, 9841578724

100% पावर
गम्भीर समस्याको अब सफल समाधान
Young & Sweet Breast Care
स्तन घटाउन बढाउन
साथै टाईट बनाउने
ब्राण्डेड "हर्वल क्रिम"
अनावश्यक मोटोपना घटाई स्लिम बन्न
● चिरा, पेटको सेता धर्सा हटाउनको लागि क्रिम
● अनुहारको चायाँ-पोतो डन्डीफोर हटाउन
लिङ्गको लम्बाई मोटोई बढाउन गुप्ताङ्ग टाईट गर्ने Gel
सम्पर्क: कलंकी खसीबजार
9751090597, 9803634896

आवश्यकता
निर्यात उद्योगको लागी काँटी, क्रुस र डल (Doll) बुन्न जान्नेहरु तथा JUKI सिलाइ मेशीन चलाउन जान्नेहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क: रेणुजी, फोन ४२६००७३, ४२६९७०१
फोन गर्ने समय : १०-५ बजे (शनिबार बन्द)

100% फिट्नेस
स्तन बढाउने, घटाउने तथा टाईट र आकर्षक बनाउन सकिने ।
अनुहार पोतो, चायाँ, डण्डीफोर तथा Wrinkle हटाउने ।
यौन शिघ्र स्खलन, उत्तेजना नहुने लिङ्गको लम्बाई तथा मोटाई बढाउन ।
4276068, 4336701
9841981976, 9849051161

LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more ........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service 9841549320



## रेखा थापा

**(नायिका)**

१. यो वर्ष सकभर कसैसँग झगडा गर्दिनँ ।

२. राम्रो चलचित्र छानेर मात्र काम गर्छु ।

३. नियमित रूपमा कर बुझाउँछु ।

४. चलचित्र उद्योगमा नयाँ अनुहार भित्र्याउने क्रमलाई निरन्तरता दिनेछु ।

५. निःस्वार्थ भावका सामाजिक कार्यक्रमहरूमा निःशुल्क उपस्थिति जनाउनेछु ।

६. अन्याय नसहन र नारीमाथि कसैले आँखा लगाउँछ भने त्यसलाई तह लगाउन सबै नारीलाई आग्रह गर्छु र त्यसमा सहयोग गर्ने मार्गमा लाग्नेछु ।

७. मादक पदार्थ सेवन गर्दिनँ र नगर्नका लागि सेवन गरिरहेकाहरूलाई त्यसको नकारात्मक प्रभावका सम्बन्धमा दुई मिनेट प्रवचन दिनेछु ।

८. ड्रग्सको सेवनबाट युवापुस्तालाई बचाउने अभियानमा संलग्न हुनेछु ।

९. बालक एवं वृद्धहरूलाई बाटो काट्न सहयोग गर्नेछु ।

१०. प्रेम जसले जसलाई गरे पनि हुन्छ । प्रेमको आँखा हुँदैन । विवाहित होस् वा अविवाहित प्रेममय संसार निर्माण गर्न सबैलाई आग्रह गर्छु ।



## राजवल्लभ कोइराला

**(नायक)**

१. मोबाइलमा कम बोल्ने प्रयास गर्नेछु ।

२. किनेका पुस्तक धेरै दिनदेखि थुप्रिएका छन् । ती सबै पढेर सिध्याउनेछु ।

३. खानेबित्तिकै सुत्ने बानी छ, अब त्यो बानी हटाउनेछु ।

४. आफन्तका लागि समय निकाल्नेछु ।

५. कम आत्तिने र सकारात्मक दृष्टिकोण राख्ने प्रयास गर्नेछु ।

६. विगतको दुर्घटनाबाट पाठ सिक्दै अब चलचित्र क्षेत्र र बाहिर पनि प्रयाप्त सतर्कता अपनाउनेछु ।

७. मिठाई तथा चिल्लो कम खाने प्रयास गर्नेछु, धेरै थुक्ने बानी छ त्यसलाई कम गर्नेछु । रिसाउने बानीमा सुधार ल्याउनेछु ।

८. बाहिर त्यसै बरालिएर हिँड्दिनँ । साथीहरूसँग भेटघाट गर्नेछु ।

९. घरमा हुँदा कचर-मचर खाइरहने बानी हटाउनेछु ।

१०. नियमित शारीरिक व्यायाम गर्नेछु ।



## सिच्छिका शर्मा

**(समाचार वाचिका)**

१. वर्ष २०६७ मा म आफूलाई व्यवस्थित गर्दै लक्ष्य प्राप्तिको बाटोमा अग्रसर रहनेछु ।

२. यो वर्ष मैले बढी समय परिवारका साथ बिताउने योजना बनाएकी छु ।

३. वर्ष २०६७ मा अधिकतम् पुस्तक अध्ययन गर्ने योजना छ ।

४. आफूलाई मीतव्ययी बनाउँदै टुहुराहरूको सहयोगका लागि आम्दानीको केही हिस्सा खर्च गर्नेछु ।

५. लोपोन्मुख प्रजातिहरूको संरक्षणका लागि सक्दो योगदान गर्नेछु ।

६.पर्यावरण संरक्षणका लागि जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्नेछु ।

७. यो वर्ष मैले नेपालका हिमाली एवं पर्वतीय श्रृंखलाहरूको भ्रमण गर्ने सोच बनाएकी छु ।

८. कलेज अध्ययनमा नियमित हुनेछु ।

९. सामाजिक क्रियाकलाप एवं राष्ट्रविकासका क्षेत्रमा हुने कार्यक्रममा आफ्नो सहभागितालाई अझ बढाउनेछु ।

१०. यी सबै प्रतिबद्धता पूरा गर्न प्रतिबद्ध रहनेछु ।



## शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउन प्रयासरत

### झलनाथ खनाल
**(अध्यक्ष, नेकपा एमाले)**



१. नेकपा (एमाले) लाई राष्ट्रव्यापी रूपमा सुदृढ र विस्तार गर्दै, राष्ट्रिय राजनीतिमा अझ प्रभावकारी भूमिका खेल्न सक्ने बनाउनेछु।

२. सबै प्रमुख राजनैतिक दलहरूकाबीच राष्ट्रिय मुद्दाहरूमा राष्ट्रिय सहमति कायम गर्न प्रयत्न गर्नेछु।

३. शान्ति प्रक्रियालाई तर्कसंगत निष्कर्षमा पुऱ्याउनेछु।

४. आमजनताले अपेक्षा गरे बमोजिमको लोकतान्त्रिक संविधान निर्माण गरी घोषणा गराउने कार्यमा सक्दो पहल गर्नेछु।

५. नयाँ संविधानको मार्गदर्शनमा देशमा नयाँ आम निर्वाचन गरी निर्वाचित लोकतान्त्रिक सरकार स्थापना गराउन सक्रिय रहनेछु।

६. मुलुकलाई सफलतापूर्वक संघीय संरचनामा रूपान्तरण गराउन सक्रिय रहनेछु।

७. लोकतान्त्रिक परिपाटी भित्र महिलाहरूलाई सबै क्षेत्रमा कम्तीमा ३३ प्रतिशत सहभागिताको सुनिश्चितता गराउनेतर्फ सक्रिय रहनेछु।

८. दलित जनजाति, मधेसी, सीमान्तकृत तथा अपांग जनतालाई समेत राष्ट्रिय मूल प्रवाहमा समाहित गर्दै समावेशी लोकतन्त्रको परिपाटीलाई स्थापित गराउनेछु।

९. नेपालमा नयाँ आर्थिक क्रान्तिको सुरुवातसँगै वातावरण संरक्षणको क्षेत्रमा ठोस कदम चाल्दै, समृद्ध नेपाल निर्माण गर्ने प्रयासमा लाग्नेछु।

१०. राष्ट्रिय एकतालाई सुदृढ जगमा उठाउनेछु र यस वर्ष एउटा प्रगतिशील गीति पुस्तक प्रकाशन गर्नेछु।

### वर्षमान पुन 'अनन्त'
**(सभासद, एनेकपा माओवादी)**



१.२०६७ लाई शान्ति र संविधान निर्माणको वर्ष बनाउन प्रतिबद्ध रहनेछु।

२. संघीयता, स्वयत्तता, सुशासन, आर्थिक सामाजिक अधिकार, वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक एवं वर्ण व्यवस्थाजन्य उत्पीडनको अन्त्यका मुद्दाहरू समावेश गर्दै जनताको संविधान निर्माणमा सक्दो प्रयत्न गर्नेछु।

३. नेपाली सेनालगायतका सुरक्षा निकायको लोकतान्त्रीकरण एवं जनमुक्ति सेनाको समायोजनबाट आधुनिक, लोकतान्त्रिक, राष्ट्रवादी र जनताको वास्तविक सेवक सुरक्षा निकाय निर्माणमा प्रयत्नशील रहनेछु।

४. लोकतन्त्र भनेको वास्तविक जनताको प्रतिनिधित्व, पहुच र सहभागिता रहेको जनतान्त्रिक व्यवस्था हो। त्यसैले नेपाल राष्ट्रको लोकतान्त्रीकरण (जनतान्त्रीकरण) मा जनप्रतिनिधिको हैसियतले प्रयत्नशिल रहनेछु।

५. नेपालीहरू आफौले आफ्नो शासन-व्यवस्था, आर्थिक, सामाजिक उन्नतिका प्रयत्न गर्न एवं आफ्नो देशको सार्वभौमिकताको रक्षा गर्न सक्षम छन्, त्यसैले राजनैतिक, आर्थिक, सामाजिक आदि क्षेत्रमा हुने हस्तक्षेपका विरुद्ध संघर्ष गर्दै नेपाली जनतालाई वास्तविक सार्वभौम बनाउने अभियानमा सहभागी रहनेछु।

६. खाद्यान्न, आवास, शिक्षा, स्वास्थ्य एवं रोजगारीजस्ता आधारभूत मानवअधिकारको प्रत्याभूति गर्ने अभियानमा मेरो सहभागिता रहनेछ।

७. शिक्षा आधारभूत मानवअधिकार हो, तर शिक्षा क्षेत्रमा निकै ठूला विकृति एवं विसंगतिहरू छन्। त्यसका विरुद्ध संघर्ष गर्दै शिक्षाको उज्यालो देशका सबै वर्ग, तप्काका बालबालिकाहरूमा पुऱ्याउने प्रयत्न गर्नेछु।

८. भ्रष्टाचार, कमिसन-तन्त्र, कुशासनजस्ता विकृतिलाई राज्यले संस्थागत गरेको छ, यो जनताविरुद्धको जघन्य अपराध हो, यसको नियन्त्रणमा मेरो पूरा प्रतिबद्धता रहनेछ।

९. हामी नेपालीहरूले आफ्नो मेहनत र पौरख एवं आफ्नै साधन, स्रोतले देश निर्माण गर्न सक्छौं। यो आत्मविश्वास आमनेपालीमा रहनुपर्छ। आजैदेखि आफ्नो मेहनत, स्रोत-साधन र सीपको विकासमा लागौं भनेर आह्वान गर्न चाहन्छु।

१०. आफ्नै बारेमा भन्नुपर्दा खुला राजनीतिमा आइसकेपछि समयको व्यवस्थापन, अध्ययन एवं लेखनमा पर्याप्त ध्यान दिन सकेको छैन। आगामी दिनमा यसलाई सच्याउने मेरो प्रतिबद्धता छ।

### केपी ओली
**(वरिष्ठ नेता, नेकपा एमाले)**



१. हामी शान्ति प्रक्रियामा छौं, नयाँ संविधान निर्माणको अभियानमा छौं, यी अभियानहरू २०६७ जेठ १४ गतेभित्र द्वन्द्व व्यवस्थापन गर्दै सम्पन्न गराउन म क्रियाशील रहनेछु।

२. हाम्रा सामु दुई किसिमका संक्रमण छन्। एउटा ०६२-६३ को आन्दोलनले दिएको विशिष्ट संक्रमणकाल र ७०-८० वर्षदेखि नेपाली समाजमा रहेको सामान्य संक्रमणकाल, यी दुइटै चरणलाई यस अवधिमा जेठ १४ भित्रमा पूर्णता दिनु छ, त्यसमा म प्रतिबद्ध रहनेछु।

३. नेपाललाई गरिब देश होइन, समृद्ध देशतर्फ अगाडि बढ्ने बाटो प्रशस्त गराउन ०६७ सालभित्र नयाँ संविधान लेख्ने भनेको हो, यसका लागि म सधैं प्रतिबद्ध रहनेछु।

४. व्यापक राष्ट्रिय हितमा अग्रसर हुने, शान्ति प्राप्तिको बाटोमा अग्रसर हुने र लोकतन्त्रलाई संस्थागत एवं सुदृढ गर्ने काममा सक्रिय सहभागिता जनाउनेछु।

५. द्वन्द्व व्यवस्थापन गरी लडाकुहरूको पुनर्स्थापना र समायोजन गर्ने तथा नयाँ संविधानअन्तर्गत राज्यको पुर्नसंरचना गर्ने कुरामा सक्रिय रहनेछु।

६. हामी क्रान्तिकारी परिवर्तनका कुरा गर्छौं, तर परिवर्तनका नाममा अग्रगामी परिवर्तनभन्दा बढी आफ्ना आकांक्षालाई जनताको इच्छाको नाममा परिभाषित गर्छौं। अब यो काम बन्द हुनुपर्छ। त्यसैले लोकतन्त्रलाई वा जनतन्त्रलाई गलत ढंगले परिभाषित गर्ने काम बन्द गर्दै जनहितमै कार्य गर्न सबैलाई अपिल गर्नेछु।

७. समुदायका नाममा राष्ट्रियतालाई संकीर्ण घेराभित्र राख्न मिल्दैन। त्यसलाई राष्ट्रिय हित वा समग्र राष्ट्रिय एकतामा आँच पुग्ने गरी उछाल्नुलाई राष्ट्रिय हित मान्ने, जागरण मान्ने खालका भ्रान्तिको विरोध गर्दै सही आधुनिक, वैज्ञानिक एवं अन्तर्राष्ट्रिय स्तरका लोकतान्त्रिक मूल्य-मान्यताको पक्षपोषण गर्न प्रतिबद्ध रहनेछु।

८. जनताद्वारा निर्मित शासन सरकार जनताको राज्यमा यथोचित सहभागिता, नीति-निर्माणमा संलग्नता, केन्द्रदेखि स्थानीय तह, स्थानीयदेखि केन्द्रीय तहसम्म जनताको पहुँच हुन सकोस्। स्थानीय, राष्ट्रिय साधन, स्रोत, सम्पत्ति, सम्पदा, सबैमाथि जनताको हक-अधिकार, पहुँच, पकड, प्रयोग र नियन्त्रण स्थापित हुन सकोस् भन्ने कुरालाई ध्यानमा राखेर अघि बढ्न पहल गर्नेछु।

९. म र मेरो पार्टीले बन्द-हड्तालको पक्षमा यो वर्षदेखि कुनै पनि हालतमा समर्थन नगर्ने प्रतिबद्धता जाहेर गर्छु।

१०. नयाँ नेपाल भनेको लोकतान्त्रिक नेपाल हो, शान्तिपूर्ण नेपाल हो। सामाजिक न्यायसहितको समानतामा आधारित सम्मानसहितको भयमुक्त समाज निर्माण गर्दै समृद्ध नेपाल निर्माण गर्न अघि बढ्नेछु।

११. विगतका हाम्रा संघर्षहरू, बलिदानहरू, हाम्रा शहिदका सपनाहरू, हाम्रा घाइतेका आकांक्षाहरू, हाम्रा जनताका चाहनालाई प्रतिविम्बित गर्न सक्ने, सम्मान गर्न सक्ने, व्यवस्थित गर्न सक्ने, उचाइमा उठाउन सक्ने अवसरका रूपमा ०६७ साललाई उपयोग गर्नेछु।

१२. विद्वेष होइन, कलह होइन स्वस्थ प्रतिस्पर्धा गरौं, काटमार होइन मित्रताको बाटोमा जाऊँ, ध्वंस होइन निर्माण र विकासको बाटोमा अघि बढौं। पछाडि होइन अगाडि बढौं। यसो गर्दा मात्र नयाँ नेपाल बन्न सक्छ, नयाँ नेपाल बनाउन सबै लागौं।


ग्यारेन्टी टेष्ट पास
PRIVATE रेगुलर टेष्ट/SLC
कक्षा समय विहान / दिउँसो
भर्ना खुल्यो
माध्यम अंग्रेजी / नेपाली
६ महिनामै कक्षा ८ पास गरी कक्षा ९ नपढी सोझै Test/SLC दिन पाइने
श्री बुद्ध नमुना मा.वि. गोगबु, फोन : ४३६५९५५
हार्वर्ड एकेडेमी कोटेश्वर: ४६०१४३४

+2/SLC १ वर्ष मै
- १ वर्षमै +२ पास गर्न चाहनुहुन्छ ?
- ८, ९, १० पास नभए पनि S.L.C. दिन चाहनुहुन्छ ?
- Maths/Science साथै Sent up नदिइ SLC पास गर्न चाहनुहुन्छ ?
- SLC/+2 मा ५ विषय पढे पुग्ने।
- जागिरे/गृहिणीहरुले घरमै बसी पढ्न सक्ने।
- TU/HSEB/KU तथा विश्वभर मान्यता प्राप्त।
- Nepali/English भाषामा परीक्षा दिन सकिने।
पाथ-फाईन्डर ग्लोवल एजुकेशन
पुतलीसडक (रिपोटर्स क्लवको अगाडि) 2005077, 9841787602

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
प्राइभेट Test/SLC-2067
विगत ९ वर्षदेखि प्राइभेट Test / SLC मा सबैभन्दा बढी बिद्यार्थीहरू सहभागी गराँउदै पास गराउन सफल।
कक्षा ८ पास तथा भर्खरै कक्षा ९, १० वा Test/ SLC फेल भई विविध कारणले पढ्न नपाएकाहरूका लागि कक्षा ९ नपढी सिधै १० कक्षाको मात्रै पढेर SLC Exam दिन पाइने एक वर्षे प्राइभेट Test/ SLC कक्षामा नयाँ भर्ना खुल्यो। सिट सिमित। Medium- अंग्रेजी, नेपाली दुवै। Time- बिहानी, दिउँसो, साझ।
६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
सिट सिमिर्त !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, 'A'Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने।
अंग्रजी, Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु, भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, IA, ICom, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
ओरियन एकेडेमी
सामाखुशी:4388400, 9851021071
चावाहिल:4460091, 9851085823
नयाँ बानेश्वर:4484634, 9841160529
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
लगनखेल: 5531437

'विगत वर्षहरूमा उत्कृष्ट नतिजा ल्याउन सफल।'
प्राईभेट TEST/ SLC-2067
नयाँ भर्ना खुल्यो !
कक्षा ८ पास तथा ९, १० र Test/ SLC मा फेल भई, विविध कारणले पढाई रोकिएकाहरुले सिधै कक्षा १० मात्र पढेर सजिलै SLC पास गर्ने सुवर्ण अवसर !
Medium: Nepali & English
Shift: Morning/ Day/ Evening
६ महिनामै +2
कक्षा ११ पढ्नु नपर्ने, कक्षा १२ को मात्र परीक्षा दिए पुग्ने, (NIOS Board)
- Science/Management/Arts Faculty भएको।
- +2/ A Level फेल भए पनि परीक्षा दिन पाईने।
- TU/ KU तथा विश्व भरी मान्यता भएको।
- जागिरे तथा गृहणिले घरैमा पढेर परीक्षा दिन पाईने।
Math , Science पढ्नु नपर्ने, कुनै ५ विषय मात्र पढे पुग्ने, Test नदिई सिधै SLC Exam मात्र दिएर सजिलै ६ महिना मै SLC पास गर्न सकिने। (कक्षा ८ को मार्कसिट नभए पनि हुने)
हाम्रा विषेशताहरू: दक्ष तथा अनुभवी शिक्षक/ शिक्षिकाद्धारा अध्यापन गराईने। कमजोर विद्यार्थीहरूको लागि विशेष छुट्टै कक्षाको ब्यवस्था। गरिव, जेहेनदार, दलित र पिछडिएका वर्गलाई विशेष छात्रवृद्धि। होस्टेलको राम्रो ब्यवस्था भएको।
।।। नेपाल सरकार शिक्षा कार्यालय वाट मान्यता प्राप्त।।।
जेन्युईन एकेडेमी
☎4462184 चावहिल चोक (बौद्ध तर्फ ३० मि. अगाडि, दायाँ) Opp. to SONY Show Room
☎071-229408 बुटवल (अस्पताल लाईन - ८)
पिस भिजन ओपन स्कूल
☎4389300
01-6913286
सोह्रखुट्टे (ओरालो मोड)

यौनबर्द्धक
अचुक/ग्यारेण्टेड हर्बल भिटामिन
Herbal Levitra एमर र मजर दुबलाई पनि उपयुक्त
A Quality Product of Germany
जगाउँछ नशा नशामा जोस र शक्ति दिन्छ Xtra Time र अधिक सन्तुष्टि
(नक्कली देखि सजग)
शीघ्रपतनका लागि Dr. Power Gel
मोटोपना घटाउन/तौल बढाउन
जाँड-रक्सीको कुलत छुटाउन
स्तन बढाउन घटाउन र टाईट गर्न
Cash Guaranteed Result.
4672065, 9851034690
2084130, पुर्वाञ्चल: 9852678220
चितवन: 9845163597

होटल तालिम भारी छुटमा
छैटौं बर्ष पुरा गरी सातौं बर्षमा प्रवेश गरेको उपलक्ष्यमा भारी छुटका साथ
कुक, वेटर, वार, हाउसकिपीङ्ग, तालिमहरु
- कुक तालिममा वेटर/वेट्रेस फ्रि
- वेटर तालिममा वार ट्रेनिङ्ग फ्रि
- वेटर, वार ट्रेनिङ्गमा हाउसकिपिङ्ग फ्रि
- स्पेशल कुक तालिममा भारी छुट
साथै
स्पेशल अरविक कुक तालिम गल्फ देश जानेहरुका लागि
EMTC नयाँबानेश्वर, थापागाउँ ☎ 4483969

# सकारात्मक सूचक वर्ष बन्यो, सूचना-प्रविधि क्षेत्र

● विदुर खतिवडा/शिव मुखिया

वर्ष २०६६ मा कुनै पनि क्षेत्र सन्तोषजनक नरहेको बेला सूचना तथा सञ्चार प्रविधि क्षेत्र अपवाद बन्यो। कुल ग्राहस्थ उत्पादनका दृष्टिकोणले पनि १० प्रतिशत वृद्धि दर कायम रहेको सूचना प्रविधि क्षेत्रमा केही उल्लेख्य उपलब्धि देखिए।

### नीति पास हुने छाँटकाँट

यो वर्ष बहुप्रतिक्षित सूचना प्रविधि नीति क्याबिनेटबाट पास हुँदै विशेष समितिमा पुगेको छ। २०५७ सालदेखि निरन्तर संघर्षरत सूचना प्रविधि नीतिले वर्ष २०६६ मा मात्र सार्थकता पायो। सूचना प्रविधि नीतिअनुसार मुलुकको आइटी सेक्टर सञ्चालनमा आउनेछ। ओपन सोर्सको प्रयोग, विद्युतीय माध्यमको उपयोगलाई कानुनी मान्यता, आउटसोर्सिङको क्षेत्रलाई व्यवस्थित गर्न तथा सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट पाइने सेवाहरूलाई सञ्चालन र नियन्त्रणका क्षेत्रमा स्पष्ट नीतिगत व्याख्या आउनेछ। विज्ञान तथा प्रविधि मन्त्रालय सूचना प्रविधि नीति पास गराउन प्रतिबद्ध भएर अघि बढ्नु यो वर्षको मुख्य उपलब्धि हो। आइटी पूर्वाधार विकासका निम्ति पनि सूचना प्रविधि नीति पास हुनुपर्ने विज्ञहरूको तर्क छ। सूचना प्रविधि नीति लागू भएमा मात्र सरकारलाई ई-गभर्नेन्समा जान स्पष्ट रोडम्याप तयार हुनेछ।

### ई-गर्भनेन्स मास्टर प्लान र स्मार्ट आइडी कार्ड

ई-गभर्नेन्सकै अवधारणाअनुरूप विद्युतीय सरकारका लागि मेरुदण्ड मानिने सरकारी एकीकृत डाटा सेन्टरलाई पूर्वाधारसहित यही वर्ष विकास गरियो। डाटा सेन्टर राष्ट्रिय सूचना प्रविधि केन्द्रको पहलमा स्थापना भएको हो। यो केन्द्रीय डाटा सेन्टरबाट सम्पूर्ण सरकारी डाटालाई कम्प्युटरकृत गरिनेछ। कागजमा लिपिबद्ध रहेका सबै कार्यालयका महत्त्वपूर्ण एवं संवेदनशील कागजहरू विद्युतीय प्रणालीबाट डाटा सेन्टरमा भण्डारण गर्ने काम प्रारम्भ भैसकेको छ। यो प्रक्रियाको थालनीसँगै सरकारी तहबाट हुने जनसेवाको कार्यलाई पनि अझ व्यवस्थित र पारदर्शी एवं विश्वसनीय बनाउने काममा डाटा सेन्टरको भूमिका महत्त्वपूर्ण हुनेछ।

यस्तै सरकारले एकीकृत राष्ट्रिय परिचय पत्रनम्बर जारी गर्नका लागि गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र गठन भयो। डिजिटल स्मार्ट कार्डको रूपमा सबै जानकारी समेटिएको एउटै परिचयपत्र नेपाली नागरिकलाई प्रदान गर्ने उद्देश्य राखेर यो काम सुरु भएको हो। प्रारम्भिक कार्य सुरु गरी सकिएको यो कार्यक्रमले वर्ष २०६७ मा अझ प्रभावकारी ढंगले काम गर्ने अपेक्षा राखिएको छ।

### सूचना प्रविधिको उपयोग र डिजिटल सिग्नेचर

ई-सेवामार्फत खानेपानी, बिजुलीको विल तिर्ने काम पनि यसैवर्ष प्रारम्म भएको छ भने टेलिमेडिसिनको माध्यमबाट ई-मेडिसिनको सफल अभ्यास पनि सफल रूपमा सम्पन्न भैसकेको छ। ई- लर्निङका रूपमा दूरशिक्षा प्रणालीमा आधारित शैक्षिक पाठ्यक्रममा विदेशी विश्वविद्यालयको शैक्षिक कार्यक्रममा नेपाली विद्यार्थीहरू नेपालमै बसेर अध्ययन गरिरहेकै छन्।

यसरी सूचना प्रविधिको अधिकतम उपयोग गर्ने सकारात्मक यात्रामा अघि बढे पनि यसक्षेत्रमा दुर्घटना निम्तिने खतरा सधैंझैं गत वर्ष पनि कायम रह्यो। सरकारले डिजिटल प्रणालीको कारोबारदेखि सेवासम्मलाई नियमन गर्न नियन्त्रकको व्यवस्था गऱ्यो। तथापि विज्ञान प्रविधि मन्त्रालयअन्तर्गतको डिजिटल नियन्त्रण तथा प्रमाणीकरण कार्यालयका नियन्त्रकले आफूलाई सेटअप गर्नमै व्यस्त हुनुपरेको बताए। सूचना प्रविधि क्षेत्रको दुरुपयोगका कारण भित्रिन सक्ने दुर्घटनाबाट सुरक्षा प्रविधि अपनाउनेतर्फ सरकारले कार्य गरिरहेको प्रमाणीकरण कार्यालयका नियन्त्रक राजनराज पन्तले बताए। पन्तका अनुसार सुरक्षा प्रत्याभूतिकै लागि सरकारले यस वर्ष डिजिटल सिग्नेचरका लागि टेन्डर खोल्ने काम गरेको छ। एसएमएस बैंकिङ, मोबाइल बैंकिङ, डेबिट क्रेडिट कार्डलगायत रेमिट्यान्समार्फत हुने आर्थिक कारोबारलाई सुरक्षित उपयोग गर्न डिजिटल सिग्नेचर प्रणाली आउने वर्षदेखि प्रारम्भ हुने नियन्त्रक पन्तले बताए।

### आइटी पार्कमा आइबीएम

ठूलो लगानीमा निर्माण भएको सूचना प्रविधि पार्क (आइटी पार्क) को आकाशमा प्रसस्तै कौवा उड्ने गरेका छन्। आइटी पार्कको संरचना भव्य भए पनि उपयुक्त सुविधा नपाएको भन्दै त्यहाँ कुनै स्वदेशी



तथा विदेशी कम्पनी आएर काम नगरेको अवस्थामा ती संरचना विस्तारै खण्डहरमा परिणत हुने डर छ। आइटी पार्क तयार भएको केही वर्ष पछि नेदरल्यान्डको जाभ्रा सफ्टवेयर कम्पनी ६ महिना बसेर पर्याप्त सेवा सुविधा नपाएको उल्लेख गर्दै काठमाडौं फर्किएको थियो। जाभ्रा पछि कुनै विदेशी कम्पनी नपाएको आइटी पार्कले यो वर्ष ठूलो विदेशी कम्पनी आइबीएमको साथ पायो। अमेरिकन कम्पनी आइबीएम कर्पोरेसनले पार्कको मुख्य भवनको पहिलो तलामा अनुसन्धान केन्द्र राखेर काम सुरु गरेको छ।

### साइबर सेल र सुरक्षाकर्मी

सुरक्षालाई चुस्त दुरुस्त राख्न नेपाल प्रहरीले यसै वर्ष साइबर सेल गठन गऱ्यो। प्रविधिको माध्यमबाट हुने कुनै पनि आपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न साइबर सेलको गठन भएको जानकारी दिइएको छ। मोबाइलमार्फत आउने थ्रेट, ह्याकिङ, डिजिटल मिसयुज आदिका घटना बढ्दै गएकाले पनि साइबर सेल गठनको आवश्यकता महसुस गरिएको बताइएको छ।

### युवापुस्ता र आउटसोर्सिङ

केही वर्षअघि विद्यार्थीको ठूलो जमात आइटी शिक्षातर्फ आकर्षित थियो, बीचमा फेरि आइटी शिक्षा लिएका जनशक्ति बेरोजगार भएपछि यसप्रति वितृष्णा फैलियो, तर अहिले फेरि आइटी शिक्षाको लहर फैलन थालेको छ। आइटी शिक्षा लिएका दक्ष जनशक्तिले नेपालमै बसेर लाखौं रकमको आर्थिक कारोबार गरिरहेका छन्। विश्वविख्यात कम्पनीको लागि आउटसोर्सिङको काम गरिरहेका नेपाली युवा तथा तिनका कम्पनीले दसौं लाख डलर बराबरको कारोबार गरे पनि यस विषयमा सरकार अनभिज्ञ छ। कमसेकम दक्ष नेपाली जनशक्तिले स्वदेशमै बसेर राम्रो आर्थिक उपार्जन गरिरहेका छन्। सेवा सुविधा गुणस्तरीय नहुनु भने आउटसोर्सिङका निम्ति बाधक पक्ष बनेको छ। हाइ ब्यान्डविथ सर्भरमा काम गर्ने सुविधा नभएकाले कतिपय दक्ष नेपाली विदेसिएका छन्। अहिलेका नेपाली युवा एनिमेसन र मल्टिमिडियातर्फ आकर्षित हुँदै गएका छन्। एनिमेसनकै क्षेत्रमा काम गरिरहेका विश्व प्रशिद्ध कम्पनी पनि यसै वर्ष नेपाल भित्रिए। मिक्कि माउस लगायतका कार्टुन निर्माण गर्ने डिज्ने वर्ल्डजस्ता कम्पनीले नेपाली युवाहरूका लागि रोजगारीको राम्रो अवसर सिर्जना गरेका छन्। वातावरण राम्रो भए ५ सय जना युवायुवतीले यसमा रोजगारी पाउन सक्ने बताइएको छ।

### इन्फोटेक र इनफरमेसन टेक्नोलोजी

सूचना तथा सञ्चार प्रविधिका सम्बन्धमा सर्वसाधारणलाई अपडेट गर्न कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) ले आयोजना गर्ने क्यान इन्फोटेकले यो वर्ष पनि निरन्तरता पायो। यस वर्ष ल्यापटपको प्रयोगमा पनि नेपालीहरूको संख्या ह्वात्तै बढेको पाइयो। इन्फोटेक अवधिभरमै ७ हजारभन्दा बढी ल्यापटप बिक्री भएको अनुमान थियो। बढ्दो मागकै कारण विश्वप्रसिद्ध कम्पनीका ल्यापटपहरू नेपाली बजारमा देखिए। ल्यापटपकै सानो संस्करण नेटबुक पनि यो वर्ष नेपाल भित्रियो। एप्पल, तोसिवा, फुजित्सु, डेल, एचपी लगायतका ब्रान्डका ल्यापटपहरू बजारमा भित्रिए। यो वर्ष क्यान इन्फोटेकलाई विभिन्न जिल्लामा पनि आयोजना गरियो।

### इन्टरनेट फेसबुक ट्विटर र गुगलबुज

इन्टरनेट सेवा प्रदायक संस्थाहरूले यो वर्ष आफ्नो सेवालाई अझ व्यापक रूपमा विस्तार गरे। विभिन्न नाम र सुविधामा आएका इन्टरनेट प्याकेजका कारण प्रयोगकर्ताको संख्या बढ्दै गएको इन्टरनेट सेवा प्रदायक संघका पूर्वअध्यक्ष पवन शाक्यले बताए। यो वर्षको अन्त्यसम्ममा प्राप्त तथ्याकंका आधारमा इन्टरनेट प्रयोगकर्ताको संख्या ८ लाख नाघेको छ। पछिल्ला दिनमा विकास भएका २ दशमलव शून्य संस्करणका सामाजिक संजालमा आफ्नो उपस्थिति जनाउन पनि नेपालीहरू उत्तिकै अभ्यस्त देखिए। सामाजिक सञ्जालहरू फेसबुक, ट्विटर, गुगलबुजमार्फत आफ्ना कुरा राख्ने र छलफल चलाउने अभियान नै चलेको छ। सामाजिक सञ्जालमा आबद्ध हुनेहरूको यो संख्या दसौं गुणाले वृद्धि भयो। यस्तै ब्लग विकास गरेर आफ्ना कुरा राख्नेहरूको संख्या पनि बढेको पाइयो।





भर्ना खुल्यो

अब Math, Science/Test नदिई SLC तथा +2 केही महिनामै पास

२०११ का लागि नयाँ भर्ना खुल्या

हाम्रा सुविधाहरू:

- मात्र 5 Subjects
- Math तथा Science ऐच्छिक विषयमा पनि पढ्न पाइने ।
- घरमै बसेर पनि बढ्न सकिने
- Nepal तथा अन्य देशमा पनि मान्यता प्राप्त
- नेपालीमा पनि जाँच दिन पाइने ।
- बिहान तथा दिउँसोमा पनि कक्षाहरु सञ्चालन हुने
- विभिन्न Level का विभिन्न Subjects तथा विभिन्न भाषाहरुको Classes साथै Private Test तथा SLC का कक्षाहरु संचालन ।

पल्पसा एकेडेमी, जयवागेश्वरी, चावहिल

फोन: ०१४४८१२७९, मो. ९८४१८६३००८, ९८४१९३१७०६



नेपालको एक मात्र

HABIBS Hair & Beauty Academy

Announces Admission Open for :

LIMITED SEATS

Advance Hair Styling

Advance Beauty Course

For More Details Please Contact:

Kasthamandap Bazaar Building, 2nd Floor

Kamaladi, Kathmandu, Ph: 4240431

अत्यन्त जरूरी सूचना !

नक्कली Berina देखि सावधान !

हाल बजारमा देखा परिरहेको नक्कली बेरिनाका सामानहरू बिक्री वितरण भै-रहेको हुँदा बेरिनाको प्रत्येक उत्पादनमा सक्कली बेरिनाको होलोग्राम (Hologram) चिन्ह हेरेर मात्र खरिद गर्नुहुन सर्वसाधारण ग्राहक महानुभाव हरूलाई अनुरोध गरिन्छ ।

सक्कली बेरिनाको होलोग्राम चिन्ह




Pornsri Cosmetic Co., Ltd.

Bangkok - 10320, Thailand

# वातावरणीय कसीमा २०६६

● कुलचन्द्र अर्याल

अघिल्ला वर्षहरूको तुलनामा २०६६ नेपालको सन्दर्भमा वातावरणीय मामिला बढी चर्चा र विवादको विषय बन्यो । यो वर्ष नेपालमा वातावरणसँग सम्बन्धित केही अभूतपूर्व घटना पनि भए जसका कारण विश्व सञ्चार जगतमा नेपालले चर्चा पायो भने केही विवाद सतहमा आए र अन्त्यमा दुखद र लज्जाजनक परिणति छाड्दै पार भए ।

जलवायु परिवर्तनबाट समुद्रको तटिय क्षेत्रमा रहेका देशहरूमा परेको असरका बारेमा सचेत गराउन माल्दिभ्सले समुद्रको पानीमुनि मन्त्रिपरिषद्को बैठक सम्पन्न गरेको घटनाको सिको गर्दै जलवायु परिवर्तन र विश्व उष्णीकरणका कारण हिमालयका हिउँ पग्लँदै गएको तथा यसबाट पर्वतीय देशहरूमा निकै ठूलो असर परेकाले नेपालले विश्वको सर्वोच्च शिखर सगरमाथाको आधार शिविरस्थित कालापत्थरमा मन्त्रिपरिषद्को बैठक सम्पन्न गऱ्यो । कालापत्थरबाट सगरमाथा घोषणापत्र जारी गर्दै बढी कार्वन उत्सर्जन गर्ने मुलुकलाई कार्वन उत्सर्जन कम गर्न आग्रह मात्र गरिएन, धनी देशहरूका कारण हामीलाई परेको नकारात्मक असर घटाउन आर्थिक सहयोग दिनुपर्ने कुरामा पनि जोड दिइयो । जलवायु परिवर्तनको मारमा परेकाहरूलाई जलवायु परिवर्तनसँग जुध्ने उपाय वा प्रविधिमा सहयोग गर्ने प्रतिबद्धतासमेत कालापत्थर बैठकले गऱ्यो ।

जैविक विविधता संरक्षणमा एक कदम अघि बढ्दै नेपालको संरक्षित क्षेत्र २० बाट बढाएर २५ प्रतिशत पुऱ्याउने लक्ष्यसहित बाँके राष्ट्रिय निकुञ्ज, गौरीशंकर संरक्षण क्षेत्र र अपिनम्पा संरक्षण क्षेत्र घोषणा गरियो । हचुवाको भरमा घोषित यी संरक्षण क्षेत्रहरू विवादित छन् र संरक्षित क्षेत्रले अझै मूर्तरूप पाउन सकेका छैनन् ।

डिसेम्बरमा कोपनहेगनमा सम्पन्न विश्व जलवायु सम्मेलनको तयारीका लागि विश्वभरि नै राष्ट्रिय वा क्षेत्रीय रूपमा सम्मेलन तथा बैठकहरू भैरहे । नेपालले पनि भदौ १५ र १६ गते काठमाडौंमा एसियाली पर्वतीय देशहरूको पहिलो मन्त्रीस्तरीय सम्मेलनको आयोजना गऱ्यो । काठमाण्डु टु कोपेनहेगन भन्ने नाराका साथ आयोजित सम्मेलनमा हिन्दूकुश पर्वतीय क्षेत्रमा पर्ने एसियाली मुलुकहरूबाट प्रतिनिधिहरू भेला भएर जलवायु परिवर्तनबाट पर्वतीय देशहरूमा सबैभन्दा बढी असर पुगेको निष्कर्षमा पुगे । सम्मेलनको अन्तिम दिन नेपाल डे मा जलवायु परिवर्तनले नेपालमा परेको असरको बारेमा केन्द्रित भएर छलफल गरियो । दस बुँदे साझा सहमति पत्र सार्वजनिक गर्दै सहभागी राष्ट्रहरूले कोपेनहेगन सम्मेलनमा पर्वतीय देशहरूले साझा मुद्दा उठाउने प्रतिबद्धता जनाए, तर कोपेनहेगन सम्मेलनमा त्यस्तो देखिएन । धेरै कार्वन उत्सर्जन गर्ने भारत र चिनले कोपेनहेगन सम्मेलनमा एसियाका अरू गरिब देशहरूलाई साथ दिएनन् ।

गएको भदौको तेस्रो साता काभ्रेको धुलिखेलमा जलवायु परिवर्तनसम्बन्धी दक्षिण एसियाली युवा सम्मेलन सम्पन्न भयो । दक्षिण एसियाका युवाहरूले कोपेनहेगन सम्मेलनमा जलवायु परिवर्तन नियन्त्रण र कार्वन कटौती गर्ने भरपर्दो सम्झौताको खाका तयार गर्न विश्वका नेताहरूलाई आग्रह गर्दै कोपेनहेगन सम्मेलनमा युवाहरूको सहभागिता र दबाबमूलक कार्यक्रमका बारेमा पनि छलफल गरे ।

डेनमार्कको राजधानी कोपेनहेगनमा सम्पन्न जलवायु सम्मेलन तथा क्योटो प्रोटाकेलका सदस्य राष्ट्रहरूको शिखर सम्मेलन (कोप १५) बाट यस्ता प्रभावित देशहरू निराशाजनक रूपमा रित्तो हात फर्किनु परेपछि हाम्रा प्रयासहरू कति सार्थक बने भन्ने प्रष्ट हुन्छ । कोपेनहेगनमा सगरमाथाको हिउँ पग्लेर चट्टानको पहाड बन्दैछ त्यसैले हिमाललाई बचाउ भन्ने सन्देश दिन प्रधानमन्त्रीले अमेरिकी राष्ट्रपति बाराक ओबामालाई सगरमाथाबाट ल्याइएको ढुंगा उपहार दिएको कुराले पनि निकै चर्चा पायो, यद्यपि जलवायु परिवर्तनका कारण हिमालको हिउँ पग्लिए पनि धनी देशका नेताहरूको मन पग्लिएन । कोपेनहेगनमा नेपालीहरूले जुलुस निकाले पनि बढ्दो तापमानले नेपालमा परेको असरको सुनुवाइ भने भएन ।

जलवायु परिवर्तनको विषय जस्तै जैविक विविधताको विषय पनि २०६६ सालमा चर्चामा रह्यो । विश्व संरक्षण संघ (आईयुसीएन) को तथ्यांकले विश्वमा संकटापन्न मध्येका करिब १ तिहाइ प्रजाति लोप हुने खतरामा पुगेको देखाएको छ । आईयुसीएनको जैविक विविधता संरक्षण समूहले सार्वजनिक गरेको



उक्त तथ्यांकअनुसार आईयूसीएनको रेड लिस्ट मा सूचीकृत ४७ हजार ६ सय ७७ प्रजातिमध्ये १७ हजार २ सय ९१ संकटापन्न प्रजाति विलोपनको खतरामा परेका छन् । पछिल्लोपटक दोहामा भएको साइटिस सम्मेलनमा सार्क माछा, टुन्ना माछा तथा हात्तीको दाह्राजस्ता वन्यजन्तुको व्यापार रोक्ने प्रस्ताव असफल भएको घटनाले पनि वन्यजन्तु प्रेमीहरूलाई दुखी बनायो । सुनगोहोरोजस्ता संकटापन्न सरिसृपको व्यापार रोक्ने प्रस्ताव भने साइटिस सम्मेलनमा पारित भयो ।

नेपालको सन्दर्भमा हेर्ने हो भने गएको कात्तिक १० देखि १३ सम्म काठमाडौंमा पहिलो अन्तर्राष्ट्रिय बाघ कार्यशाला सम्पन्न भयो । बाघ पाइने १३ देशका साथै विश्व बैंक, अमेरिका लगायतका करिब २० मुलुक र दातृ निकायका प्रतिनिधि सहभागी रहेको कार्याशालाले काठमाडौं घोषणापत्र सार्वजनिक गर्दै संकटापन्न अवस्थामा रहेको बाघको संरक्षणका लागि अन्तर्राष्ट्रिय साझेदारी बढाउने निर्णय गऱ्यो । आउँदो दस वर्षमा बाघको संख्या दोब्बर बनाउने र सन् २०१० लाई बाघ वर्षको रूपमा मनाउने निर्णय पनि काठमाडौं कार्यशालाले गऱ्यो । कार्यशालामा बाघको बासस्थान जोगाउने प्रतिबद्धता जाहेर भएअनुरूप नेपालले बाघको बासस्थानको रूपमा रहेको बर्दिया राष्ट्रिय निकुञ्जलाई दोब्बर पार्ने निर्णय गऱ्यो यद्यपि पछि त्यसलाई बाँके राष्ट्रिय निकुञ्ज घोषणा गरियो । बाघको चोरीसिकारी नियन्त्रणका लागि उच्चस्तरीय क्राइम कन्ट्रोल ब्युरो बनाउने प्रतिबद्धता पनि नेपालले जनायो तर त्यसले अहिलेसम्म पनि मूर्तरूप पाउन सकेको छैन ।

गएको वैशाखमा कोसीटप्पुमा अर्नाको गणनासमेत भयो । कोसीको बाढीबाट प्रभावित भएको कोसीटप्पु वन्यजन्तु आरक्षमा पछिल्लो गणनाले अर्नाको संख्यामा ३८ प्रतिशतले वृद्धि भएको देखाएको छ । सन् २००३ को गणनामा त्यहाँ १ सय ५९ अर्ना रहेकोमा पछिल्लो गणनामा २ सय १९ अर्ना पाइए । गत वर्ष चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज तथा शुक्लाफाँटामा चुरे क्षेत्रलाई समेत समेटेर बाघ गणना गरियो । गणनाको स्थलगत प्रक्रिया सकिए पनि संख्या भने अझै यकिन भैसकेको छैन । चितवन राष्ट्रिय निकुञ्जभित्रका होटलहरूको विवाद र चुरे क्षेत्रबाट भारततिर ढुंगा गिट्टी निकासीमा रोक लगाउने विषय यस वर्षका सबैभन्दा विवादित विषयका रूपमा चर्चित भए ।


Language & Computer
English: Elementary, Intermediate, Advanced & Special Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive method..)
Japanese/ Korean/German/Chinese French/ Spanish/ Italian.. classes
TOEFL/ IELTS/ SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Computer: Basic/Advanced/Accnt./Graphic..
Special Discount for SLC appeared Students!
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Easy Way — Prem Swoveet's best language books with Audio /Video DVDs for elementary/ Intermediate & Advanced levels are coming soon!
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other so called OLC don't belong to us!)

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिइन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper
तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple [Rose Sunscream Free]
मुहारको दाग पोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्यास्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
केश
झर्ने तुरुन्तै रोकी उमार्ने तेल
Before After
Herbal44 Rs. 750/- → [Soap Free]
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, इटहरी 025-580944

नयाँ वर्षको शुभ अवसरमा होटल तालिम विशेष छुटमा
Worldwide valid Certificate
नेपाल सरकारद्वारा स्वीकृत प्राप्त २००३ मा स्थापित
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
CTEVT बाट मान्यता प्राप्त
→ ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
→ थप Industrial Training लाई Star Hotel मा पठाइने
→ जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
→ CTEVT बाट Skill Test को Certificate दिने ।
→ Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study
ATHTIN बाट स्विकृत प्राप्त
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर — बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ 4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर (Sahara School of Hospitality Mangement and Toursim Nepal) नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग 2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर — नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी 4464720, 9841-891131, 98510-93629

नयाँ भर्ना खुल्यो
प्राइभेट Test/SLC 2067
(साथै कक्षा ५, ६, ७ र ८ मा समेत भर्ना लिइन्छ ।)
हाम्रा विशेषताहरु :
√ दक्ष तथा अनुभवी शिक्षक/शिक्षिका द्वारा पठनपाठन गराइने
√ अंग्रेजी र नेपाली दुबै माध्यमबाट अध्यापन गराइने
√ एजुकेशनल रिहाब विधिबाट अध्यापन गराइने
√ गरिब तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यावस्था
√ कक्षा सञ्चालन हुने समय : बिहान, दिउँसो र बेलुका
SEA PUBLIC OPEN SCHOOL(ACADEMY)
लेखनाथमार्ग, ठमेल, काठमाण्डौ
PH. : 01-4417704 01-4420537
(विगत १२ वर्षदेखि विद्यार्थी सेवामा समर्पित)

English & Computer Basic to Advanced
Special Discount for S.L.C appeared
IELTS,TOEFL, Speaking classes
Visa/Job Interview Pre. Writing
Japanese, Korean, German French Chinese, Spanish, Hebrew, lg - Classes
Computer Basic, Acc. Web, Graphic, Hardware
Oasis
Language & Computer Institute (OLCI) Thamel, Galkopakha 4359170
Thamel - 4418912, Chhetrapatichowk 4250763

उद्घोषण
विद्यार्थीलाई विशेष छुट
RJ VJ MC
★ व्यक्तित्व तथा नेतृत्व विकास
★ मञ्चीय उद्घोषण
★ रेडियो तथा टिभी उद्घोषण
★ पत्रकारिता
★ प्राविधिक ज्ञानका साथमा
प्रशस्त अवसर !!!
Janas Media
Koteshwor, 01-2141246, 9841457750, 9849267194

उद्घोषण
VJ/RJ/MC /Radio Technician
Personality Devlopment Public Speaking
एक्सिस मिडिया नै किन ? Since 2060
- विगत ६ वर्षदेखि निरन्तर सञ्चारजगत ट्रेनिङ दिदै आएको
- सयौं भन्दा बढि प्रशिक्षार्थी मिडियामा काम गर्न सफल
- आफ्नै Digital Practical Studio भएको
- चर्चित सञ्चारकर्मी बाट प्रशिक्षण दिइने
Rs. 1000/- Discount
AXIS Media
Bagbazar, Kathmandu,
Phone :– 01-4238334, 9721331656
www.axis media.com.np




## ● फिल्मी खबर ●

### प्रदर्शन भएकै छैन

गत वर्ष निर्माण सम्पन्न भएको चलचित्र 'माया यो कस्तो माया'को सार्वजनिक प्रदर्शन नभएको उक्त चलचित्रका निर्माता तथा संगीतकार जीवन सुनारले जनाएका छन् । नेत्र गुरुङको निर्देशन रहेको 'माया यो कस्तो माया'का केही च्यारिटी सो गरिए पनि सार्वजनिक प्रदर्शन नभएको उनले बताए । वर्ष ०६६ मा चलचित्र सार्वजनिक भएको हल्ला चलेपछि निर्माता सुनारले गुनासो गरेका हुन् । चलचित्रमा अयुब केसी र स्नेहा शर्मा मुख्य भूमिकामा छन् ।

### दीपशिखा आउँदै

निर्माता-निर्देशक नरेश पौडेलको चलचित्र दीपशिखाको निर्माण सम्पन्न भएको छ । चलचित्रको अन्तिम प्राविधिक कामका लागि केही साताअघि मुम्बई पुगेका निर्माता निर्देशक पौडेलले मुम्बईको राउको ल्याबमा नेगेटिभको कलर करेक्सन गरेपछि दीपशिखाको प्रिन्ट निकालेका छन् । पौडेलले दुई महिनाभित्र प्रिन्ट र डिसिएनको सर्भरबाट नेपालभरि एकसाथ दीपशिखाको प्रदर्शन गरिने जनाएका छन् । नायिका अरुणिमा लम्सालको कथा, पटकथा र संवादमा निर्माण भएको यो चलचित्र काठमाडौं र पोखराका विभिन्न रमणीय स्थानमा छायांकन गरिएको छ । चलचित्रमा पहिलो पटक नायिका अरुणिमा लम्साल र उनकी आमा राधा लम्साल आमा-छोरीकै भूमिकामा देखा पर्दैछन् । यसमा जीवन लुइँटेल र नीरज बराल नायक छन् ।

### मुन्नाभाइसँग विश्व साइकलयात्री

विश्व साइकलयात्रामा निस्किएका नेपाली साइकलयात्री सौरभ दाहालले मुम्बईमा बलिउडका नायक सञ्जय दत्तसँग भेट गरेका छन् । भेटका क्रममा नायक सञ्जय दत्तले नेपाल र आफ्नो साइकलयात्राका बारेमा विशेष चासोसहित जानकारी लिएको सौरभले बताए । मुम्बईको झन्डै एक महिना बसाइमा सौरभले शिवसेना प्रमुख बालासाहेब ठाकरे, भारतीय जनता पार्टीका अध्यक्ष नितिन गडकरी, कांग्रेस आईकी नेतृ प्रिया दत्तलगायत, नायक जैकी श्राफ, सलमान खान, सोहेल खान आदिसँग भेट गरेका थिए ।

### गुरुदक्षिणा प्रदर्शनका लागि तयार

प्रवासी नेपालीहरूको लगानीमा निर्माण भएको नेपाली कथानक चलचित्र गुरुदक्षिणा प्रदर्शनका लागि तयार भएको छ । नेपाल र भारतमा समेत सेन्सर गरिसकिएको यो चलचित्रको मुम्बईमा एक ट्रायल शो पनि सम्पन्न भएको छ । चलचित्रको प्रिमियर शोमा नायिका सञ्चिता लुइँटेल, खलनायक मुरलीधर, बालाजी टेलिफिल्मका जनरल म्यानेजर रविचन्द्र भट्टराईलगायत मुम्बईमा रहेका विभिन्न चलचित्रकर्मी, टेक्निसियन र मिडियाकर्मीहरूको बाक्लो उपस्थिति थियो ।

### अल्पसंख्यक कुमाल जातिसम्बन्धी चलचित्र

पाल्पाको कलाकार समूहले कुमाल जातिका विविध पक्षलाई समेटेर निर्माण गरेको चलचित्र 'दोभान' अन्तिम चरणमा पुगेको छ । चलचित्रमा कुमाल जातिको कला-संस्कृति, रहन-सहन तथा सामाजिक स्थितिलाई मुख्य विषय बनाइएको लेखक तथा निर्देशक ईश्वर नेपालले जानकारी दिए । पाल्पाको रानीमहल फिल्म्सको ब्यानरमा निर्माण भएको यो चलचित्रसँगै कुमाल डकुमेन्ट्री पनि प्रदर्शनीमा आउनेछ ।

### नमस्ते बन्दै

हास्यचलचित्र 'नमस्ते'को निर्माण प्रारम्भ भएको छ । सुशील पोखरेल, राजु हिमा शिव, अपेक्षा अधिकारीले उक्त चलचित्रको शुभमुहूर्त सट दिएका थिए । पूर्णतः हास्यप्रधान चलचित्र भनिएको चलचित्र 'नमस्ते' तीर्थभक्त भिजनको पहिलो प्रस्तुति हो । यो चलचित्रमा दिलीप रायमाझी, सोनिया केसी, किरण केसी, गोपाल ढकाल (छन्दे), रञ्जिता लामा, राजु अर्याल, सुशील पोखरेल, रोहित कार्की आदि कलाकारको अभिनय रहनेछ ।

### सुनको बिहानीको शुभमुहूर्त

नेपाली कथानक चलचित्र 'सुनको बिहानी' को छायांकन प्रारम्भ भएको छ । पूर्वेली कलाकारहरू मिलेर बनाउन देशभक्तिमा आधारित 'सुनको बिहानी' खापुङ फिल्म्स प्रालिको ब्यानरमा निर्माण हुन लागेको हो । यो चलचित्रमा अधिकांश कलाकार झापाली छन् । 'सुनको बिहानी' झापा, इलाम र मोरङका विभिन्न क्षेत्रमा छायांकन गरिनेछ । चलचित्रमा झापाली कलाकार युना उप्रेती र विराटनगरकी मोडल आदित्या लोहनी नायिकाको भूमिकामा छन् । झापाकै सुवास मेचे र विल्सनविक्रम राई पनि मुख्य भूमिकामा प्रस्तुत हुनेछन् । फिल्ममा नायिका तृप्ति नाडकर, नायक गणेश उप्रेती, दिनेश शर्मा, सुशील पोखरेल, सूरवीर पण्डित, भुगेन्द्र लिडदेन (मन्त्री), श्रीकृष्ण लुइटेल, विपीन प्रसाई, लक्ष्मी बोहोरा, श्याम अधिकारी आदिले अभिनय गर्नेछन् ।



## ● लभ गुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं । आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस् । ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ । यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन । आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला ।

**म २० वर्षीय अविवाहित युवक हुँ । अहिले म सिभिल इन्जिनियरिङको तेस्रो वर्षमा छु । लगभग आठ महिनाअघि एक दिन फोन गर्ने क्रममा मेरो फोन गलत नम्बरमा गयो, उक्त फोन एउटी युवतीले उठाएकी थिइन् । र नम्बर भनेर मैले फोन काटें । त्यसपछि ती युवतीले कल फर्काएर लामो कुरा गरेपछि मित्रताको प्रस्ताव गरिन् । मैले उनको प्रस्तावलाई सहर्ष स्वीकार गरें । भेटघाट बाक्लिँदै गएपछि हाम्रो मित्रता प्रेममा परिणत भयो । पहिले उनले मलाई आफू अविवाहित भएको बताएकी थिइन् । त्यसपछि उनले आफैं विवाहित भएको तर बालबच्चा नभएको बताइन् । उनको र श्रीमान्को सम्बन्ध राम्रै भएको मैले धेरैपछि मात्र थाहा पाएँ । सबै कुरा थाहा हुँदाहुँदै पनि म उनलाई हृदयदेखि नै माया एवं विश्वास गर्छु । उनी पनि अहिले म तिमीविना बाँच्न सक्दिन भन्छिन् । म पनि उनीविनाको जीवन सोच्न सक्दिनँ । यो अवस्थामा म आफ्नो जीवन र भविष्यका बारेमा अनिर्णित छु । म के गरूँ ?**

**डी.पी.सी.**

प्रेम अन्धो हुन्छ ? भन्ने कुरा तपाईंलाई थाहै होला । पहिले तपाई असन्तुष्ट यौनसम्बन्धमा जेलिएकी महिलाको सम्पर्कमा आउनुभयो । त्यस्तो सम्पर्क मित्रताको बाटो हुँदै प्रेमसम्बन्धका रूपमा विकसित भयो । जहासम्म तपाईंकी प्रेमिकाको श्रीमान्को कुरा छ, त्यो विषयमा तपाईंले आफ्नी प्रेमिकासाग नै गहन छलफल गर्नु र सम्भव भएसम्म उनलाई पारपाचुके लिने सल्लाह दिनु आवश्यक देखिन्छ । यदि तपाईंकी प्रेमिकाका श्रीमान् पारपाचुकेका लागि तयार छन् भने तपाईंहरू आफ्नो वर्तमान र भविष्यप्रति अनिर्णित हुनुपर्ने कुनै कारण छैन । तपाईंकी प्रेमिकाले पहिले आफू अविवाहित भएको र पछि विवाहित भएको कुरा बताएको सन्दर्भमा बुझ्नुपर्ने अर्को कुरा के हो भने ती युवतीले सन्तानका बारेमा पनि तपाईंलाई ढाँटेकी त छैनन् ? यदि त्यसो हो भने ती युवती विवाहित र सन्तान भएकै कारणले नभै झूटो बोल्ने र कुरा लुकाउने कारणले तपाईंका लागि अयोग्य हुन सक्छिन् । यसतर्फ भने सजग हुनुपर्छ ।





- A three-year higher Diploma in International Culinary Arts (DICA)
- 2 Years in Nepal, one year abroad
- Paid Internship in USA, Dubai, Hong Kong and India

Seasoning Tomorrow's Great Chefs Today

SILVER MOUNTAIN
School of Hotel Management
Lainchaur, Kathmandu, Nepal. Tel: 4415038 / 4429151
Email: bhm@silvermountain.edu.np, www.silvermountain.edu.np

AHA American Hospitality Academy NEPAL



राग्निी उपाध्याय

**(चित्रकार)**

• महिला अधिकारको कुरामा सक्रिय रहन्छु । पहिलेदेखि गरिआएको हकहितको कामलाई निरन्तरता दिनेछु ।

• आफ्नो कलाकृतिमार्फत देशका नेताहरूलाई आफू र पार्टीको स्वार्थ छाडी देश र जनतालाई प्रेम गर्न चेतना जगाइरहनेछु ।

• बाग्मतीको दुर्दशा देखर दु:ख लाग्छ । यो विषयमा आफू पनि र अरूलाई पनि जागरूक गराउने योजनामा छु ।

• आफ्नो घरवरिपरि सरसफाइ गरी अरूलाई पनि त्यसमा जागरूक गराउनेछु ।

• आफ्नो काम कर्तव्यमा इमान्दार र निष्ठावान हुनेछु ।

• समयमा खाने, सुत्ने, योग अनि व्यायाम गरि अनुशासित दिनचर्या बनाउनेछु ।

• आफ्नो चित्र बिक्रीबाट भएको आम्दानीको केही अंश दीन-दु:खीमा खर्च गर्ने सोच बनाएकी छु ।

• यो वर्षदेखि म शतप्रतिशत सत्य बोल्ने प्रयास गर्नेछु ।

• सादा जीवन उच्च विचार राख्नेछु ।



सञ्जय गोल्छा

**प्रबन्ध निर्देशक, नियोटेरिक नेपाल**

१. म मेरो व्यक्तिगत र व्यावसायिक दुवै कामलाई एकदमै जिम्मेवार भएर गर्नेछु ।

२. म मेरो कमजोरी वा गल्तीको दोष अरूलाई दिन्न‍ू ।

३. मेरो कामका कारण अरूलाई नकारात्मक असर नपुगोस् भनेर विशेष ध्यान दिनेछु ।

४. यो वर्ष म मेरो स्वास्थ्यमा विशेष ध्यान दिनेछु । विशेष गरी स्वास्थ्यवर्द्धक खानेकुरा र नियमित शारीरिक अभ्यासमा जुट्नेछु ।

५. मलाई फोटोग्राफीमा विशेष सौख छ, यो वर्ष त्यसतर्फ पनि ध्यान पुऱ्याउनेछु ।



मालभिका सुब्बा

**(पूर्व मिसनेपाल)**

१. वर्षको एक दिन होलिडे जान्छु, नेपालबाहिर ।

२. अर्बिट एमबीबीएस इन्टरनेसनलका विद्यार्थीलाई पर्सनालिटी, पब्लिक स्पिकिङ, इन्टरभ्यू कसरी दिने भन्ने प्रशिक्षणलाई निरन्तरता दिन चाहन्छु ।

३. गर्न नसक्ने गरी धेरै काम लिन्नँ ।

४. आफ्ना लागि व्यक्तिगत समय निकाल्छु ।

५. गाडी किन्ने प्रयास गर्छु ।

६. आफ्नो स्वास्थ्यमा ध्यान दिन्छु ।

७. नयाँ कुरा सिक्छु, आफ्नै कम्पनी खोल्छु ।

८. टेलिभिजन शोको सञ्चालनमा रुचि देखाउनेछु ।

९. परिवारलाई समय दिनेछु ।

१०. ३० वर्ष पुगियो, जन्मदिन खुसीसाथ मनाउँछु । अहिलेदेखि म त्यसको मानसिक तयारी गरिरहेकी छु ।

सविना कार्की

**आरजे कान्तिपुर एफएम**

१. म मेरो मोबाइलमा आएको मिस कललाई कल ब्याक गर्छु । एसएमएसको रिप्लाई पनि गर्छु ।

२. घर परिवारलाई अझ बढी समय दिनेछु ।

३. म आफूलाई आएका कामहरूका अफरहरूका बारेमा खासै सिरिएस हुन्न तर अब यो वर्षबाट सिरिएस हुन्छु ।

४. म यो वर्ष अलिकति मोटाएकी छु, त्यसैले योग गर्नेछु अनि फेरि स्लिम एन्ड ट्रिम देखिनेछु ।

५ म फेसबुकमा कम समय बिताउने प्रयाश गर्नेछु ।

६. म रेडियोमा कानुनसम्बन्धी शो गर्छु भनेको धेरै भयो, छिट्टै त्यो कार्यक्रमको सुरुवात गर्नेछु ।

७. पर्दा अगाडिका धेरै स्टारलाई श्रोतामाझ चिनाउने काम



धेरै गरेँ, अब पर्दा पछाडिका हिरो र हिरोइनलाई पनि श्रोतामाझ ल्याउनेछु ।

८. म मीठामीठा परिकारहरू बनाउन सिक्नेछु र किचेनमा समय बिताउने प्रयास गर्नेछु ।

९. मेरो रिस नाकको टुप्पोमै छ, रिस कन्ट्रोल गर्न सकेसम्म प्रयास गर्नेछु ।

१० नेपाल पर्यटन वर्ष २०११ ले आगामी दिनमा नेपाल र नेपाली छाप विदेशी पर्यटक माझ राम्रो बनाउन सक्ने धेरै सम्भावना छ, त्यसैले सकेसम्म नेपाल पर्यटन वर्षका बारेमा प्रचार-प्रसार गर्न हरसम्भव प्रयास गर्नेछु ।

दीपक विष्ट

**(तेक्वान्दो खेलाडी)**

१. खेलकुद क्षेत्रलाई निरन्तरता दिन्छु ।

२. खेलाडी संघको अध्यक्षको हैसियतले सम्पूर्ण खेलाडीको हक हितका लागि सशक्त ढंगले अघि बढ्नेछु ।

३. घुँडाको अप्रेसन गर्नेछु ।

४. सामाजिक क्षेत्रमा पनि काम गर्नेछु ।

५. मौका मिल्यो भने विवाह गर्नेछु ।



६. घर बनाउनेछु ।

७. सन्तोषजनक रूपमा कमाउन सकियो भने वालवालिकाको हितमा च्यारिटी गरेर सहयोग गर्नेछु ।

८. सम्मान कार्यक्रमका लागि अमेरिका जानेछु ।

९ खेलकुदमा जुन किसिमको अराजकता छ, त्यसलाई हटाउन सधैं अग्रसर हुनेछु ।

१०. राम्रो खेलाडी उत्पादन गर्ने कार्यमा लाग्नेछु ।


पञ्चकर्मद्वारा
मोटोपनको ग्यारेन्टी उपचार
यदि तपाई मोटोपनबाट पिडीत हुनुहुन्छ भने आयर्वेद पद्दतिद्वारा बिना कुनै साइड इफेक्ट्स १० दिनमा ३ देखि ९ के.जी. तौल ग्यारेन्टीका साथ घटाइन्छ । साथै हाडजोर्नी, नसा, पेट, मानसिक तथा दीर्घ रोगहरुको पनि उपचार गरिन्छ ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरु ।
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
धुम्बाराही चोक, रिङ्गरोड
काठमाडां फान : ४३७९०९६, ४३७४५४८

"विगत वर्षहरुको गहिरो अनुभव र हाम्रो सफलता"
प्राइभेट
TEST/SLC–067
कक्षा–१०मा भर्ना खुल्यो !
कक्षा ८ पास, भर्खरै 9/Test फेल भएका तथा SLC फेल भएर निराश भई बसेका तथा अवसर खोजी गर्दै अध्ययन निरन्तर गर्न चाहनेहरूका लागि सूवर्ण अवसर ... !
हाम्रा विशेषताहरू
- अनुभवि तथा दक्ष शिक्षक–शिक्षिका
- नि:शुल्क शैक्षिक सामग्री
- उचित शैक्षिक परामर्श तथा प्रोत्साहन
- कमजोर विद्यार्थीहरूको लागि नि:शुल्क छुट्टै कक्षाको व्यवस्था
- Weekly, Monthly र Terminal परीक्षा तथा पृष्ठपोषण
- उत्पीडित वर्ग, गरिब तथा जेहेन्दार विद्यार्थीहरूको लागि विशेष छात्रवृत्ति प्याकेज,
- विगत वर्षहरूमा १००% विद्यार्थीहरू पास गराउन सफल ।
भर्खरै SLC दिएर बसेका विद्यार्थीहरूलाई English Language र Computer Training मा विशेष छुट, सिट सिमित छ ।
कक्षा समय: बिहानी/ दिवा
जि. शि. का. तथा EIA नेपालद्धारा मान्यता प्राप्त
विस्तृत जानकारीका लागि :
नववुद्ध OPEN SCHOOL
चाबहिल ४४७५३००/०१६२१२३५७ (चावहिल चोकदेखि गणेशथान जाने बाटो)
शोभाभगवती, ढल्कुचोक ४२५०५३३, ९८४९१६९०६७ (इन्द्रेणी मन्दिरको अगाडि)

सौन्दर्यका सामान
Free Home Delivery / 100% Guaranteed
- Height बढाउने (Yoko Japanese) - 1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाइट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाइट गर्ने ।
Worldwide Shopping Centre
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134

सजिलै पास गरौं
प्राइभेट Test/S.L.C.
- भर्खरै ९ तथा Test फेल भएका
- ८, ९ तथा Test पास गरी पढाइ छाडेका
- जागिरे, गृहिणी, मेहनती र जेहेन्दार विद्यार्थीलाई विशेष सुविधा सहित
कक्षा १०मा भर्ना खुल्यो
समय अभाव हुनेहरुले शनिवार मात्र पढेर पास गर्ने व्यवस्था
अंग्रजी तथा नेपाली दुवै माध्यममा पढाइने
- जि. शि. का. बाट मान्यता प्राप्त
- विगतमा १००% पास गराउन सफल
- S.L.C. पास गर्नको लागि
सिभिल नेशनल एकेडेमी
नयाँ बानेश्वर चोक
नयाँ बानेश्वर डिपार्टमेन्ट स्टोरको ठीक अगाडी
फोन नं. ४७८०२२८, ९८४१३८१४१६

भर्ना खुल्यो भर्ना खुल्यो
जिल्ला शिक्षा कार्यालय बाट मान्यता प्राप्त
प्राईभेट TEST/SLC 2067
दक्ष तथा अनुभवी शिक्षकहरु द्धारा उत्कृष्ट अध्यापन गराई सर्वोत्कृष्ट नतिजा ल्याउन सफल यस
TIME INSTITUTE
Technical information for Multiple Education
Bagbazar Kathmandu, Nepal
Tel: 01-4239156, 4240082 (Right Side to P.K. Campus)
माध्यम अंग्रेजी/नेपाली
मा धमाधम कक्षा संञ्चालन भइराखेको छ, चाडै सम्पर्क गर्नुहोला ।
पुनश्च: कलाकारीता, राजनीति तथा अन्य रोजगारी पेशामा लागि पढ्न छुटाएका बिद्यार्थीहरुका लागि बिशेष कक्षाको समेत व्यवस्था गरिएको छ ।

प्राइभेट TEST/SLC - 2067
१२ वर्षको गहिरो अनुभवका साथ यस पटक पनि पुन भर्ना खुल्यो SLC पास गर्ने सुवर्ण अवसर आजै सम्पर्क राख्नुहोस् ।
प्राइभेट TEST/SLC कसका लागि ?
कक्षा ८ वा ९ पास गरी स्कुल जान नपाएका र कक्षा ९, Test वा SLC फेल भै निरास भएकाहरुका लागि ।
सम्झना एकेडेमी नै किन ?
अत्यन्त अनुभवि शिक्षक/शिक्षीकाद्वारा अध्यापन, गरिव जेहेन्दार दलित पिछडिएकाहरुका लागि छात्रवृत्तिको व्यवस्था, कमजोरका लागि विशेष कक्षा संचालन, होस्टेलको राम्रो व्यवस्था भएको । बिहान, दिउँसो र बेलुका कक्षा संचालन हुने, अंग्रेजी/नेपाली छुट्टा छुट्टै कक्षा को व्यवस्था ।
TEST/SLC ग्यारेन्टीका साथ पास हुने गरी पढ्नलाई सम्झनुहोस्
SAMJHANA ACADEMY पुरानो बसपार्क, नेपाल पुलिस क्लब ठिक पछाडि
सम्पर्क 014246397

## केवल एक प्रश्न

# कुन गीतको भावार्थ तपाईंको जीवनसँग मिलेको जस्तो लाग्छ ?

त्यो एउटा गीत छ नि.....लौ बोल नै बिर्सिएँ, म पाँच मिनेटमै कलब्याक गरेर भन्छु है ? (लगभग पाँच मिनेटपछि)...त्यो 'जे भो राम्रै भो'को गीत छ नि....माया कुन्नि के भन्ने...अँ माया तिम्रो कति छ...रामकृष्ण ढकालले गाएको...हो, त्यो गीत सुन्दा म हरदम आफ्नी जीवनसंगिनी झरना (नायिका झरना थापा)लाई सम्झन्छु, अनि उनको र मेरो बीचको मायाका क्षणहरूमा हराउँछु ।

**सुनिलकुमार थापा (चलचित्र निर्माता)**

लौ जीवनसँग मिल्ने गीत पनि हुन्छ र ? सबै गीतको कुनै न कुनै भाव त संयोगले मिलिहाल्छ नि । मेरो जीवनसँग मिल्ने त्यस्ता कुनै गीत बनेको पनि छैन ।

**शिशिर सुवेदी (टेलिअभिनेता/निर्देशक)**

नारायणगोपालले गाएको गीत 'यति धेरै माया दिई...' एसएलसी पढ्दा निकै सुन्थें । त्यतिबेला एउटी केटी मलाई निकै मन पर्थिन् । त्यो गीत सुनेपछि म उनकै सम्झनामा हराउँथें । नारायणगोपालले त्यो गीत मेरै लागि गाएको हो कि जस्तो लाग्थ्यो । अहिले धेरै गीत मन पर्छन्, तर मेरै लागि गाएको भन्ने किसिमको गीतचाहिँ भेटेको छैन ।

**राजेश ढुंगाना (नायक)**

खै... मैले त्यसरी गीत सुनेकै छैन । हुनत कुनै न कुनै गीत मिल्छ होला । मेरै लागि गाएको रहेछ भन्ने खालको गीत अबचाहिँ खोज्नुपर्ला । पाएपछि भन्छु है ?

**नन्दिता केसी (नायिका)**

सिने गुरुङले गाएको 'मन किन रुन्छ, यो मन' साह्रै मन छुने खालको छ । कहिलेकाहीं दिक्क लागेर एक्लै हुँदा म त्यही गीत सुन्छु, अनि मलाई त्यो गीतको भाव मसँग मिलेको हो कि जस्तो लाग्छ...।

**प्रविशा अधिकारी (गायिका)**



## मेरो अनुभव



# स्कुल जीवन

**उमेश खड्का (चलचित्र खलनायक)**

भक्तपुरको दधिकोट मेरो पुर्ख्यौली थलो हो । पाँच कक्षासम्मको अध्ययन मैले स्थानीय अरनिको उच्च माविमा गर्न पाएको थिएँ । त्यतिबेला म सामान्य विद्यार्थी थिएँ । पाँच कक्षादेखि मलाई बुबाले सूर्यविनायकको शान्ति निकेतनमा भर्ना गरिदिनुभयो । त्यसपछि साथीहरूको संगत वा चञ्चले उमेरले होला, स्कुलबाट भाग्न र पढाइमा भन्दा घुमफिरमा मज्जा मान्न थालें । केही गरी स्कुलका शिक्षकहरूले थाहा पाए भने कुटाइ खान्थें । अझ बुबाको झाप्पु त कति खाएँ कति ! सूर्यविनायक छेउछाउको जंगल हाम्रो घुम्ने र मस्ती गर्ने थलो थियो । लालीगुराँस टिप्ने, काफल खाने र केटाहरूसँग हल्ला गर्दै डुल्ने अनि स्कुल छुट्ने बेला पारेर घर जाने । त्यो बेला गरेको बदमासी त कहाँ बिर्सन्छु र ? कक्षा पास त हुन्थें, तर निकै कम नम्बर ल्याएर । बुबाले मेरो बदमासी थाहा पाएपछि सहरको राम्रो स्कुलमा राख्ने भनेर मीनभवनको ईपीएसमा भर्ना गरिदिनुभयो । त्यतिबेला म आठ कक्षामा पढ्दै थिएँ ।

खाने मुखलाई जुँगाले के छेक्थ्यो र ? बद्मासी गर्ने अनि स्कुलबाट भाग्ने बानी परिसकेको थियो । फेरि साथीभाइ पनि त्यस्तै । त्यतिबेला न्युरोडनजिकै मखन गल्लीमा भिडियोमा चलचित्र देखाइन्थ्यो, त्यो पनि एक रुपैयाँमा । खाजा खर्च तीन रुपैयाँजति हुन्थ्यो । एक रुपैयाँको चलचित्र हेर्‍यो, बाँकीको खाजा खायो । फर्कनलाई ट्रलिबस जिन्दावाद, किनभने त्यसमा स्कुले विद्यार्थीसँग पैसा लिँदैनथे । त्यति बेला नै हो, मैले सबैभन्दा बढी चलचित्र हेरेको । मलाई हिन्दीमा अमिताभ बच्चन र नेपालीमा शिव श्रेष्ठको चलचित्र निकै मन पर्ने । शिवदाइको चलचित्र हलमा चलेको थाहा पाए स्कुल ड्रेसमै हलमा पुग्थें, थर्डक्लासको टिकट एक रुपैयाँ त पर्थ्यो । त्यसरी बिग्रिएको बुबाले चाल पाउनुभयो । एसएलसीका बेला मलाई फेरि घरनजिकै अरनिको स्कुलमै भर्ना गरिदिनुभयो । एसएलसी थर्ड डिभिजनमा पास गरें, त्यो पनि धन्न गरेछु । अहिले सम्झँदा हाँसो उठ्छ ।



## • तीन प्रश्न •



चार वर्षअघि अभिनयक्षेत्रमा लागेकी गीता अधिकारी सानो-ठूलो पर्दामा सफल अभिनय गरिरहेकी सफल कलाकार हुन्। टेलिश्रृंखला 'अपराध' मा सफल भूमिका निर्वाह गरेपछि उनको माग बढ्न थालेको हो। उनले 'यातना' टेलिसिरियलमा उमेशनाथ अर्याल र दीपाश्री निरौलाकी छोरीको भूमिका निर्वाह गरिन्। त्यसपछि उनले क्रमशः 'मदनबहादुर, हरिबहादुर-२', 'आमा', 'जन्तर', 'जीवनचक्र', 'नाता' आदि थुप्रै टेलिसिरियलमा प्रमुख भूमिका निर्वाह गरिन्। सानो पर्दाबाट सुरु भएको उनको कलाकारिताको यात्रा बिस्तारै ठूलो पर्दातर्फ बढ्यो। ठूलो पर्दाको 'जनयुद्ध', 'मान्यो नि मायाले मान्यो' आदिमा उनको प्रमुख भूमिका छ। गीताले २० वटा म्युजिक भिडियो, ३ वटा डकुमेन्ट्री र ३ वटा छोटा चलचित्रमा पनि अभिनय गरिसकेकी छिन्।

**कलाक्षेत्रमा कसरी प्रवेश गर्नुभयो ?**

ख्यालख्यालमै भन्दा हुन्छ। नेपाल वान टेलिभिजनमा सिने कार्यक्रम 'सम्झना' सञ्चालन गर्न थालेकी थिएँ, त्यहींबाट चलचित्रक्षेत्रका व्यक्तिहरूसँग सम्बन्ध बढ्यो। त्यसपछि टेलिसिरियलतिर अभिनय थालें।

**चलचित्रमा प्रवेश गर्न कत्तिको गाह्रो भयो ?**

सुरुमा त खासै गाह्रो भएन, चलचित्रक्षेत्रका व्यक्तिहरूसँग सम्बन्ध छँदै थियो, तर प्रवेश गरिसकेपछि चाहिँ धेरै मेहनत गर्नुपर्‍यो।

**हालसम्म कति अभिनय गर्नुभयो ?**

थुप्रै छन्, २० वटा म्युजिक भिडियो छन्। ४ वटा डकुमेन्ट्री, ३ वटा छोटा चलचित्र, ७ वटा विज्ञापन छन्। त्यसबाहेक १ दर्जन टेलिसिरियलमा अभिनय गरियो। २ वटा ठूलो पर्दाका चलचित्रमा पनि अभिनय गरियो।



## जम्का भेट

नायिका ऋचा घिमिरे अचेल द्वन्द्व तथा शास्त्रीय नृत्यको कडा प्रशिक्षण लिइरहेकी छिन्। उनी बिहान सबेरैदेखि मध्याह्नसम्म प्रशिक्षणमै व्यस्त हुन्छिन्। यही वैशाख १४ गते छायांकन थालिने उनको आफ्नै चलचित्र 'तुलसी'को शीर्ष भूमिकाका लागि ऋचा एकाग्र चित्तले पूर्वतयारी गरिरहेकी छिन्। गत वर्ष ऋचा चलचित्रमा अभिनयले भन्दा निर्देशक शंकर घिमिरेसँगको विवाहका कारण चर्चामा आइन्। यो वर्ष उनी आफ्नो अभिनयकलाबाट चर्चामा आउने बताउँछिन्। यसका अतिरिक्त विवाहलगत्तै हनिमुनका लागि लन्डन जाने उनको कुरा व्यवहारमा लागू भएको छैन, अनि उनलाई चलचित्रमा अनुबन्ध गराउने क्रम पनि घटेको महसुस गरिएको छ।

**'तुलसी'का लागि कडा तयारी गरिरहनुभएको छ, किन होला ?**

हामी यही कुरामा पछाडि छौं। कुनै पनि भूमिकाका लागि हामी आवश्यक न्यूनतम पूर्वतयारी गर्दैनौं। चरित्रमा डुबेर अभिनय गरिए पनि त्यो बनावटी लाग्ने कारण नै त्यही हो। हामीले पूर्वतयारी गर्न चाहे पनि त्यसका लागि समय हुँदैन। अधिकांश चलचित्रमा 'अन द स्पट' चरित्रमा डुब्न खोजाइन्छ। 'तुलसी' मेरो अभिनय क्यारियरको टर्निङ प्वाइन्ट हुनेछ। त्यसैले द्वन्द्व तथा शास्त्रीय नृत्य सिक्नेलगायत शारीरिक बनौट दुब्लो बनाउन भरसक प्रयत्न गरिरहेकी छु।

**के–के गर्दै हुनुहुन्छ 'तुलसी'मा ?**

अठार वर्षकी किशोरीदेखि २५ वर्षकी विवाहित महिलाको चरित्र निर्वाह गर्दैछु। मैले प्रेमिका र विवाहिता नारीको अलग-अलग अभिनय गर्नुपर्नेछ। वास्तवमा यसभन्दा अघि मैले यसरी पूर्वतयारी गरेर अभिनय गरेकी थिइन। 'तुलसी'मा जस्तो भर्सटाइल अभिनय गर्ने चरित्र पनि मलाई दिइएको थिएन।

**पछिल्लो समय तपाईंको चर्चा अभिनयले भन्दा विवाहले बढी भैरहेको छ ?**

एउटी नायिकाले विवाह गरेपछि चर्चा हुनु स्वभाविक हो, तर अभिनयको चर्चा हुन ०६७ का चलचित्रहरू नै पर्खनुपर्छ। यो वर्ष म अभिनय दक्षता देखाउने चरित्रमा मात्र आउँदैछु। 'तुलसी'को चरित्र भनिसकें। त्यस्तै अभिनय क्षमता देखाइएको अर्को चलचित्र हो, 'देशदेखि विदेश' यो चलचित्र काठमाडौंमा आउन बाँकी छ। 'अल्झेछ क्यार पछ्यौरी'मा चञ्चले र हास्यभूमिकामा छु, अनि भुवन केसीको चलचित्र 'साथी म तिम्रो'मा छ वर्षको छोराकी आमा भएकी छु। 'वीरताको चिनो'मा म फोटो पत्रकारको चरित्रमा छु।

**भनेपछि अभिनय देखाउने चलचित्र मात्र स्वीकार गर्ने विचारमा हुनुहुन्छ ?**

विचार मात्र होइन, निधो नै गरिसकें। अब म स्वाद नै नभएको भूमिका स्वीकार गर्दिनँ। आफूलाई नायिकाभन्दा पनि राम्रो अभिनय गर्ने अभिनेत्रीका रूपमा चिनाउने प्रयत्न गर्छु। पर्दामा 'सो पिस' बनाइने भूमिका त गर्दै गर्दिनँ।

**त्यस्तो भूमिकाको प्रस्ताव आउला त ?**

आइरहेको छ। भर्खरै मात्र एक जना नाम कहलिएका निर्देशकले प्रस्ताव गर्नुभएको छ। कुरा हुँदैछ, तर म 'तुलसी' नसकी अरू चलचित्रमा काम गर्दिनँ।

**विवाहका बेला हनिमुनका लागि लन्डन जाने बताउनुभएको थियो ? किन नजानुभएको ?**

लन्डन घुम्ने तथा शंकरजीको चलचित्र 'वीरताको चिनो'को सो पनि गर्ने योजना बनाएका थियौं, तर 'तुलसी'को काम थालिहाल्नुपर्ने भयो। अब यसको छायांकन सकिएपछि यही असारको पहिलो साता लन्डनलगायत युरोपेली मुलुक घुम्दै चलचित्रको सो गरेर आएपछि नेपालमा रिलिज गर्ने निधो गरेका छौं।


अ.हे.व./अ.न.मी.
लोक सेवा तयारी कक्षा
स्टाफ नर्स प्रवेश तयारी कक्षा
- निशुल्क भर्ना।
- निशुल्क फारम।
- चाहेको ठाँउबाट फारम भरिदिने।
- प्रत्येक हप्ता परीक्षा।
- अनुभवि प्रशिक्षण बाट प्रशिक्षण।
- किताब निशुल्क।
तु-सम्पर्क
स्कुल अफ एप्लाईड साईन्स एण्ड टेक्नोलोजि
गोंगवु चोक, काठमाडौं
फोन: २१७५५७५, ९८४१३४०७४४, ९८४१०५८२५३



प्राईभेट
Regular Test/SLC - 2067
Test ग्यारेन्टी पास
- भर्खरै कक्षा ९ तथा Test फेल भएका
- ८ पास ९,१० Test/SLC फेल भई विभिन्न कारणले पढाई छाडेकाहरु
- कक्षा ९ नपढी सिधै Test/SLC दिन पाईने
भर्ना खुल्यो
SLC मार्कसिट प्राईभेट नभई रेगुलर हुने
विगत वर्षहरुमा 100% पास गराउँन सफल
माध्यम: नेपाली/अंग्रेजी समय: बिहान/दिउँसो
६ महिनामै कक्षा ८
५,६,७,८ पढ्दा पढ्दै बिचैमा पढाई छाडेका महिला तथा पुरुषहरुको लागी कक्षा ९ नपढी सिधैं Test / SLC दिन पाईने।
बाइरन एकेडेमी
बनस्थली
४३६४८८८, ९८४१७०००८७



New Year 2067 Discount Offer 30% to 60% Boom Offer
Asian Sky Shop का सामानहरू र टि.भि.मा देखिाइने सामानहरू पाईन्छ।
शक्ति सम्बृद्धिको लागि हर समस्या, हर रोगबाट छुटकारा दिलाउने नजर कबज साथमा त्रिस्टल र हरेक लकेटहरु पाईन्छ। साथमा चुरोट, जाडँ, रक्सीको नशाबाट छुटकारा दिलाइन्छ।
Counselling for 9808503540
कपाल उमार्ने तेल
यौन उत्तेजना नहुने महिलाहरूका लागि यौन सन्तुष्टि दिने – भाइब्रेसन बा बा
Health & Physical Problem ?
100% Sliming & Good Looking को लागि हर्बल पद्धती एक महिनामा १५ के.जी मोटोपन घटाउने, हाईट बढाउने १ महिनामा १५० से.मी. देखि १८० से.मी., अनुहारको समस्याहरु चायाँ पोतो, दाग र अनुहार उज्यालो गोरोबनाउने, गुमेको सुन्दरता फिर्ता, चाउरीपन हटाउने, पेटको धर्सा मेटाउने, स्लीम, हिप थाई, पेट १ दिनमा नै ५ ईन्च कम हुने मोटाउने औषधि १ महिनामा १० देखि १२ केजी बढाउने १० वर्ष उमेर कम देखाउने योङ बनाउने।
100% Guarened 100% Naturaly No Side Effect
Male & Female SEX PROBLEM ?
स्तन, गुप्ताङ्ग टाईट एक दम फिट 100 % ग्यारेण्टी
Handsome Up लिङ्गको लम्बाई र मोटाई बढाउने अमेरिकन प्रोडक्ट
कोरियन स्प्रे एण्ड सेक्स पावर जेल रू. २१००।-
योको हाईट 180 cm सम्म Height बढाउने
Japanes Oil 300/-
पहिले ९० के.जी 51 cm BEFOR
अहिले ३६ के.जी. 35 cm (मात्र केहि दिनमा) AFTER
होम डेलिभरी ९८४९०३०७३४
हट लाइन ०१–४३५४९८५ ९७२१५२६१३५
हेल्दी होम फिटनेश एण्ड ब्यूटी क्लब गणेशस्थान रोड, गोंगबु
२४ घण्टा भित्र भ्याली बाहिर डेलिभरी गरिनेछ।
- 5 in a Magic Sofa & Air
- Foot Bath, Massager
- Body Bath Steamer
- AB King pro
- Exercise सामानहरु
मोटोपना घटाउने १ महिनामा १५ के.जी (44 cm - 13 cm = 31 cm)



SLC 067
को लागि साथै कक्षा ६, ७, ८ र १० मा
भर्ना खुल्यो
कक्षा ४,५,६,७ वा ८ पास गरी स्कुल जान नसकेका, कक्षा ९, Test वा SLC फेल भई स्कुल छाडेका वा स्कुल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहने विद्यार्थीहरुलाई
अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर
- अंग्रेजी र नेपाली दुवै भाषामा पढाईन्छ।
- SLC दिने विद्यार्थीहरुले कक्षा १० को मात्र पाठ्यवस्तु पढे पुग्ने।
- बारम्बार फेल भई निराश भएका र पढाई छाडि बसेकाहरुको लागि विशेष कक्षाको व्यवस्था गरी मनोवैज्ञानिक तरिकाले पढाइने।
- होस्टेल तथा यातायातको समेत व्यवस्था छ।
- कक्षा समय: बिहान र बेलुका।
- नियमित स्कुल आउन नसक्नेहरुको लागि खुला सिकाईको व्यवस्था।
- जुन कक्षामा विद्यार्थी भर्ना हुने हो त्यसभन्दा २ कक्षा तलको कक्षा उत्तीर्ण गरेको प्रमाण पत्र पेश गरे पुग्ने।
Students' Open Learning Academy
द्वारा सञ्चालित तथा जि.शि.का. बाट अनुमति प्राप्त
Students' Coaching & Tutorial Academy
भाटभटेनी चोक (सिजापति शालिक संगै), PHONE: 4415244



खुल्यो ! खुल्यो !! खुल्यो !!!
१००% प्राक्टीकल
नेपालमै पहिलो पटक
CCTV, Security System Fire alarm Control System, Embedded System Design, Mastering 8051 Microcontroller तथा Electrical, Electronic बिषयहरूमा अनुभवी इन्जीनियर तथा दक्ष प्राविधिकद्वारा प्रशिक्षणको तालिम खुल्यो। धमाधम भर्ना लिइदैछ, सिट सिमित छ।
प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र प्रा.लि.
अद्वैतमार्ग, पुरानो बसपार्क, काठमाडौं
४२४६९३६

• चलचित्र •



# आक्रान्त

दसवर्षे द्वन्द्वमा साधारण नागरिकले बेहोर्नुपरेको कहालीलाग्दो अवस्थामा आधारित लघुचलचित्र हो– आक्रान्त। चलचित्रमा थुप्रै प्रयोग गरिएका छन्। त्यसैले यो मूलधारमा बन्ने मसलेदार चलचित्रभन्दा पृथक् छ। द्वन्द्वबाट आक्रान्त भएर भागिरहेका एक युवकको भोगाइ र कल्पनामा चलचित्रको कथा बगेको छ। कथाअनुसार आफ्नो ज्यान जोगाउन भागिरहेको एउटा युवकले एम्बुसमा परेर खुट्टा गुमाउँछ। त्यसपछि चलचित्रको केन्द्रीय भूमिकामा देखिने उक्त युवकले आफ्नो उद्देश्य बदल्छ। अब ऊ आफू बाँच्ने मात्र नभएर अरुलाई वचाउने अभियानमा समेत लागिपर्छ। अन्ततः द्वन्द्वको चपेटावाट अरूलाई बचाउने अभियानसँगै ऊ वास्तविक नायक बन्न पुग्छ।

चलचित्रको प्रारम्भिक दृश्यहरूलाई श्यामश्वेत रंगमा प्रस्तुत गरेर निर्देशकले नेपालको पुरानो अवस्थाको चित्रण गर्न खोजेका छन्। जसअन्तर्गत पुरानो अवस्था झल्काउने गरी रङ तथा इफेक्टको कलात्मक संयोजन गरिएको छ। फिल्मलिभ प्रालिको ब्यानरमा निर्माण भएको यो चलचित्रको लेखन तथा निर्देशन जीवेश योञ्जनले गरेका हुन्। कार्यकारी निर्माता जीवन आले रहेको लघुचलचित्र आक्रान्तमा गणेश लामा, अप्सरा कार्की, कविता आले, देशभक्त खनाल, आरपी खनाल आदिले अभिनय गरेका छन्।

# अपार्टमेन्ट



आज शुक्रबार सार्वजनिक हुन लागेको नयाँ हिन्दी चलचित्र 'अपार्टमेन्ट' मा तनुश्री दत्ता, रोहित राय, नीतू चन्द्रा, अनुपम खेर आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। जगमोहन मुदन्डाद्वारा निर्देशित यो चलचित्रमा बप्पि लहरीको संगीत निर्देशन छ। चलचित्रमा नायिका तनुश्री दत्ताले एयर होस्टेज प्रीति सेनगुप्ताको भूमिका निर्वाह गरेकी छिन्। उनी आफ्ना ब्वाई फ्रेण्ड करण मल्होत्रा (रोहित राय) सँग मुम्बईमा बसोबास गर्छिन्। दुवैले मिलेर दुई बेड रुमको एउटा अपार्टमेन्ट लिएका छन्। उनीहरूको छिमेकीका रूपमा मधुसूदन तन्हा-अनुपम खेर) छन् जो एक गीतकार तथा कवि हुन्। नामअनुसार नै एक्लै बस्ने मधुसूदनले आफ्नो घरमा एउटा बिरालो पनि पालेका छन्। चलचित्रको कथा अघि बढ्दै जाँदा प्रीतिले आफ्नो प्रेमिबाट धोका पाइरहेको महसुस गर्न थाल्छिन्। धोका दिएकै कारण उनले प्रेमिलाई घरबाटै निकालिदिन्छिन्। अपार्टमेन्टको सबै खर्च एक्लैले धान्न नसक्ने अवस्थाका कारण उनी आर्थिक समस्याबाट पीडित हुन्छिन्। साथीहरूले अपार्टमेन्टको एउटा कोठा भाडामा लगाउने सल्लाह दिएपछि प्रीतिले नेहा भारद्वज (नीतू चन्द्रा) लाई भाडामा राख्छिन्। सुन्दर, कोमल तथा सानो सहरबाट आएकी नेहा एउटा पुस्तक पसलमा डाटा इन्ट्रिको काम गर्छिन्। उनको व्यवहारबाट प्रीति प्रभावित हुन्छिन्। दुवै जना कम समयमै राम्रा साथी बन्छन्। विस्तारै उक्त अपार्टमेन्टमा केही अनौठा घटना घट्छन् जसले प्रीतिको जीवन असहज बन्न थाल्छ। उक्त घटना सुनियोजित हो की संजोग मात्र भन्ने कुरा पत्ता लगाउन दर्शकले पनि क्लाइमेक्स नै पर्खनु पर्नेछ। चलचित्रका गीतहरू शान तथा सुनिधि चौहानले गाएका छन्।

# द ब्याक-अप प्लान




जेनिफर लोपेज हलिउडकी सफल नायिका तथा गायिका हुन्। गायनबाट पनि उत्तिकै ख्याति आर्जन गरेकी लोपेजले नायिकाका रूपमा अभिनय गरेको चलचित्र 'द ब्याक-अप प्लान' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ। चलचित्रमा लोपेजका अतिरिक्त माइकल वाट्किन्स, एलेक्स ओ' लाफलिन, नोरीन डेउल्फ, मेलिसा म्याकार्थी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। टोड ब्ल्याकले निर्माण गरेको चलचित्रको निर्देशन एलन पलले गरेका हुन्। कमेडी तथा रोमान्सको श्रेणीमा राखिएको यो चलचित्रको विश्वव्यापी वितरण सिबिएस फिल्म्सले गर्दैछ। केही यौनजन्य दृष्य तथा भाषाका कारण चलचित्रलाई १३ वर्षभन्दा बढी उमेरका दर्शकले मात्र हेर्न सक्नेछन्। अमेरिकाको लस एञ्जलसमा छायांकन गरिएको यो चलचित्रमा जेनिफर लोपेजले जो नाम गरेकी सुन्दर युवतीको भूमिका निर्वाह गरेकी छिन्। चलचित्रमा एउटा त्यस्तो अनौठो प्रेम प्रसंगलाई चित्रण गरिएको छ जुन वास्तविक जीवनमा कमै देख्न पाइन्छ। लामो समयसम्म एक जना युवकसँग डेटिङ गएकी जो अन्ततः ती युवकबाट सन्तुष्ट हुन सक्दिनन्। एकातिर उनी तीनै युवकको सन्तानकी आमा बन्ने क्रममा छिन् भने अर्को तिर उनीसँग जीवन बिताउन नसक्ने निर्णयमा पनि पुगेकी छिन्। यस्तो द्विविधाका बीच जो ले कस्तो निर्णय लिन्छिन् भन्ने कुरालाई चलचित्रमा आकर्षक ढंगले चित्रण गरिएको छ।

## लञ्च भयो क्यालेन्डर



**साप्ताहिक समाचार**

काठमाडौं- नायिका रेजिना उप्रेती, सौजन्य सुब्बा, ममता प्रधान र रूपा राना, मोडल बेबी थापा, अरुणिमा लामा, एलिजा गिरी र मेरिना शाक्य, गायिका कोमल ओली, निशा सुनार, रेश्मा सुनुवार र इन्दिरा जोशी तथा डिजिटल आर्टिस्ट जया शर्मा। यी सबैलाई 'इजी फोर स्टाइल'ले एकै ठाउँमा समेटेको छ। सोमबार साँझ दरबार मार्गस्थित आई क्लबमा साँझ परेपछि आगन्तुकहरूको बाक्लो उपस्थितिमा फोटोग्राफर कवीन्द्रमान शाक्यले आफ्नो वेबसाइट 'इजिफोर स्टाइल डटकम'बाट प्रकाशित वर्ष २०६७ को क्यालेन्डर सार्वजनिक गरे।

नेवारी पहिरनमा सजिएकी एउटी बालिकाबाट सार्वजनिक गराइएको क्यालेन्डरका पानाहरूमा मोडल, नायिका, गायिका तथा कलाकारका तस्बिरलाई महिनामा पर्ने पर्वको मुडमा प्रस्तुत गरिएको छ। 'क्यालेन्डर लन्चिङ' कार्यक्रम अन्ततः डान्सपार्टीमा परिणत भएको थियो।

## बाग्मती सफा गर्दै महोत्सव

**साप्ताहिक समाचार**

काठमाडौं- प्रदुषित भएको बाग्मतीलाई सफा बनाउन त सकिँदैन होला, तर सफा गर्ने कुरामा जनचेतना बढाउन सकिन्छ। डिजाइन नेपाल डटकमका सञ्चालक मोहन डोटेल तथा ड्रिम वर्क्स नेपालका नारायण थापाले त्यही कुरालाई मूल उद्देश्य बनाएर नयाँ वर्ष ०६७ को पहिलो र दोस्रो दिन गुह्येश्वरीदेखि गौरीघाटसम्म बाग्मती सफा गर्नुपर्ने सन्देश प्रवाह गरे। 'गुह्येश्वरी महोत्सव' शीर्षकमा फुड फेस्टिभल, बालखेल, कन्सर्ट आदिले आगन्तुक दर्शकलाई रमाइलो गराउँदै कार्यक्रम आयोजनाको मूल उद्देश्य बाग्मती सफाइमा पनि संलग्न गराइयो।

दुवै दिन दिउँसो १ देखि राति ९ बजेसम्म सञ्चालित महोत्सवमा रविन एण्ड द न्यू रेभुलेसन, योगेश्वर अमात्य, कुन्ति मोक्तान, मिग्मा शेर्पा, राम श्रेष्ठ, बादल प्रसाईं आदि संगीतकर्मीले गीत-संगीत प्रस्तुत गर्ने मात्र नभै सामाजिक सचेतना बढाउने सन्देश पनि दिए। साँझ परेपछि डिजे जहाँगिरले उपस्थित दर्शकलाई बाग्मती नदी किनारमा नचाए। महोत्सवमा पहिलो दिन ३ हजार तथा दोस्रो दिन ५ हजार दर्शकको सहभागिता रहेको आयोजकहरू बताउँछन्।



साप्ताहिक

तस्बिर : राजीव श्रेष्ठ/मेरो वेवसाइट्स डटकम



# अस्मिन दर्लामी



नायिका रेखा थापा र पोखराकी अस्मिन दर्लामीबीच अहिलेसम्म जम्मा एउटा मात्र समानता छ। दुवैको ओठमाथि कालो कोठी छ तर चाँडै नै दुवैबीच अर्को एउटा समानता थपिँदैछ। रेखा स्थापित नायिका हुन्, अस्मिन चाँडै नै नवनायिकाका रूपमा दर्शकमाझ आउँदैछिन्।

पोखराको पामेस्थित बिहानी टोलकी अस्मिन वर्ष २०६७ मा नेपाली चलचित्र क्षेत्रमा प्रवेश गर्ने तयारी गर्दैछिन्। तीन जना नायिकाले अभिनय गर्न लागेको एउटा एक्सन प्रधान चलचित्रमा अस्मिन एक्सन नायिकाको भूमिका निर्वाह गर्दैछिन्। चलचित्रमा नायकले झैं फाइट खेल्नुपर्ने भएपछि उनी विगत एक महिनादेखि द्वन्द्व निर्देशक एनबी महर्जनसँग फाइट खेल्ने प्रशिक्षण लिइरहेकी छिन्। अस्मिनले नृत्य र अभिनयको प्रशिक्षणलाई पनि जारी राखेकी छिन्। राजधानीकै एउटा कलेजमा ११ कक्षामा अध्ययनरत अस्मिन ५ फिट ५ इन्च अग्लि छिन्। साथीहरूले आफ्नो अग्लो कदकै कारण मोडलिङ तथा चलचित्र क्षेत्रमा प्रवेश गर्न उक्साएपछि उनी ग्ल्यामरस क्षेत्रमा आइपुगेकी हुन्। मेकअपमा खासै रुचि नराख्ने अस्मिन आँखामा भने गाजल छुटाउँदिनन्। उनलाई शरीरका अंगमध्ये आँखा नै सबैभन्दा प्रिय छ। 'साथीहरू पनि मेरो आँखै नशालु छ भन्छन्, अस्मिनका अनुसार उनलाई स्लिभलेस टिसर्ट र हाफपाइन्टमा कामुक देखिन्छ। हालसम्म ब्वाइ फ्रेन्ड बनाउन नभ्याएको बताउने अस्मिनलाई कसैले प्रेमप्रस्ताव राख्यो भने के गर्लिन् ? उनी भन्छिन्- 'ठाडै अस्वीकार गर्छु। करियर बनाउने बेलामा प्रेममा पर्नु राम्रो होइन।'

- कृष्ण भट्टराई



# ब्युटिसियनहरू पनि र्‍याम्पमा



पोखरा- सौन्दर्य प्रतियोगिता भनेपछि युवती तथा साना बालबालिकाको प्रतियोगिता नै बुझिन्छ, तर अरूलाई सिंगार्न व्यस्त रहने ब्युटिसियनहरूलाई र्‍याम्पमा उतारेर सौन्दर्य प्रतियोगिता नभएका होइनन् । यसै क्रममा हङकङ ब्युटी इस्टिच्युटले प्रशिक्षार्थी ब्युटिसियनहरूका बीचमा हङकङ ब्युटी ट्यालेन्ट कन्टेस्ट गर्न लागेको छ । आज शुक्रबार हुने प्रतियोगिताका लागि एक महिनादेखि ब्युटीसियनहरू र्‍याम्पमा हिँड्न सिकिरहेका छन् । प्रतियोगितामा भाग लिनेमा अधिकांश विवाहित महिला छन् ।

१९ जना विवाहित तथा बाँकी अविवाहित युवतीहरूले प्रतियोगितामा प्रतिस्पर्धा गर्न लागिरहेका छन् । प्रतियोगितामा कुल ३० जना प्रशिक्षार्थी ब्युटिसियनको सहभागिता छ । उनीहरूलाई मोडल तथा कोरियोग्राफर रवीन्द्र बज्राचार्यले क्याटवाक गर्न सिकाइरहेका छन् । यसका अतिरिक्त उनीहरूलाई व्यक्तित्व विकास, उद्घोषण आदि तालिमसमेत प्रदान गरिएको छ ।

**–शिव शर्मा**

# मस्कटमा भेटिए राजेश र रेखा



**साप्ताहिक समाचार**

नायिका रेखा थापा अभिनेत्री मात्र होइन्, कुशल गायिका पनि हुन् भन्ने कुरा धेरै कमलाई थाहा होला । गत साता ओमानमा बस्ने नेपालीहरूले भने यो कुरा थाहा पाए । गायक राजेश पायल राई गीत गाउनका निम्ति जसै स्टेजमा उत्रिए, पछाडिबाट वान पिसमा सजिएकी नायिका पनि माइक्रोफोन समातेर अघिल्तिर आइन् । गायक राईले 'सागरसरि चोखो माया' गीत गाउन थाले, डुएट सिंगर चाहिने यो गीतको महिला पार्श्वगायनमा जमेर साथ दिइन् रेखाले । आफ्नै किसिमको मीठो स्वरमा उनले गीतको मुखडा मात्र होइन्, अन्तरा पनि गाइदिइन् । नववर्षका अवसरमा गैरआवासीय नेपालीहरूको संस्था सगरमाथा समूहले आयोजना गरेको 'नववर्ष सांस्कृतिक कार्यक्रम-२०६७' मा रेखाले 'बुद्धम शरणम गच्छामी' सोलो गीत पनि गाएकी थिइन् । कार्यक्रममा गायक राईले 'दर्शन नमस्ते'बाट सुरु गरेर 'फैलियो माया दुबोसरि', 'नौजाले माया', 'निष्ठुरीलाई माया गरी' लगायत एक दर्जन गीत प्रस्तुत गरेका थिए । उक्त अवसरमा लोकगायिका सिर्जना विरही थापा तथा लोकगायक राजन ठकुरीले पनि आफ्ना लोकप्रिय गीत प्रस्तुत गरेका थिए । उनीहरूको प्रस्तुति 'वनको काफल वनकी चरीलाई' दर्शकले निकै मन पराएका थिए ।

# दरबारमार्गमा सडक महोत्सव



**साप्ताहिक समाचार**

काठमाडौं- राजधानीको दरबारमार्ग क्षेत्रमा एनसेल सडक महोत्सव सम्पन्न भएको छ । महोत्सव विभिन्न परिकार एवं मनोरञ्जनात्मक कार्यक्रम गरी मनाइयो । दरबारमार्गका १८ रेस्टुराँले महोत्सवमा विभिन्न परिकार प्रस्तुत गरेका थिए । बालबालिकाको मनोरञ्जनका विभिन्न सामग्री, ख्यातिप्राप्त गायक-गायिका तथा कलाकारहरूको प्रस्तुति महोत्सवका मुख्य आकर्षक थिए । दरबारमार्ग महोत्सव सर्वसाधारणमाझ एनसेल ब्रान्ड पु-याउने उद्देश्यले गरिएको कम्पनीकी कर्पोरेट कम्युनिकेसन म्यानेजर सञ्जु कोइराला बताउँछिन् ।

अरू दिन सवारी सवारी साधन जाम हुने ठाउँमा महोत्सव अवधिभर सवारी आवागमन अवरुद्ध थियो । गर्मी बढ्दै जाँदा छोटा पहिरनमा उपस्थितहरूको भीडले महोत्सवलाई तताएको थियो । करिब डेढ लाखले महोत्सव अवलोकन गरेको बताइन्छ । पोखरा र विराटनगरमा पनि छिट्टै यस्तै महोत्सव आयोजित गरिनेछ । विशेष गरी युवाहरूमा लक्षित महोत्सवमा परिकार र नाचगान, कला आदिको प्रस्तुति राखिने एनसेलले जनाएको छ ।

दरबारमार्ग विकास समितिद्वारा आयोजित महोत्सवमा कतिपय युवायुवती मुहारमा अनेकौं आकृति बनाएर पुगेका थिए । व्यापारिक केन्द्रका रूपमा समेत परिचित दरबारमार्गको कन्सर्टमा एड्रियन प्रधान, निमा रुम्बा, रोविना तामाङ, सिने गुरुङ, शीतल सुवानी मोक्तान तथा रक स्टार विजय वैद्यको गीतबाट दर्शकले पर्याप्त मनोरञ्जन लिए । कन्सर्टमा एनसेलबाट उपलब्ध सुविधा र भावी योजनाको चर्चा पनि गरिएको थियो ।

# नयाँ वर्षमा पर्यटकीय वातावरण



● **विप्लव भट्टराई**

इलाम- नयाँ वर्षमा इलामेलीहरूलाई भिन्दै चटारो देखियो । हरेक क्षेत्रका बासिन्दाले २०६७ सालको आगमनलाई पर्यटनमय बनाए । जिल्लाका दुई भिन्न ठाउँमा भएका महोत्सवले सबैको मन तानेको थियो । महोत्सव नजानेहरू पनि पर्यटकीय क्षेत्रको घुमघाममा भेटिए । उत्तरी माबु र पूर्वी पाथिभरामा सञ्चालन भएका महोत्सवमा आयोजित कार्यक्रमले इलामेको नयाँ वर्षलाई पर्यटनमय बनाउन सघाएको हो ।

३ हजार ६ सय ३६ मिटरको उचाइमा रहेको पर्यटकीय स्थल सन्दकपुर र त्यस क्षेत्रको जैविक, भौगोलिक र सांस्कृतिक सम्पदाको संरक्षणसँगै प्रचार गर्ने उद्देश्यले महोत्सवको आयोजना गरिएको हो । माबुको सोमबारे खेल मैदानमा आयोजित कार्यक्रममा केन्द्रदेखि जिल्ला तहका सरोकारवालाहरूको उपस्थिति थियो ।

'महोत्सवको खबरले सन्दकपुर घुम्न जाने योजना बन्यो,' साथीभाइसँग सन्दकपुरमा भेटिएका झापाका युवराज दाहालले भने, 'रातम्ये गुराँस माझबाट सगरमाथा र कञ्चनजंघा हिमाललगायतको दृश्य नियाल्नुको आनन्द बेग्लै पाइयो ।' १० जनाको समूहमा रहेको यो टिमले सन्दकपुरसँगै कालपोखरी, दोबाटे, माबुथामलगायतका स्थान र गुरुङ, राई, शेर्पा, मगर, लिम्बू आदि जातिको अनुपम संस्कृति पनि अनुभूति गर्न पायो ।

माबु महोत्सवमा राष्ट्रिय स्तरको ख्याति कमाएका इलामे गायकले पनि सहयोग गरे । कार्यक्रम अवधिभर राष्ट्रिय र स्थानीय स्तरका कलाकारको साथमा सांगीतिक कार्यक्रम सम्पन्न गरिएको थियो । स्थानीय गायक इन्द्र गुरुङ तथा रोशन गुरुङ महोत्सवको तारतम्य मिलाउन व्यस्त देखिन्थे । अन्य इलामे प्रतिभाहरू जगदीश समाल कुवेर राई पनि दस काम छाडेर आएका थिए । महोत्सवमा मगर, गुरुङ, राई, लिम्बू, शेर्पालगायत जनजातिका झाँकी प्रस्तुत गरिएको थियो । महोत्सव अवधिभर सन्दकपुरमा कंचनजंघा, कुम्भकर्णलगायतका हिमशृंखलाको दृश्यावलोकन गर्नुका साथै रातम्यै फुलेका गुराँससँग रमाउने पर्यटकको ताँती थियो । यो सीमावर्ती पर्यटकीय क्षेत्रमा भारत र पश्चिमा देशका पर्यटक बढी थिए ।

यता नयाँ वर्षको अवसर पारेर कोल्बुङको पाथिभरामा पनि महोत्सव सम्पन्न भयो । तीन दिनसम्म चलेको महोत्सवमा धार्मिक, सांस्कृतिक एवं खेलुकद कार्यक्रमहरू सञ्चालन गरिएका थिए ।

# धरानमा डान्सिङ एवार्ड



धरान- आइतबार धरानको सभाहलमा डान्सिङ एवार्ड सम्पन्न भएको छ । नेपाल साइबर लिंक पोखराको आयोजनामा सञ्चालित पहिलो चरणको अडिसनमा २० जना छनौटमा परेका छन् । अत्याधिक सहभागी रहेको डान्सिङ एवार्डमा सहभागीहरूबीच कडा प्रतिस्पर्धा देखियो । निर्णायकको ७५ र दर्शक मतको २५ प्रतिशतका आधारमा सहभागी छनौट गरिएको थियो । प्रतियोगीहरूले सिंगल, युगल एवं सामूहिक नृत्यहरू प्रस्तुत गरेका थिए । प्रतियोगीहरूले प्रायः नेपाली गीतमा आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए । नेपालकै सबैभन्दा ठूलो डान्स प्रतिस्पर्धा रहेको दाबी गरिएको यो डान्सिङ एवार्डमा छनौटमा परेकाहरूलाई आउँदो वैशाख २५ गते सभाहलमा गायक दिव्य सुब्बा, आगन्तुक खरेल आदिको स्टेज प्रोग्राममा एवार्ड वितरण गरिनेछ । पूर्वाञ्चलका लागि धरानबाट सुरु गरिएको यो पहिलो चरणको छनौट विराटनगर, दमक, इटहरी, धनकुटा र इलाममा पनि हुनेछ । सबै ठाउँमा सांगीतिक कार्यक्रममा कलाकारलाई एवार्ड वितरणपछि उनीहरूलाई काठमाडौंमा हुने फाइनल प्रतियोगितामा सहभागी गराइनेछ ।

**– भीषण राई**

# रमाइलो सांगीतिक साँझ



धरान- शनिबार पब्लिक उच्च माविको खेलमैदानमा सधैं हुने कन्सर्टभन्दा भिन्नै खालको सांगीतिक वातावरण देखियो । आधुनिक गीत, गजल गाउने गायकको आगमन हुने खबरले जमघट पनि त्यस्तै थियो । लाग्थ्यो, गाउने गायक र सुन्ने श्रोता त्यस दिन एकै ठाउँमा भेला भएका छन् । नभन्दै कार्यक्रममा जगदीश समालले आफ्नो चल्तीको गीत आओ यादहरू प्रस्तुत गरे । उनले ठोक्न मादल ठोक, साकेला र नबिर्से तिमीलाई पनि गाए । कला राईले पान्धारे चौकी र चौरीको छुर्पी गीत गाएर दर्शकलाई लठ्ठ पारिन् । गायक शिव परियारले पनि कहाँ थियौ तिमी रङ्गमञ्च उठेपछि आयौ भन्दै आफ्ना गीत प्रस्तुत गरे । उनले अरू दुइवटा गीत पनि गाए । कार्यक्रममा योगिता मोक्तान, सुरेशकुमार फागो, विजय अम्बूले, टिबी लिम्बूले पनि आ-आफ्ना गीत प्रस्तुत गरेका थिए । कार्यक्रममा तामाङ सेलो, मारुनी साथै अन्य नृत्यहरू प्रस्तुत गरिएका थिए । कार्यक्रम खम्बुवान सांस्कृतिक मञ्चले आयोजना गरेको थियो ।

# अन्जुले तताइन् हङकङ



● **निर्मल श्रेष्ठ**

गायिका अन्जु पन्तको सुरिलो गायकीमा नलठ्िने बिरलै होलान् । के युवा, के पाका सबैका मन जितेकी छिन् अन्जुले । कर्णप्रिय स्वरले स्वदेशवासीलाई मोहित पारिरहेकी पन्तले हङकङेली नेपालीहरूलाई पनि उसैगरी लठ्याइन् । नयाँ वर्षका अवसरमा एभरेष्ट च्यारिटी लिमिटेडद्वारा गत आइतबार काउलुन पार्कस्थित पियाजामा आयोजित 'अन्जु लाइभ इन कन्र्सट' मा युवाहरू मात्र होइनन् पाकाहरू समेत सयौंका संख्यामा भेला थिए । पाँच बजे नै सुरु हुने भनिए पनि उनी साँझ करिब सात बजेतिर मात्र स्टेजमा देखा परिन् । त्यसपछि उनले लगातार आधा दर्जन गीत गाइन् । जसमध्ये एक देशप्रेम र अधिकांश वियोगान्त रहे । त्यसपछि बुटवलका सुशील थापा मगर स्टेजमा देखा परे । सुशीलले नेपाली र भारतीय चर्चित कलाकारहरूको नक्कल गरी दर्शक हँसाए ।

दर्शकहरूलाई अन्जुका गीत सुन्ने धित मरेको थिएन् । केही स्थानीय कलाकारको प्रस्तुतिपछि उनी दोस्रोपटक अनुहार छोपिएको केश मिलाउँदै स्टेजमा चढ्िन । यतिबेला उनको पहिरन फेरिएको थियो ।

दर्शकहरू अब नाच्ने गीतको पर्खाइमा थिए । तेस्रो पटकको प्रस्तुतिमा बल्ल पन्तका पनि नाच्ने नचाउने मुढमा आइन् । उनले 'रेली खोला बगर...,' 'माइतीघर...,' आदि चर्चित रिमिक्स गाइन् । यतिञ्जेल कार्यक्रमका लागि बुक गरिएको समय सकिसकेको थियो तर अन्जुको चिनारी नै बनिसकेको बहुचर्चित गीत 'नबिर्से तिमीलाई...,' भने गाउन बाँकी नै थियो । दर्शकहरू लगातार त्यही गीतका लागि हुटिङ गर्दै थिए । आखिर गायिका न परिन् दर्शकको अनुरोध कसरी नकार्न सक्थिन र ? उनले भाका हालिन्, 'नबिर्से तिमीलाई....।'

**तस्बिर : नेप्सटाइम डट कम**

## • म्युजिक अपडेट •

### भिसिडीमा हिट्स अफ मिलन

टेलिभिजन च्यानलहरूमा अत्यधिक प्रसारण भएको र श्रोताले मन पराएका दर्जनौं म्युजिक भिडियोमध्येबाट उत्कृष्ट ठहरिएका एघारवटा म्युजिक भिडियो समेटिएको 'हिट्स अफ मिलन चाम्स' भिसिडीलाई टाइम्स म्युजिक प्रा.लि.ले बजारमा ल्याएको छ। म्युजिक भिडियो मात्र नभएर चलचित्र 'पश्चात्ताप' को समेत निर्देशन गरिसकेका युवा निर्देशक मिलन चाम्सद्वारा निर्देशित ११ वटा म्युजिक भिडियोमा समाविष्ट गीतहरूमा उदितनारायण झा, राजेशपायल राई, रिमा गुरुङ, आभा मुकारुङ, मौसमी गुरुङ, उदय सोताङ, मनिला सोताङ, सुबोध लिम्बू, जगदीश समाल तथा देव लिम्बूको स्वर सुन्न सकिन्छ।

### सविनाको सेवा

गायिका सविना कार्कीले आमाको मुख हेर्ने दिन सोल्टिमोड, काठमाडौंस्थित आमाको घरमा आश्रित ३६ जना आमाको मुख हेरेकी छिन्। नयाँ वर्षको पहिलो दिन गायिका कार्कीले आमाको घर पुगेर त्यहाँका आमाहरूलाई मिठाई, फलफूल तथा खाना ख्वाउनुका साथै नयाँ कपडा लगाइदिएकी थिइन्। यसबीच गायिका कार्कीले आगामी महिना बजारमा आउन लागेको आफ्नो गीतिसंग्रह 'सर्वदा' को बिक्रीबाट संकलन भएको सम्पूर्ण रकम समाजसेवामा खर्च गर्ने घोषणा गरेकी छिन्।

### दीप श्रेष्ठको एकल गायन

गायक दीप श्रेष्ठ लामो समयको अन्तरालपछि एकल गायन कार्यक्रममा सहभागी हुने भएका छन्। काठमाडौंमा हालै सम्पन्न धरान सरोकार समाज काठमाडौंले धरानको खानेपानी समस्या समाधान गर्न सहयोग पुऱ्याउने उद्देश्यले गायक श्रेष्ठलाई एकल गायन कार्यक्रममा प्रस्तुत गर्न लागेको हो। 'दीप श्रेष्ठ साँझ' शीर्षकको एकल गायन कार्यक्रम आगामी वैशाख ३१ गते हुनेछ।

### द स्ट्रेन्जर अराजको विमोचन

गायक तथा संगीतकार अराज केशवको नयाँ गीतिसंग्रह 'द स्ट्रेन्जर अराज' को नायिका मनीषा कोइरालाले विमोचन गरेकी छिन्। गत साता राजधानीमा आयोजित एक समारोहमा नायिका कोइरालाले उक्त संग्रह विमोचन गर्दै आफूलाई नेपाली-संगीत मन पर्न थालेको बताएकी थिइन्।

### चलचित्रको गीत रेकर्डिङ

निर्माणाधीन चलचित्र 'आसपास' को गीत रेकर्डिङ प्रारम्भ भएको छ। विशाल हुमागाईंद्वारा संगीतबद्ध उक्त चलचित्रका गीतहरू न्यूरोडस्थित तास स्टुडियोमा रेकर्ड भैरहेका छन्।

### अस्ट्रेलियामा पोखरेली गायक

पोखराका दुई जना गायक सांगीतिक कार्यक्रमका क्रममा अस्ट्रेलिया पुगेका छन्। म्याग्दी सेवा समिति अस्ट्रेलियाको आयोजनामा सम्पन्न सांस्कृतिक कार्यक्रममा सहभागी हुन सांगीतिक समूह डी मोर्चाका गायक भाष्करध्वज श्रेष्ठ तथा द एज समूहका जीवन गुरुङ अहिले अस्ट्रेलियामा छन्।

### अस्वस्थ छन् योगेश

पुराना गायक योगेश वैद्य मृगौला रोग तथा मधुमेहका कारण अस्वस्थ भएका छन्। केही समयअघिदेखि मधुमेह तथा मृगौला रोगले च्यापेपछि वैद्य उपचारका लागि विदेश जान लागेका हुन्। रोगले च्यापेपछि नर्भिक अस्पतालका चिकित्सकहरूले उपचारका लागि विदेश जानु नै उपयुक्त हुने सल्लाह दिएपछि उनी भारतको नयाँ दिल्ली जाने भएका छन्।

### दुई दिनमा आठ कन्सर्ट

गायक हिमाल सागरले नयाँ वर्षका अघिल्ला दुई दिनमै आठवटा सांगीतिक कार्यक्रममा आफ्ना लोकप्रिय गीत गाउन भ्याएका छन्। सांगीतिक कार्यक्रमका क्रममै भेटिएका हिमाल सागरका अनुसार उनले दुई दिन भित्रमा इटहरी महोत्सव, नेपाल टेलिभिजनको शुभारम्भ, मीनभवन तथा शंकरदेव क्याम्पसका कन्सर्ट, भृकुटी मण्डपको फनपार्कमा आयोजित कन्सर्ट, किन्स क्याफे, नयाँ बानेश्वरको कन्सर्ट आदि आठवटा सांगीतिक कार्यक्रममा गीत-संगीत प्रस्तुत गरेका हुन्।

### आमाको सम्झनामा

गायिका रेश्मा सुनुवारले आफ्नी दिवंगत आमाको स्मरणमा एउटा सांगीतिक कार्यक्रम सम्पन्न गरेकी छिन्। अघिल्लो महिनामात्र आमा गुमाएकी रेश्माले गत साता राजधानीमा आफ्नै पहलमा सांगीतिक कार्यक्रम आयोजित गरेकी हुन्। जलमस्थित राष्ट्रिय नाचघरमा आयोजित उक्त सांगीतिक कार्यक्रममा गायिका सुनुवारका अतिरिक्त रोज मोक्तान, अभिनाश घिसिङ, सिने गुरुङ, अनिल सिंह, मिङ्मा शेर्पा, भरत सिटौला आदिले गीत-संगीत प्रस्तुत गरेका थिए।

### वर्षाको विमोचन

गायक तथा संगीतकार राजन रायमाझीको गीतिसंग्रह 'वर्षा' को विमोचन सम्पन्न भएको छ। लोक तथा आधुनिक गीतहरू समावेश गरिएको उक्त संग्रह पिंगलस्थानस्थित संगीत पाठशालामा आयोजित सांगीतिक समारोहमा विमोचन गरिएको थियो। संग्रहको बजार-व्यवस्थापन क्यानभास म्युजिकले गरिरहेको छ।

### गायक-गायिका सम्मानित

गायक झविन्द्र पौडेल तथा गायिका दीपा पन्त सम्मानित भएका छन्। हिराबहादुर खड्का साहित्य प्रतिष्ठानले गत साता आयोजना गरेको एक कार्यक्रममा यी दुई नयाँ गायक-गायिकालाई नवोदित प्रतिभा प्रोत्साहनबाट सम्मानित गरिएको हो।

### प्रतिष्ठानमा नयाँ कक्ष

पुल्चोक, ललितपुरस्थित कलानिधि इन्दिरा संगीत महाविद्यालयमा विगत लामो समयदेखि आयोजना गरिँदै आएको 'संगीत श्रृंखला' १ सय ६४ औं भागमा प्रवेश गरेको छ। गत शुक्रबार सम्पन्न श्रृंखलाको नयाँ कार्यक्रम विशेष रह्यो। समाजसेवी सकुना श्रेष्ठ मलेगुले आफ्नै लगानीमा महाविद्यालयका लागि एउटा सुविधाजनक कक्ष निर्माण गरिदिएपछि मासिक रूपमा सञ्चालन हुने संगीत श्रृंखलाका कार्यक्रम सम्पन्न गर्न सहज भएको हो।

### शास्त्रीय संगीतको रमाइलो

कलानिधि इन्दिरा संगीत महाविद्यालयकै आयोजनामा गत साता राष्ट्रिय सभागृहमा बृहत शास्त्रीय संगीत सम्मेलन सम्पन्न भयो। स्वयम्भू शाक्यको गायनमा किरण महर्जनले प्रस्तुत गरेको आकर्षक बज्रपाणी चर्या नृत्यबाट प्रारम्भ भएको सम्मेलनमा संगीता प्रधान (राणा), राज तुलाधर, शिव परियारले शास्त्रीय गीत-संगीत प्रस्तुत गरेका थिए। कार्यक्रममा श्रीराम आचार्यले राग कलावती, राग मालकोश, राग रागेश्वरी, राग तिलक कामोद तथा सरिता श्रेष्ठ र रत्ना श्रेष्ठले भरत नाट्यम तथा कत्थक गायन प्रस्तुत गरी दर्शकहरूलाई मन्त्रमुग्ध बनाएका थिए। सरिता र रत्नाको गायनमा सुलोचना गोपालीले नृत्य प्रस्तुत गरेकी थिइन्। सम्मेलनमा सन्तोषभक्त श्रेष्ठले इसराज तथा नवराज गुरुङले तबलामा राग मधुवन्ती प्रस्तुत गरेको उक्त कार्यक्रममा होमनाथ उपाध्यायले एकताल तबला वादन प्रस्तुत गरी शास्त्रीय संगीतको मजा चखाएका थिए। सांगीतिक समूह सुकर्मका तर्फबाट डा. ध्रुवेशचन्द्र रेग्मीले तबलामा प्रमोद उपाध्याय तथा तबलामा श्याम नेपालीको सहयोगमा सीतारमा राग भीमपलासी प्रस्तुत गरेका थिए। कार्यक्रममा अतुल संगीत प्रतिष्ठानले त्रितालमा समामूहिक तबलावादन, फरेन्द्र आले ( जीवन), जीवन विष्ट तथा नगेन्द्रविक्रम राईले मनोज गौतमको तबलावादनमा सामूहिक बाासुरीवादन प्रस्तुत गरी मनोरञ्जन प्रदान गरे।




# थोरै कमाएको, धेरै गुमाएको वर्ष

● गोकर्ण अवस्थी

२५ वर्षपछि नेपाल फेरि एकपटक चरम आर्थिक संकटको सँघारमा आइपुगेको छ। देश भित्रिनेभन्दा बाहिरिने रकम (शोधनान्तर घाटा) अहिलेकै अनुपातमा बढिरहने हो भने जोखिम नियन्त्रणबाहिर पुग्ने छ। २०४१ को इतिहास २०६६ मा दोहरिने क्रममा छ। सर्वसाधारणका लागि आयका स्रोत सीमित हुँदै गएको र क्रयशक्ति बढ्न नसकेकै वर्षको सूचीमा २०६६ पनि थपिएको छ।

पछिल्लो पाँच-छ वर्षदेखि कहिले सेयर त कहिले घरजग्गामा लगानी गरेर नाफा आर्जन गर्ने लगानीकर्ताले यस वर्ष भने लगानीका थप अवसर जुटाउन सकेनन्। घरजग्गा उच्च विन्दुमा पुगेर स्थिर छ। सेयर बजार ४ वर्षयताकै न्यून बिन्दुमा पुगेको छ। विदेशमा नेपालीहरूले कमाएको पैसाबाट धानिँदै आएको अर्थतन्त्रलाई यसपटक भने रेमिट्यान्सले पनि थेग्न सकेको छैन।

यस अवधिमा पुग-नपुग १ अर्ब रुपैयाँ विदेशी लगानी भित्रिएको छ। स्वदेशी लगानीकर्ताहरूले त सुरक्षालगायतका माग सम्बोधन नभए उद्योगधन्दाको चाबी नै प्रधानमन्त्रीलाई बुझाउने चेतावनी दिए। झन्डै साढे चार महिनासम्म बजेट पास नभएको बर्षको रुपमा पनि २०६६ रह्यो। बल्लबल्ल बजेट प्रस्तुत गर्न दिएको विपक्षी दल माओवादीले असारमा सार्वजनिक भएको बजेटलाई मंसिरसम्म पारित गर्न दिएन।

यसले पहिलो चार महिना अर्थतन्त्रमा सरकारको रकम प्रवाह हुन सकेन। कुल लगानीमा सरकारको हिस्सा ३० प्रतिशत हुन्छ। सुरुमा सरकारले खर्च नगरेका कारण अर्थतन्त्रमा खर्च गर्न योग्य रकम (तरलता) को कमी हुँदै गयो। यसबीच भित्रभित्रै अत्यधिक सुन आयात भएर भारत निकासी भैरहेको रहेछ। सरकार र केन्द्रीय बैंकले पुसमा कात्तिकसम्मको आर्थिक विवरण सार्वजनिक भएपछि मात्रै यसको भेउ पायो। समयमा तथ्यांक सार्वजनिक गर्न नसक्ने पुरानो बाध्यताले यसपटक एकैचोटि अर्थतन्त्रमा परेको ठूलो चोट ढिलो गरी थाहा भयो।

कात्तिक, मंसिर र पुसमा शोधनान्तर घाटा २० अर्ब रुपैयाँको हाराहारीमा छ। शोधनान्तर घाटा देश भित्रिनेभन्दा बाहिरिने रकम बढी हुनु हो। सुनको अत्यधिक आयातले बिदेसिने रकम बढेको हो। पुससम्मको तथ्यांक हेर्दा नेपालले ५० वस्तु निर्यात गरेर आर्जन गरे बराबरको रकम सुन किन्न मात्र खर्च गरेको छ।

नेपाल आयातमुखी भएको धेरै वर्ष भैसकेको छ। हामी कुल अर्थतन्त्रको ९२ प्रतिशत रकम उपभोगमा खर्च गर्छौं, जुन अधिकांश आयातीत सामान हुन्छन्। यसअघि रेमिट्यान्सले थेग्दै आएको यो आयात रकमलाई यसपटक धान्न सकेन। पछिल्लो ७/८ वर्षमा ४० देखि ६० प्रतिशतका दरले बढेको रेमिट्यान्सको आप्रवाह यस वर्ष १२ प्रतिशतमा सीमित भएको छ। रेमिट्यान्स रकमको वृद्धिलाई लक्षित गरि लगानी गरेका बैंकहरूमा घट्दो वृद्धिदरले प्रयाप्त रकम उपलब्ध हुन सकेन।

वित्तीय संस्थाहरूले धमाधम घरजग्गामा कर्जा लगानी सरु गरे। परिणामस्वरूप जग्गाको भाउ निकै अकासियो। तरलता अभाव भएपछि केन्द्रिय बैंकले कर्जामा कडाइ गर्‍यो। पुसको अन्तिम साता केन्द्रीय बैंकले एक निर्देशन जारी गर्दै घरजग्गामा भएको लगानी २०६७ असारसम्ममा ४० प्रतिशतमा झार्नुपर्ने भयो।

**बढ्दो आर्थिक अनिश्चितता :** २०६६ पछिल्लो १७ वर्षकै उच्च मूल्य वृद्धि भएको वर्षका रूपमा चित्रित भएको छ। जुलाईसम्म औसत १४ प्रतिशतले बढिरहेको बजार भाउ पछिल्लो ६ महिनामा औसत १२ प्रतिशतले बढिरहेको छ। २००९ को मध्यमा सकिएको आर्थिक वर्ष २०६५/६६ को आर्थिक वृद्धिदर ३ दशमलव ९ प्रतिशत रह्यो, जुन सरकारी प्रक्षेपणभन्दा झन्डै आधा कम हो। यस वर्ष ५ दशमलव ५ प्रतिशतको वृद्धि अपेक्षा गरिएको छ। शोधनान्तर स्थिति १९ अर्ब ७९ करोड रुपैयाँले ऋणात्मक छ। राष्ट्र बैंकका अनुसार पहिलो त्रैमासिकमा यति धेरै रकम ऋणात्मक भएको पहिलो घटना हो। राजस्व असुलीमा भने या वर्षलाई सफल मान्न सकिन्छ। राजस्व असुली औसत ३५ भन्दा बढी प्रतिशतले बढ्यो।

**फैलँदो बैंकिङ :** बैंक तथा वित्तीय संस्था थपिने र शाखा विस्तारको क्रम वर्षभरि नै कायम रह्यो, तर नेपाल विकास बैंक खारेजीको घटना नेपालको बैंकिङ इतिहासमा पहिलो हो। अर्को संकटग्रस्त घरेलु तथा साना उद्योग विकास बैंक भने नयाँ व्यवस्थापकले नयाँ नामबाट सञ्चालनमा ल्याए। अनुमतिपत्र (एलओआई) लिएका ४ मध्ये एक जनता बैंकले चैतको दोस्रो सातादेखि कारोबार प्रारम्भ गरेको छ। अन्य दुई संस्था एलओआईको पर्खाइमा छन्।

आर्थिक अनियमितताको आरोप लागेका विजयनाथ भट्टराई सर्वोच्च अदालतबाट सफाइ पाएर राष्ट्र बैंकको गभर्नरमा पुनर्बहाली भए भने करिब ५ महिना मात्रै पदमा रहेर दीपेन्द्रबहादुर छेत्री बाहिरिए। भट्टराईको पनि पदावधि सकिएर अहिले युवराज खतिवडा नयाँ गभर्नर नियुक्त भएका छन्। दसैंको बेला पहिलो पटक कागजी नोटको चरम अभाव भयो। अहिले वित्तीय संस्थाहरूले तरलताको अभाव झेलिरहेका छन्। सरकारी सुरक्षण धितो राखेर पाइने स्थायी तरलता सुविधाअन्तर्गत १४ प्रतिशत ब्याज तिरेर राष्ट्र बैंकबाट बैंकहरूले कर्जा लिए। रिपोमार्फत करिब ३४ अर्ब केन्द्रीय बैंकले बजारमा प्रवाह गर्‍यो भने पुनर्कर्जा सुविधा पनि दिइएको छ। यो पनि अर्थतन्त्रमा देखिने दुर्लभ घटनामध्ये एक हो।

**घरजग्गा उचाइमा :** पहिलो पटक घरजग्गा मेला आयोजित गरियो। तर तरलताको अभाव बढेपछि केन्द्रीय बैंकले जारी गरेको निर्देशिकाले यो व्यवसायमा जोखिम थपेको छ। निर्देशिकासँगै बैंकहरूले रकम असुलीका लागि गर्न थालेको ताकेता र ब्याजदर बढाउन थालेको पहलले घरजग्गा व्यवसायमा अन्यौल थपेको छ। हदबन्दीसम्बन्धी कानुन कार्यान्वयनमा कडाइ भएपछि यसमा थप धक्का लागेको छ।

**सेयर घट्यो, सुन बढ्यो :** सेयरबजारमा लगानीको सही प्रतिफल नआएकै कारण घरजग्गालाई धेरैले लगानीको राम्रो अवसर माने। त्यसकारण सन् २००९ सेयर बजारका लागि उत्साहजनक वर्ष भन्न मिल्दैन। नेप्से परिसूचक करिब १ सय ५० अंकले तल झर्‍यो। २ वाणिज्य बैंक र दुई वित्त कम्पनी यस वर्ष एक्सचेन्जमा सूचीकृत भए। नयाँ एक्सचेन्ज खोल्ने भन्दै चारवटाले धितोपत्र बोर्ड निवेदन दिएका छन्। नेप्से गणना गर्ने नयाँ विधि सुरु भएको छ भने केन्द्रीय निक्षेप प्रणाली (सिडिएस) लागू गर्ने विषय यसपटक पनि गफैको विषय बन्यो। सेयर दलाल संख्या थप्ने विषय पनि राजनैतिक दाउपेचको सिकार बन्यो। विकल्पका रूपमा डेरिभेटिभ बजारमा सर्व साधारणले लगानी गर्न थालेका छन। नियमन निकाय नभएकाले यहाँको लगानी जोखिममुक्त छैन। विशेषगरी सौभाग्यको प्रतीकका रूपमा मात्रै लिइने सुन यस वर्षदेखि लगानीको औजार पनि बन्यो। सुनको मूल्य पहिलो पटक तोलाको ३४ हजार ४ सय ५५ सम्म पुग्यो।

**औद्योगिक क्षेत्र थप धराशायी :** गत वर्ष औद्योगिक क्षेत्र ० दशमलव ५ प्रतिशतले संकुचित भयो। बन्द-हड्ताल र लोडसेडिङमा कुनै कमी आएन। उद्योगीहरूले काम नगरेको बेला ज्याला नदिने भने पनि कार्यान्वयन हुन सकेन। तयारी पोसाकको दोस्रो बजारका रूपमा विकास भैरहेको भारतमा पनि यसपटक बजार गुमाउनुपर्‍यो। भारतले लगाएको ८ प्रतिशत अतिरिक्त शुल्क घटाउन मानेन भने दुई देशको वाणिज्य सन्धि भने परिमार्जन गरियो। विश्व व्यापार संगठनको सातौं मन्त्रीस्तरीय बैठकमा नेपालले सहभागिता जनाए पनि नेपाली हितका कुनै विषय पारित हुन सकेन। अमेरिकासँग द्विपक्षीय व्यापार सम्झौता गर्ने प्रक्रिया सरकारले थालेको छ। व्यापार घाटा निकै उच्चदरले बढ्दै गएको छ। भारतसँग मात्र वार्षिक घाटा १ खर्ब २२ अर्ब रुपैयाँ पुगेको छ।

**केएफसी र पिज्जा हटको आगमन :** पहिलो पटक नेपाल पनि बहुराष्ट्रिय रेस्टुराँको नजरमा पर्‍यो। अमेरिकी चेन रेस्टुराँ केएफसी र पिज्जाहटले नोभेम्बरदेखि नेपालमा सेवा सुरु गरे। नेपालमा यी रेस्टुराँ ल्याउने कम्पनी पेप्सीमा भएको हड्तालपछि भने नेपालमा लगानीको वातावरणका सम्बन्धमा प्रश्नचिह्न खडा भएको छ।

**कृषिमा निराशा :** कृषिक्षेत्र पनि उत्साहजनक रहेन। समयमा वर्षा नभएका कारण धानको उत्पादन करिब १० प्रतिशतले घटेको अनुमान छ। अन्य बालीको उत्पादन पनि सन्तोषजनक नरहेको कृषि मन्त्रालयको भनाइ छ। यसले समग्र आर्थिक वृद्धिको लक्षलाई चुनौती दिनेछ। आगामी दिनमा करिब ४ लाख टन खाद्यान्न अभाव हुने अनुमान छ।

**पर्यटक बढे :** विभिन्न कारणले बन्द-हड्तालका घटना भए पनि २०६६ मा पर्यटक आगमनमा भएको वृद्धिले व्यवसायीलाई केही राहत दिएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका अनुसार पुस महिनासम्ममा हवाईमार्ग भएर ३ लाख ७८ हजार सय १२ पर्यटक आएका छन्। यो गत वर्षभन्दा १ दशमलव १ प्रतिशत बढी हो। गत वर्ष हवाईमार्गबाट ३ लाख ७४ हजार ६ सय ६१ पर्यटक भित्रिएका थिए।

**जहाज फेरि रोकियो :** नेपाल वायुसेवा निगमको जहाज खरिद-प्रक्रिया कमिसनकै चक्करका बीच यसपटक पनि रोकिएको छ। दुई जहाज थप्ने क्रममा बैनासमेत दिएको निगमको निर्णय लेखासमितिले रोके पनि विदेशी वायु सेवाका लागि भने नेपाल आकर्षक गन्तव्य बन्दै गएको छ। भारतको स्पाइसजेट र किङफिसरले आफ्नो सेवा सुरु गर्ने तयारी गरेका छन्। चाइना इस्टर्न, फ्लाई दुबई, नेदरल्यान्डसको एक्री एयर, बहराइन एयरले २००९ मा नेपालमा सेवा सुरु गरे। मनिला एयर तथा ओमन एयर उडान सुरु गर्ने तयारीमा छन्। यी जहाज नेपाल आए विदेशी विमान कम्पनीको संख्या २७ पुग्नेछ। देशभित्र गुण, तारा र काष्ठमण्डप एयरले आन्तरिक हवाई सेवा सुरु गरे। बुद्ध एयरले ठूलो जहाज ल्याएर सेवा विस्तार गरेको छ।

**ऊर्जा संकट टरेन :** सबै समस्याले जेलिएका व्यवसायीका लागि गत वर्षदेखि सुरु भएको चर्को लोडसेडिङलाई यो वर्षले सम्बोधन गर्न सकेन। फलतः उद्योगले महँगो डिजेलबाट विद्युत निकाल्नुपरेको छ। यसबाट उत्पादन लागत बढ्ने मात्र होइन, अन्ततः उपभोक्तालाई नै मार पर्नेछ। केही ठूला विद्युत् आयोजना निर्माणको प्रक्रिया सुरु हुनु भने सकारात्मक छ।


**पूर्वाधार :** राजधानीलाई तराईसँग जोड्ने फास्टट्र्याक खन्ने काम सेनाले सुरु गरे पनि निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बन्ने विषयले कुनै आकार ग्रहण गर्न सकेको छैन। सडक वर्ष भनेर घोषणा गरिए पनि खासै उपलब्धिमूलक देखिएन तर पनि पोखरा र भैरहवामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणले केही गति लिएको मान्न सकिन्छ।












● पहिलो विश्व ●



## फ्लोरेसेन्ट फेसन

जर्मनीको फ्यांकफर्टमा स्थानीय फेसन स्कुलका छात्राहरूले तयार पारेको फ्लोरेसेन्ट फेसन शोमा क्याटवाक गर्दै मोडलहरू । यी पहिरन आध्यारोमा पनि चम्किन्छन् ।

तस्बिरः एएफपी

## अश्लील साइट हेर्दा



स्वीडेनको रेल सञ्चालन गर्ने कम्प्युटरमा रेल अपरेटरले इन्टरनेट अश्लील सामग्री हेर्दा त्यहाँको रेल यातायात सुचारु गर्न अप्ठ्यारो भएको छ । स्वीडेनको गाभेल नगरपालिकामा सञ्चालन हुने रेलसेवाको कम्प्युटरमा अश्लील सामग्रीहरू हेर्दा कम्प्युटरमा अत्यधिक भाइरस देखा परेको थियो । उक्त भाइरसका कारण कम्प्युटर सञ्चालनमा ढिलाइ भएकाले रेलसेवा सुचारु गर्न नसकिएको अधिकारीहरूले जनाएका छन् । रेलसेवाका विभिन्न कर्मचारीले आफ्नो ध्यान अश्लील वेबसाइट हेर्नमै व्यतीत गरेपछि रेलसेवा निर्धारित समयमा सञ्चालन हुन सकेको थिएन । कम्प्युटर अपरेटरले कार्यालय समयमा यस्तो किसिमको व्यवहार गरेपछि रेलसेवाका प्रमुखले स्पष्टीकरण मागेका छन् ।



## परिवारमै निर्वस्त्र भैदिन्छु

महिलाले लगाउने भित्री पोसाकको मोडल बनेर चर्चामा आएकी हेडी कुमले आफू अविभावकहरूको सामुन्ने पनि निर्वस्त्र हुने कुरा खुलासा गरेकी छिन् । ट्याटलर म्यागजिनलाई अन्तर्वार्ता दिँदै कुमले भनिन्– 'हाम्रो परिवारका सदस्यहरू निर्वस्त्र हुनुलाई नराम्रो मान्दैनन् । हामी निर्वस्त्र हुनुलाई छाडापनका रूपमा हेर्दैनौं । जस्तो वाथरुमबाट निस्कँदा होस् वा लुगा फेर्दा, कसैलाई निर्वस्त्र देखियो भने कराउँदैनौं । यस्ता कुरालाई हाम्रो परिवारमा पहिलेदेखि नै सामान्य रूपमा लिइने गरेको छ ।' मोडेलिङबाट १ करोड पाउन्ड आम्दानी गरेकी हेडीले आफ्नो विवाहको वार्षिकोत्सव सधैं धूमधामका साथ मनाउने गरेको बताइन् । विवाहको वार्षिकोत्सवले मलाई नयाँ दुलहीको सम्झना दिन्छ त्यही भएर यो समारोह म विशेष रूपमा आफ्नो श्रीमान्सँग मात्र बिताउँछु ।

### अन्त्यमा...



दिनहुँ दाह्री काट्ने र नकाट्नेहरूबीच के अन्तर हुन्छ भनेर अमेरिकामा हालै गरिएको एक सर्वेक्षणले नयाँ तथ्य सार्वजनिक गरेको छ । अमेरिकाको बजार अनुसन्धान कम्पनीले गरेको सर्वेक्षण अनुसार सातामा न्यूनतम ५ पटक दाह्री काट्ने मानिसले महिनामा १५ दशमलव ५ पटक यौनसम्पर्क राख्छ, तर नियमित दाह्री नकाट्ने मानिसहरूको मासिक यौनकार्य ७ दशमलव ८ पटक मात्र हुन्छ । सर्वेक्षणमा सोधिएका विभिन्न प्रश्नको उत्तरलाई विश्लेषण गर्दा नियमित दाह्री काट्ने पुरुष दाह्री नकाट्नेहरूको तुलनामा बढी खुसी रहने र कार्यालयको काम राम्रोसँग गर्ने गरेको पाइयो । महिलाहरूले पनि नियमित दाह्री काट्ने पुरुष बढी विश्वासिला हुने र उनीहरूले आफ्नो स्वास्थ्यको बढी हेरचाह कुरा बताएका थिए ।



# आकर्षण मन्टेश्वरीमा

● विदुर खतिवडा/शिव मुखिया



रिकेश र निरक एकै उमेरका छात्र हुन् । उनीहरूमध्ये निरक मन्टेश्वरी शिक्षण विधिको प्ले ग्रुपमा भर्ना भएका छन् भने रिकेश परम्परागत पद्धतिकै निजी स्कुलमा नर्सरीमा अध्ययनरत छन् । रिकेशसँग कुनै प्रश्न सोधियो भने उनी हल्का टाउको निहुराउँदै एकोहोरो हेरिरहन्छन् । तिमीलाई आउँदैन हो ? भनेर दोहोऱ्याएर सोधियो भने पनि उनको बक फुट्दैन, तर निरकसँग कुनै एउटा कुरा सोध्नुपर्छ, उनी फ्याट्ट उत्तर दिन्छन् । चाहे त्यो उत्तर गलत नै किन नहोस् । मन्टेश्वरी शिक्षण विधि किन रोज्ने भनेर सोध्न आउनेहरूलाई मन्टेश्वरी किन्डरवर्ल्डकी प्रिन्सिपल पवित्रा लिम्बू यो उदाहरण दिन्छिन् । उनको यो उदाहरणमा जेभियर मन्टेश्वरी बोडिङ स्कुलका लोकबहादुर भण्डारी पनि सहमत हुन्छन् । भण्डारी भन्छन्- 'मन्टेश्वरी शिक्षण विधिमा बालबालिकाले स्वतन्त्रता महसुस गर्ने भएकाले उनीहरूमा आत्मविश्वास बढी हुन्छ । त्यसैले उनीहरूप्रश्नको उत्तर दिन अघि सर्छन् ।' मन्टेश्वरी किन्डर वर्ल्डकी लिम्बू भन्छिन्- 'उनीहरू शिक्षक नियन्त्रित त हुन्छन्, तर बोल्न र अधिकारको कुरा गर्न पछि पर्दैनन् ।'

'बालबालिका भनेका काँचो माटो हुन्, उनीहरूलाई जुन आकृतिमा ढाल्यो त्यस्तै बन्छन्' नेपाली समाजमा प्रचलित भनाइ हो यो । यद्यपि बालबालिकाको भविष्य निर्माणका क्रममा यी भनाइहरू ओझेलमा पर्ने गरेको छ । विद्यालयमा भर्ना गरिदिए आफ्नो जिम्मेवारी पूरा भएको मान्ने अभिभावक एवं पुस्तकको अक्षर घोकाउने शिक्षक/शिक्षिकाको चेपुवामा परेका बालबालिकाहरू उज्यालो भविष्य पच्छ्याउन असमर्थ हुन्छन् । जबरजस्ती लादिएको शिक्षाका कारण उनीहरूको वृत्तिविकासमा बाधा पुग्ने जानकारहरू बताउँछन् । यस्तो शिक्षापद्धतिको विकल्प बनेको छ मन्टेश्वरी शिक्षा । 'सुगारटाइ' भन्दा पनि बालबालिकाको मनोविज्ञान, रुचि र क्षमताको मूल्यांकन गरेर दिइने यो शिक्षापद्धतिले नेपाली शैक्षिक क्षेत्रमै परिवर्तन ल्याउने विश्वास गरिएको छ ।

बालबालिकाले स्वतन्त्र रूपमा आफ्नै अनुभवबाट शिक्षा ग्रहण गर्नुपर्छ भन्ने सिद्धान्तमा आधारित छ मन्टेश्वरी प्रणाली । हेरेर, छोएर, सुँघेर, सुनेर तथा महसुस गरेर बाह्य वातावरणबाट ग्रहण गरेको शिक्षा नै जीवनोपयोगी हुन्छ भन्ने सिद्धान्त यो प्रणालीको मुख्य पाटो हो । इटालीमा जन्मिएकी मारिया मन्टेश्वरीले प्रतिपादन गरेको यो शिक्षापद्धति प्रयोगात्मक रूपमा सफल भयो । मन्टेश्वरीको सिद्धान्त अहिले विश्वव्यापी भएको छ, जसको प्रभावले नेपाली समाजलाई पनि छोएको छ ।

मन्टेश्वरी प्रणालीको शिक्षण पद्धतिमा रेस्पेक्ट अर्थात् नैतिक शिक्षा पनि उत्तिकै सिकाइन्छ । विद्यार्थीहरू स्वतन्त्र हुन्छन्, उनीहरू ब्लक चलाएर होस् वा अबाकस पद्धति अपनाएर होस् गणितीय शिक्षा लिन्छन् । यस्तै अन्य विषयमा पनि प्रयोगात्मक ढंगले शिक्षा लिइरहेका हुन्छन् । उनीहरूलाई टिचरले छात्र/छात्राभन्दा पनि साथीका रूपमा व्यवहार गर्ने भएकाले पनि उनीहरू शिक्षकलाई साथीका रूपमा बुझ्छन् ।

मन्टेश्वरी प्रणालीको वकालत गर्दा पवित्रा लिम्बूलाई धेरैले उडाएका थिए । उनीभन्दा अघि पनि नेपालमा मन्टेश्वरी प्रणालीको शिक्षा भित्रिसकेको थियो । एउटा उच्च सम्भ्रान्त वर्ग र अर्को अपाङ्गहरूको हकमा मात्र मन्टेश्वरी पद्धति अपनाइन्थ्यो । 'मैले स्कुल, कलेज र विश्वविद्यालयजस्तै पूर्वप्राथमिक अर्थात् प्री स्कुल पनि छुट्टै अध्ययन स्ट्रिम हो भनेर वकालत गरेकी हुँ,' पवित्रा भन्छिन्- 'अहिले आएर सफलता पाएको अनुभूति हुन्छ, अहिले पूर्वप्राथमिक शिक्षा लिएकाहरूलाई ग्र्याजुएसन (दीक्षान्त) समारोह गरेर स्कुले अध्ययनका लागि बिदा दिइन्छ ।'

पवित्राका अनुसार चलचित्र तारे जमिन परले पनि साना बालबालिका भनेका विशेष हुन् भनेर प्रस्ट्याइदियो । कतिपय अभिभावक अहिले आएर तारे जमिनको उदाहरण दिँदै बालबालिका अर्थात् आफ्ना साना नानीहरू विशेष हुन्छन्, उनीहरू संवेदनशील छन् भन्ने कुरा बुझेको बताउन थालेका छन् । बालबालिकाहरूको चाहना बुझेर त्यसअनुरूपकै शैक्षिक पद्धतिमा उनीहरूलाई व्यक्तिगत ट्रिट गर्नुपर्छ भन्ने भावनाले विकास हुनुले पनि मन्टेश्वरीको आवश्यकता अझ प्रस्टिएको जेभियरका भण्डारी बताउँछन् । विशेषगरी आफ्ना छोराछोरीको भविष्यप्रति सचेत अभिभावकहरूले मन्टेश्वरी शिक्षाप्रणालीलाई आत्मसात् गर्न थालेका छन् । किताबी एवं घोकन्ते शिक्षाको विकर्षणसँगै वैज्ञानिक एवं समय सुहाउँदो शिक्षा प्रणालीमा आफ्ना सन्तानलाई सानै उमेरदेखि अभ्यस्त गराउन अभिभावकहरू पनि लालायित भएको पाइन्छ । नेपाली समाजमा मन्टेश्वरी शिक्षाप्रतिको बढ्दो आकर्षणका कारण यतिबेला विभिन्न विद्यालयले पूर्वप्राथमिक तहमा यो शिक्षाप्रणाली अपनाउन थालेका छन् । 'बालबालिकाको मनोविज्ञानअनुसार शिक्षा दिइने भएकाले सचेत अभिभावकहरू यसप्रति आर्कषित भएका हुन्', जेभियर इन्टरनेसनलका कार्यकारी प्रमुख लोकबहादुर भण्डारी भन्छन्- 'आफ्ना छोराछोरीले सानैदेखि कुनै दबाबबिना स्वतन्त्र रूपले शिक्षा ग्रहण गरून् भन्ने चाहनाले धेरै अभिभावकका लागि मन्टेश्वरी निर्विकल्प रोजाइ बनेको हो ।'

### नेपालमा मन्टेश्वरी अभ्यास

'मन्टेश्वरी भनेको अपाङ्ग पढ्ने स्कुल हो', नेपालमा मन्टेश्वरी शिक्षा प्रणालीले जग हालिने क्रममा यस्तै भ्रम थियो अभिभावकहरूमा । केही दशकको अन्तरमा त्यो भ्रम मेटिएको छ । मन्टेश्वरी शिक्षालय खुल्ने क्रम र अभिभावकहरूको क्रेजबाट पनि यो कुरा स्पष्ट हुन्छ । घोकन्ते शिक्षाप्रणाली नै निर्विकल्प बनिरहेको समयमा 'बालबालिकाले स्वतन्त्र ढंगबाट ग्रहण गर्ने शिक्षा पद्धतिको' अभ्यास पक्कै पनि सजिलो थिएन । समाजमा यसप्रति धेरै किसिमका भ्रम देखिए । यद्यपि शिक्षाप्रेमीहरूको निरन्तर लगावका कारण मन्टेश्वरी शिक्षाले अहिले निकै व्यापकता पाइसकेको छ ।

यसले व्यावसायिक आकार लिइसकेको छ । 'सुरुका दिनहरूमा मन्टेश्वरी शिक्षाका बारेमा बुझाउनै गाह्रो थियो', मन्टेश्वरी किन्डर वर्ल्डकी पवित्रा लिम्बूले सम्झिइन्- 'अहिले भने समाज फेरिएको छ, यस विषयमा धेरैले बुझिसके ।'

## मन्टेश्वरी शिक्षा लोकप्रिय भएको छ



**पवित्रा लिम्बू**

मन्टेश्वरीमा भर्ना गर्नुपूर्व अभिभावकले उक्त विद्यालयका सम्बन्धमा पर्याप्त जानकारी लिनुपर्छ ।

**नेपालमा मन्टेश्वरी शिक्षाको प्रभाव कस्तो छ ?**

अहिले मन्टेश्वरी शिक्षाका बारेमा सकारात्मक धारणा छ नेपाली समाजमा । विगतमा सुस्त मनस्थितिका विद्यार्थी पढाइने भन्ने भ्रम थियो । मन्टेश्वरीका बारेमा कुरा बुझाउनै गाह्रो थियो तर अहिले त्यस्तो अवस्था छैन । आफ्ना छोराछोरीलाई मन्टेश्वरीमै भर्ना गर्न आतुर अभिभावकहरूबाट पनि यो कुरा बुझ्न सकिन्छ ।

**जतातातै खुलेका मन्टेश्वरी स्कुलले आवश्यक मापदण्ड पूरा गरेका होलान् ?**

हो, मन्टेश्वरी खुल्ने क्रम बढेको छ । यो राम्रो पक्ष हो, तर सबै विद्यालयले मन्टेश्वरीका लागि आवश्यक पूर्वाधार तयार गरेको छ कि छैन, दक्ष शिक्षक छन् कि छैनन् भन्नेमा अझै पनि शंका छ । नाम मात्रको मन्टेश्वरीले पनि अभिभावकलाई भ्रममा पार्न सक्छन् । त्यसैले मन्टेश्वरीमा भर्ना गर्नुपूर्व अभिभावकले उक्त विद्यालयका सम्बन्धमा पर्याप्त जानकारी लिनुपर्छ ।

**मन्टेश्वरी स्कुल कस्तो हुनुपर्छ ?**

स्कुलमा बालबालिकालाई सकारात्मक ऊर्जा दिने खालको वातावरण हुनुपर्छ । विभिन्न खेलकुदका सामग्री आवश्यक पर्छ । साथै ती सामग्रीहरूको प्रयोगबाट कसरी बालबालिकालाई सिकाउने भन्ने कुरा जान्ने दक्ष शिक्षक हुनुपर्छ । बालबालिकाले कुनै पनि किसिमको दबाब महसुस नगरी स्वतन्त्रतापूर्वक आफ्नै अनुभवबाट शिक्षा ग्रहण गर्ने किसिमको वातावरण तय गरिदिनुपर्छ ।

**नेपालमा मन्टेश्वरी शिक्षकको अभाव छ भनिन्छ नि ?**

मन्टेश्वरी पढाउने दक्ष शिक्षकको धेरै अभाव छ । अहिले मन्टेश्वरी स्कुल खुल्ने क्रम जुन गतिमा बढेको छ, त्यसअनुसार दक्ष शिक्षक पर्याप्त छैनन् । हाम्रो ट्रेनिङ सेन्टरका शिक्षिकाहरूले तुरुन्तै काम पाउनुभएको छ, अझै डिमान्ड छ ।





# एसएलसीपछि के गर्ने ?

'वाह क्या विन्दास लाइफ ! अब त एसएलसी पनि सकियो। अब तीन महिना त मोज गर्नुपर्छ यार !' एसएलसी दिएर बसेको एक जना भाइ आफ्नो साथीसँग भन्दै थियो। 'सही भनिस् यार, भन्दै' साथी पनि उनको कुरामा सही थप्दै थियो। एसएलसी दिएर बसेका विद्यार्थीहरू अब के गर्ने भन्ने कुरामा अन्यौलमा पर्छन्।

केही विद्यार्थीले घुमफिर र मनोरञ्जन गरेर बिताउने योजना बनाएका छन्। केही विद्यार्थी अबको समय ब्रिजकोर्स र इन्ट्रान्स परीक्षाको तयारी गर्ने योजनामा छन्। धेरै विद्यार्थीले यति बेला गर्न भनी विभिन्न काम छुट्याएर राखेका छन्। यो समयलाई महत्वपूर्ण समयका रूपमा लिनुपर्छ। यही अवधिलाई उपभोग गरी सफलताको मार्गतर्फ अघि बढ्दै जानुपर्छ। यो समयलाई उपयोग गर्दै मनोरञ्जन, खेलकुद, अध्ययन साथै सिर्जनात्मक कार्यतर्फ अघि बढ्नुपर्छ। विद्यार्थीहरूले धेरै समय कडा परिश्रम गरी एसएलसीको परीक्षा दिएकाले अबको समय मनोरञ्जनका साथै घुमफिरलाई पनि दिनुपर्छ।

एसएलसीपछिको समयमा साथीभाइसाग घुम्ने र रमाइलो गर्ने भन्दै विद्यार्थीहरू विकृतितर्फ पनि आकर्षित भएको पाइन्छ। विद्यार्थीहरू लागूपदार्थ दुर्व्यवसनमा फस्ने सम्भावना पनि रहेकाले त्यसप्रति सजग रहनुपर्छ। एसएलसीपछि मनोरञ्जन मात्र नभै अध्ययनलाई पनि निरन्तरता दिनुपर्छ। दैनिक रुपमा अध्ययन गर्दै जानुपर्छ। लामो समयसम्म नपढ्नाले बानी बिग्रने हुदा विभिन्न पुस्तक पढ्न सकिन्छ। कथा, कविता, उपन्यास एवं सामान्य ज्ञानका पुस्तकहरू पढ्नुपर्छ। साथै यसै समयमा ब्रिजकोष र इन्ट्रान्सको तयारी पनि गर्नुपर्छ। यसले राम्रो कलेज पढ्न र राम्रो नम्बर ल्याउन सजिलो हुन्छ।

यो समयमा कम्प्यूटरका विभिन्न कोर्स गर्न सकिन्छ। अंग्रेजी नजान्ने विद्यार्थीहरूले अंग्रेजी सुधार्ने उपयुक्त समय यही हो। विभिन्न तालिम तथा सीप सिक्न पनि यो समय महत्वपूर्ण छ। उद्घोषण तालिम, व्यक्तित्व विकासजस्ता विभिन्न तालिम साथै डान्स, हार्मोनियम, गितार आदि सिक्न पनि यो समय महत्त्वपूर्ण छ। दैनिक पत्रपत्रिका पढ्ने, लेख, कविता, कथा, नाटकहरू पढ्ने-लेख्ने उपयुक्त समय पनि यही हो। विभिन्न क्लब एवं संघ-संस्थाहरूमा आबद्ध हुने र विभिन्न कार्यक्रम सहभागी हुने गर्नुपर्छ। दैनिक रूपमा विभिन्न खेलहरू आफ्नो इच्छाअनुसार खेल्नुपर्छ। यो समय विभिन्न खेलहरू सिक्न पनि महत्वपूर्ण छ। विभिन्न इन्टरनेसनल गेमहरूको जानकारी लिँदै एसएलसीपछिको समयमा मनोरञ्जन, घुमफिर, खेलकुद साथसाथै अध्ययनलाई पनि निरन्तरता दिँदै अघि बढ्नुपर्छ।

**सुदिप लामिछाने**

# एसएलसीपछिको समय व्यवस्थापन

● **सागर शर्मा**

यस वर्षको एसएलसी परीक्षा पनि सकिएको छ। विगतका वर्षको तुलनामा यसपटक केही बढी लापर्बाहीका साथ परीक्षा सम्पन्न भएको छ। एसएलसीमा सहभागी भएका विद्यार्थीहरूले अब खाली समयको सदुपयोग गर्नुपर्ने हुन्छ। एसएलसी परीक्षापछि हुने करिब तीन महिनाको खाली समयमा विद्यार्थीहरूले आफूलाई आवश्यक पर्ने कुनै न कुनै कार्य गर्नैपर्ने हुन्छ। अबको खाली समयमा मेहनत गर्ने हो भने अलि कमजोर विद्यार्थी पनि सबल बन्न सक्छन् भने समय खेर फाले वा अल्छी गरे राम्रो पढ्ने विद्यार्थी पनि आफ्नो लक्ष्य प्राप्त गर्न नसक्ने अवस्थामा पुग्न सक्छन्। त्यसैले स्कुले जीवनबाट टाढिए पनि विद्यार्थीहरूले भविष्यका बारेमा सोचेर खाली समयलाई उपयोगी कार्यमा व्यतित गर्नु आवश्यक छ।

उपयुक्त समयमा उपयुक्त कार्य गर्नु नै समय व्यवस्थापन हो। कुनै पनि कुरा अनुपयुक्त समयमा गर्नु मुर्खता हो। जस्तै एसएलसी परीक्षा मुखमा आएको समयमा कुनै तालिम लिन थालियो भने आफ्नो एसएलसी परीक्षामा ठूलो असर गर्छ, तर त्यही तालिम एसएलसी परीक्षापछि लिइयो भने धेरै फाइदाजनक हुन्छ। त्यसैले एसएलसी परीक्षापछिको समयमा विद्यार्थीहरूले आफूलाई आवश्यक कुनै उपलब्धिमूलक कार्य गर्नुपर्छ। खासमा फरक-फरक उद्देश्यका विद्यार्थीका उपलब्धिमूलक कार्य पनि फरक-फरक नै हुन्छन्। केही विद्यार्थीका लागि कम्प्युटर सिक्नु आवश्यक हुन सक्छ भने केहीलाई पहिल्यै यस विषयमा ज्ञान भए उनीहरूको आवश्यकता अर्कै हुनसक्छ। त्यस्तै केहीले भाषाको ज्ञान लिएर, केहीले अन्य सीपमूलक तालिम लिएर तथा केहीले ब्रिजकोर्स इन्स्टिच्युटहरूमा अध्ययन गरेर उच्च माध्यमिक तह वा प्रवीणता तहमा सजिलैसँग अध्ययन गर्न सक्ने वातावरण मिलाउन सक्छन्। त्यस्तै ब्रिज कोर्स नगरे पनि घरमा पढ्ने बानी भने छाड्नु हुँदैन, फलस्वरूप पछि गएर आफूलाई कठिनाइ उत्पन्न हुँदैन। ब्रिज कोर्स स्कुले जीवनको पढाइ र कलेज जीवनको पढाइबीचको पुल हो। यो पुल पार गर्न कुनै इन्स्टिच्युटमै जानुपर्छ भन्ने पनि छैन। यस्तो पुललाई आफैले निर्माण गरी पार गरेर अर्थात् आफैले घरमा स्वअध्ययन गरेर पनि फाइदा लिन सकिन्छ। जे जसरी हुन्छ, यो तीनमहिने फुर्सदलाई उपयोगी कार्यमा सदुपयोग गर्नु बुद्धिमता हुन्छ।

एसएलसी परीक्षा दिइसकेपछि के गर्ने भन्ने सम्बन्धमा सबैका आ-आफ्नै योजना हुन्छन्। यस्तै योजना बुनेका एसएलसी परीक्षार्थी सुदर्शन न्यौपानेले एसएलसी दिएपछि कम्प्युटर सिक्ने योजना बुनेका थिए। न्यौपाने भन्छन्, 'अबको जमानामा कम्प्युटर नजानी त केही गर्न सकिदैन नि ! आफूलाई कम्प्युटर खासै राम्रोसँग चलाउन आउँदैन। बरु यो समयमा राम्रोसंग कम्प्युटर सिक्छु, बुबाले पनि एसएलसी परीक्षा दिइसकेपछि कम्प्युटर किनिदिन्छु भन्नुभएको थियो। अब घरमा पनि 'प्राक्टिस' गर्न पाइन्छ, कम्प्युटरमा त पर्फेक्ट नै बन्ने चाहना छ।'

सरकारी विद्यालयबाट परीक्षा दिएका विद्यार्थी नवराज पौडेलचाहिँ आफूमा अङ्ग्रेजी भाषाको समस्या भएकाले 'ल्याङ्गोएज कोर्स' गर्ने बताउँछन्। पौडेल भन्छन्, 'सरकारी विद्यालयमा पढियो, अङ्ग्रेजीमा अलि समस्या नै छ। सरले पनि जे गरेर भएपनि अङ्ग्रेजी भाषामा भने निपुण हुनु भन्नुहुन्थ्यो। अब कुनै इन्स्टिच्युटमा गएर अङ्ग्रेजी भाषाको ज्ञान लिन्छु। अहिले अङ्ग्रेजी सुधारियो भने पछि सजिलो हुन्छ।'

त्यस्तै कम्प्युटर र अङ्ग्रेजीमा राम्रै दखखल भएकी सबिना पौडेल भने ब्रिजकोर्स गर्ने योजना रहेको बताउँछिन्। सबिना भन्छिन्, 'अब प्लस टुमा राम्रै कलेजमा नाम निकालेर 'साइन्स' पढ्ने इच्छा छ। पछिका लागि सजिलो पनि हुने, अनि इन्ट्रान्सका लागि पनि प्रिप्रेसन हुने, कुनै इन्स्टिच्युटमा ब्रिजकोर्स गर्ने योजना छ। ब्रिजकोर्स गरियो भने पढ्ने 'ह्याबिट' त छुट्दैन नि।'

यसरी अबको फुर्सदमा सबै विद्यार्थी कुनै न कुनै उपलब्धिमूलक कार्य सक्रिय रहनु आवश्यक छ। यसले फुर्सदको सदुपयोग हुनुका साथै भविष्यमा योग्य बन्न मद्दत पुग्छ। शिक्षकहरू पनि भन्छन्– एसएलसीका परीक्षार्थीले अबको तीन महिना व्यर्थमा खेर नफाली उपयोगी कार्यमा व्यतीत गर्दै राम्रो नतिजाको पर्खाइमा बस्नु उपयुक्त हुन्छ।

What after Exam ?
उद्घोषण/ANCHORING
(RJ / VJ / STAGE / NEWS / TECHNICIAN)
Public Speaking / Speech Art
Personality & Confidence Development
(Mass को अगाडी बोल्न नसक्नेको लागि)
The Media's Collection
Bagbazar (Opp. to Petrol Pump) Ph: 4233042
Chardobato, Banepa (opp. to Red Cross):-011-664506
Also in Pokhara and Itahari Rs. 1000/- Discount
Job opportunity for the best

विश्वभर मान्यता प्राप्त
HI Membership Card
For Budget Accommodation in all over the world.
No Age Bar
विदेश जानेहरुको लागि अति उपयोगी
NEPAL YOUTH HOSTEL
Tinkune, Kathmandu
Ph. No.: 01-4480979
Mobile No.: 9841608995
www.youthhostel-nep.org

IELTS / TOEFL iBT
English, Japanese & Korean Languages
Free Books, CDs & Handsouts.
Experienced Teachers
OASIS ABROAD STUDY SERVICES & CONSULTANCY PVT. LTD.
Bagbazar, Kathmandu, (Opposite P.K. Campus)
Tel: 01-4251174, 4218935
Branches: Baneshwor: Way to Shankhamul, Tel:4785421,4785422
Heatuda: Om Bhawan, Kantirajpath,Tel: 057-524197, 98550-68140
E-mail: info@oasis.edu.np Web: www.oasis.edu.np

NIMAS
BRIDGE COURSE & STAFF NURSE
Booking Open for
MBBS & B.Sc Nursing / BPH/ B.Pharmacy
25% Discount
Scholarship Schemes Up to 100% Limited Time.
Promoted By:
OASIS ABROAD STUDY SERVICES & CONSULTANCY PVT. LTD.
NIMAS EDUCATION
National Institute for Medical & Allied Sciences
Bagbazar, Kathmandu (Opposite of PK Campus Gate)
Phone: 01-4251174, 4218935
Branches:Baneshwor: Way to Shankhamul, Tel:4785421,4785422
Heatuda Om Bhawan, Kantirajpath, Hetauda,Tel: 057-524197, 98550-68140,
Chitwan: Medical College Road, Bharatpur, Tel: 056-693114,
Palpa: Pooja Computer Consult, Tel: 075-520462
E-mail: info@oasis.edu.np, Web: www.oasis.edu.np

फ्रि : वेटर / वेट्रेस
भत्ता रू-३000/-
तालिम पश्चात फ्रि-BARTENDER पनि
उत्कृष्टलाई ८,000 सम्मको जागीर।
विदेश जानेकोलागी होटल सम्बन्धी स्पेशल कोर्षको व्यवस्था।
WISDOM HOTEL TRAINING
KALIMATI CHOWK 01 - 4277104
CHABHIL CHOWK 01 - 6223587

Achieve your dream...Make your career
BRITISH ARMY Being & SINGAPORE POLICE
"Every man is an architect of his own fortune, but it needs proper guidance" NG.Lic No.44948/063-64
British Army तथा Singapore Police Preperation Class मा भर्नाखुल्यो !!!
चाँडै गर्नुहोला धमाधम भर्ना लिईदैछ
COURSES
Educational
Mathematics
English
Grammar
Barb Test
Oral Test
Essay Writing
Dictation
Passage
Physical
Puss Up
Set Up
800m(Running)
Drill
B.F.T
Doko Carry
हाम्रा विशेषताहरु:
न्युनतम शूल्कमा गुणस्तरिय सेवा प्रदान गरिने।
गत Intake हरुमा अधिकतम विद्यार्थीहरुलाई भर्ती गराउन सफल
Ex-British Army द्वारा शारिरिक प्रशिक्षण गराईने।
दक्ष शिक्षकहरुबाट शैक्षिक प्रशिक्षण गराईने।
हरेक हप्ता Test गराईने।
उत्कृष्ट विद्यार्थीलाई छुटको व्यवस्था गरिने।
कम्पनीको आफ्नै Uniform उपलब्ध गराईने।
पुरानो प्रश्नपत्र एवं सम्भावित नयाँ मोडेल अनुसार अधिकतम अभ्यास गराईने।
BRITISH GURKHAS EDUCATIONAL & PHYSICAL TRAINING CENTRE(P) LTD
Shankhapark-4, Dhumbarahi, Kathmandu,Nepal
Contact: 01-4007538, 9841344404, 9841306113,9849145319, 9851002703
Branch office
Dharan-9, Acharya Line
Ph: 025-696513,9804007669
9842021640,9842195609

ब्यूटिसियन तालिममा निशुल्क भर्ना
नेपाल सरकारबाट स्वीकृत प्राप्त विगत ९ बर्षदेखि संञ्चालित वरिष्ठ ब्यूटिसियनहरुद्वारा अत्याधुनिक मेशिनहरुबाट थ्योरी प्राक्टिकल दुवै माध्यमबाट छोटो समयमै ग्यारेन्टीका साथ
बेसिक, एड्भान्स, स्पेसल सर्ट, स्पेसल डिप्लोमा र टिचर ट्रेनिङ्ग कोर्षमा धमाधम भर्ना लिईदै छ।
आजै आफ्नो सिट सुरक्षित गर्नुहोस्।
नोट S.L.C दिई बसेका छात्राहरुलाई विशेष ग्राहयता
ईमेज ITC ब्यूटिसियन प्रशिक्षण केन्द्र
नारायणगोपाल चोक, चक्रपथ
फोन :- 2150731, 4720323

कोरियन भाषा
कोरिया रिटर्न प्रशिक्षकद्धारा कोरियन भाषा सिकि कोरिया जाने सपना साकार पारौ।
४00 भन्दा बढि प्रशिक्षार्थी कोरिया पुग्न सफल
हामी भाषा परिक्षा पासको ९९% ग्यारेन्टी गर्छौ।
Expert Bagbazar
Ph.4212977
कक्षाहरु धमाधम सञ्चालन भईरहेको छ।

# समाजको एउटा डरलाग्दो तस्बिर




पृष्ठ १ बाट जारी

श्रीमतीका कारण पीडित ४३ वर्षीय सुन्दर राईको कथा अझ मार्मिक छ। आफ्नो व्यथा सुनाउँदै उनी भन्छन्– म लामो समय कोरियामा रोजगारी गरेर बसें। प्रत्येक वर्ष मैले कम्तीमा पनि १० लाख रुपैयाँ घर पठाएँ। श्रीमतीसँग कुरा गर्दा कहिले जग्गा किनेको, कहिले घर किनेको, कहिले छोराछोरीलाई राम्रो स्कुलमा भर्ना गरेको खबर सुनाउँथिन्। म आफ्नो भविष्य सुनौलो हुँदै गएको महसुस गर्थें। ७ वर्षपछि घर फर्कंदा थाहा पाएँ, उनी अर्कै युवकसँग बसेकी छिन्। छोराछोरी होस्टेलमा रहेछन्। मैले पठाएको सम्पत्ति सबै ती युवकको नाममा रहेछ। म बेखर्ची भएर काठमाडौंमा डुलिरहेको छु। मेरो सम्पत्ति फिर्ता गर्ने र उनीसँग छोडपत्र गर्ने कुनै आधार र सहयोगी मैले पाइरहेको छैन।

पत्नीपीडत ३७ वर्षीय दीपक बोगटीको कथाको एउटा पाटोले नेपालको कानुनलाई असमानताको हदसम्म पुऱ्याएको छ। दीपक भन्छन्– 'विवाहपछि सम्बन्ध राम्रो बनाउने प्रयासमा लामो समय खर्चिएँ। त्यसो नभएपछि सम्बन्धविच्छेदका लागि पटक-पटक प्रयास गर्दा पत्नीले मानिनन्। त्यसपछि विरक्तिएर विदेश गएँ। पैसा कमाएर आएपछि पैसा दिन्छु वा अंश दिन्छु भन्दा पनि उनी सम्बन्धविच्छेद गर्न अस्वीकार गरिरहेकी छिन्। अरूसँग लामो समय बस्दै आएकी महिलालाई म श्रीमतीका रूपमा स्वीकार गर्न सक्दिनँ। अर्को विवाह गर्न कानुनले रोकेको छ। यस्तो अवस्थामा रातदिन पीडा सहेर भौंतारिरहनुपरेको छ। म कुनै पनि हिसाबबाट उनीबाट उन्मुक्ती चाहन्छु, तर मजस्तो पीडित व्यक्तिको उजुरी लिने कुनै निकाय नेपालमा रहेनछ।'

यी उदाहरणहरू नेपालका ती युवाहरूको हो, जसको पीडा हेरिदिने कुनै पनि निकाय अहिलेसम्म स्थापना भएको छैन। उनीहरूको कथालाई न त सञ्चारमाध्यमले महत्त्व दियो, न त सरकारी निकायमा यस्ता उजुरीहरू दर्ता भए। महिलाले पाउने स-साना हिंसाले टोल-छिमेक मात्र होइन, राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा महत्त्व पाउँदा यस्ता हजारौं युवा भने सहाराविहीन भएका छन्। महिलाद्वारा पीडित यस्ता पुरुष महिलामाथि प्रतिहिंसामा उत्रँदा गत वर्ष चितवनमा एउटी महिलाको ज्यान गयो। अहिले चितवन जिल्ला कारागारमा सजाय काटिरहेका रामबाबु परियारले श्रीमतीको हत्या गर्नुको कारण थियो, 'उनलाई चिढ्याउन परपुरुषसँग उठबस गर्नु।' शारीरिक रूपमा उति राम्रा नदेखिने परियारलाई श्रीमतीले दिएको पीडा सहन गाह्रो भयो। उनले छोडपत्र गर्न खोजे, तर उनलाई पुरुषले छोडपत्र गर्न पाउँदैन भन्दै अधिवक्ताले नै फर्काइदिए। अत्यमा उनले बन्चरोले हानेर आफ्नी श्रीमतीको हत्या गरे।

महिला हिंसाको शिकार भएर विभिन्न पीडा झेलिरहेका पुरुषहरूको कथा हिजोआज जतातत‍ै सुन्न थालिएको छ। महिला हिंसा रोक्न देश-विदेशबाट ठूलो रकम परिचालन हुने भएकाले त्यसलाई सबैले महत्त्व दिने गरेका छन्, तर महिलाद्वारा हुने पुरुष हिंसालाई भने कसैले महत्त्व दिएका छैनन्। यसको मुख्य कारण पुरुष हिंसामा कसैलाई पनि प्रत्यक्ष फाइदा नहुनु हो। 'महिला हिंसामा सचेत हाम्रो समाजको अर्को ठूलो हिस्सा पुरुष हिंसामा संलग्न छ, तर उनीहरूमाथि भएको अपराधमा यसरी आँखा चिम्लिएको छ, मानौं त्यो पीडा भोग्नु पुरुषहरूको नियति हो।' पुरुष हिंसाका विषयमा अनुसन्धान गरिरहेका अधिवक्ता केशवराज अर्याल भन्छन्, 'पुरुष हिंसा बढेकै कारण त्यसको प्रतिशोधमा महिला हिंसा भैरहेको छ भन्नेतर्फ कसैको ध्यान गएको छैन। यो समस्या डढेलोसरि फैलिरहेको छ।'

**के हो पुरुष हिंसा ?**

नेपालमा जतातत‍ै पुरुषमाथि हिंसा भैरहे पनि त्यसको विश्लेषण अहिलेसम्म कुनै निकायले गरेको पाइँदैन। विवाहित महिलाले पतिसँग मिलेर नबस्ने, अलग बस्ने, सम्बन्धविच्छेद पनि नगर्ने अर्कैसँग विवाह गरे जेल हाल्छु भनेर धम्की दिनाले पुरुष हिंसा भैरहेको देखिन्छ। पारिवारको सम्पत्ति आफ्नो निजी स्वामित्वमा राख्न खोज्नु, निजी दाबी गर्नु वा निजी कायम गराई लोग्ने वा परिवारको सम्पत्तिसहित अर्कोसँग विवाह गर्नु पनि पुरुष हिंसाभित्र पर्छ। नभएको यौनसम्बन्धलाई भएको दाबी गर्दै नाता कायम गर्न मुद्दा हाल्नु, उक्त व्यक्तिलाई पत्नी स्विकार गर्न बाध्य बनाउनु पनि पुरुष हिंसाभित्र पर्छ। महिलाले सहमतिमा भएको शारीरिक सम्पर्कलाई जबरजस्ती हो भन्दै प्रहरीमा उजुरी दिएर पक्रन लगाउनु, त्यसै आधारमा पुरुषलाई ब्याकमेल गरेर जीवनभरि पुग्ने आय आर्जन गर्नु, त्यसबाट पुरुषलाई आर्थिक क्षति पुऱ्याउनु, मानसिक तनाव दिनुलाई पनि पुरुष हिंसा मानिएको छ।

अधिवक्ता अर्यालका अनुसार पतिलाई मन नपर्ने क्रियाकलाप हो भन्ने जानी जानी पटक-पटक त्यस प्रकारका कार्यहरू दोहोऱ्याइरहनु पनि पुरुषमाथि महिलाले गर्ने हिंसा हो। त्यसैगरी प्रहरी प्रशासन वा अरू कसैको डर त्रास देखाउनु, झूटा आरोप लगाउनु, पक्राउ गराउनु, थुनामा राख्नु वा उल्लेखित कार्य गर्ने धम्की दिनु, व्यक्ति, परिवार वा समाजका अगाडि गाली-बेइज्जति गर्नु, छोरा-छोरीलाई ढाल बनाई पतिविरुद्ध प्रयोग गर्नु पनि पुरुष हिंसाभित्र पर्छ।

कतिपय अवस्थामा माइतीको अतिरञ्जित प्रशंसा गर्दै श्रीमान्प्रति दुर्व्यवहार गरिएका घटना पनि पाइएका छन्। परिवारको हैसियत र क्षमताभन्दा बढी आर्थिक व्ययभार थोपर्नु, आर्थिक कारणले पतिलाई मानसिक तनावमा पुऱ्याउने महिलाको संख्या पनि बढ्दै गएको पाइन्छ। विशेष गरी सहरी क्षेत्रमा यस्ता घटना घट्ने अधिवक्ता अर्यालको कथन छ।

पुरुष हिंसा कुन मात्रामा भैरहेको छ भन्ने आधिकारिक तथ्यांक कतै छैन। महिला हिंसाका विषयमा काम गरिरहेका विभिन्न गैरसरकारी संस्थामा पुरुष हिंसाको कुनै पनि घटना दर्ता गरिएको पाइँदैन। वरिष्ठ अधिवक्ता मीरा ढुंगाना भन्छिन्, 'महिला हिंसा हाम्रो चासो हो, तर पुरुष हिंसाका बारेमा हामी आँखा चिम्लन्छौं भन्ने होइन।' ढुंगानाले यसो भने पनि उनले हालसम्म एउटा मात्र पुरुष हिंसाका मुद्दा आफ्नो कार्यालयमा आएको बताइन्। 'महिला हिंसाको तुलनामा पुरुष हिंसा नगन्य छ। त्यसैले उक्त विषयमा हाम्रो ध्यान नगएको हो।' ढुंगानाका अनुसार सय जना महिला पीडित हुँदा एक जना मात्र पुरुष पीडित हुने भएकाले यसतर्फ ध्यान नगएको हो। यद्यपि अधिवक्ता अर्याल भने महिलाभन्दा पुरुष बढी हिंसाको सिकार भएको दाबी गर्छन्। 'अनुसन्धान नभएको मात्र हो, नत्र पुरुष हिंसाको डरलाग्दो तस्बिर सार्वजनिक हुने सम्भावना छ।' अर्याल भन्छन्, 'पुरुषहरू आफू पत्नीबाट पीडित भएको सुनाउँदा लज्जा महसुस गर्छन्। उनीहरूको सामाजिक हैसियत तुरुन्तै समाप्त हुने भएकाले यस्तो कुरा बाहिर आउँदैन।'

भारतमा भएको पुरुष हिंसासम्बन्धी एक अध्ययन-प्रतिवेदनले कुल हिंसामध्ये ३४ प्रतिशत हिंसा पुरुषमाथि हुने गरेको दाबी गरिएको थियो। सन् २००८ मा सोसियल मुभमेन्ट नामक संस्थाले गरेको उक्त अध्ययनले स-साना पारिवारिक झगडालाई पनि पुरुष हिंसामा समावेश गरेको थियो। सर्वेक्षणअनुसार श्रीमतीले श्रीमान्तर्फका नातेदार, साथीभाइ, इष्टमित्रहरूलाई अनादर र अशिष्ट व्यवहार गर्नु, भेटघाटमा रोक लगाउनुलाई पनि पुरुष हिंसा मानिएको छ। अनादरपूर्वक श्रीमान्को नाउँ लिनु, पति रहेको स्थान, बाटोघाटो वा कार्यालयमा गै कुनै पनि प्रकारको अपशब्द प्रयोग गर्नु, बेइज्जति गर्नु, कुटपिट गर्नु, सञ्चारमाध्यम वा कुनै प्रकारले सताउनु, मानसिक तनाव दिनेजस्ता व्यवहार पनि पुरुष हिंसाभित्रै पर्छन्। श्रीमान्सँग रिसाउनु, गाली गर्नु, दुर्व्यवहार गर्नु, हातखुट्टा वा कुनै साधनद्वारा कुटपिट गर्नु वा गर्न खोज्नु, हिर्काउनु वा हिर्काउन खोज्नु, चिथोर्नु पनि पुरुषमाथिको हिंसा हो। श्रीमान्लाई होच्याउने उद्देश्यले अरू मानिसहरूसँग तुलना गर्नु, अरूको प्रशंसा गर्नु पनि यसैभित्र पर्छ।

**पुरुष हिंसा किन मुद्दा बनेन ?**

जतातत‍ै पुरुष हिंसा भैरहे पनि यी कुरा बाहिर नआउनुको मूल कारण पुरुषभित्रको अहम्लाई मुख्य मानिएको छ। घरभित्र आफू महिलाबाट पीडित छु भन्ने सन्देश बाहिर जानेबित्तिकै आफ्नो हैसियत गुम्ने डरले पनि आफूहरूले यस्ता हिंसा सहिरहेको पीडित पुरुषहरू बताउँछन्। पाँच महिनाअघि साप्ताहिकमा अधिवक्ता केशवराज अर्यालको अन्तर्वार्ता प्रकाशित भएपछि सयौं पत्नीपीडित पुरुषले साप्ताहिकलाई फोन गरी आफू पत्नीपीडित भएको बताएका थिए। अर्यालले पुरुषहरूको पक्षमा वकालत गरेपछि खुसी हुँदै उनीहरूले आफ्नो कथा साप्ताहिकलाई सुनाएका थिए। उनीहरूले आफ्ना पीडा बाहिर ल्याउन ठूलो समस्या भएकाले त्यसलाई सार्वजनिक गर्न सकेका छैनन्। कतिपय पुरुषले पत्नीबाट पीडा पाउनुमा पूर्वजन्मको फल, भाग्यको देन जस्ता कारण भएको बताएका थिए। त्यसैगरी कतिपयले आफू कमजोर छैन भन्ने घमन्ड एवं आफूप्रति अन्याय भएको छ भन्ने अरुले विश्वास गर्दैनन् भन्ने डरका कारण पनि आफू हिंसा सहन बाध्य भएको बताएका थिए।

अधिवक्ता अर्यालको अनुभवमा भने आफ्नो पीरमर्का र रोदन सुनुवाइ गर्ने निकाय नभएका कारण पनि पुरुषहरू हिंसा सहन बाध्य भएका छन्। कतै उजुर गरे पनि स्वास्नी मानिसकै भनाइ सत्य सावित हुने गरेका थुप्रै उदाहरणले पनि पुरुषहरू हिंसा सहन बाध्य भएको देखिन्छ। त्यसैगरी महिलाले पुरुषप्रति जे-जस्तो व्यवहार गरे पनि दोषी नदेखिने तर महिलाले पुरुषलाई दोष लगाए सबै कुरा साँचो हुन्छ भन्ने व्यावहारिक, सामाजिक उवं कानुनी मान्यताका कारण पुरुषहरू चुपचाप अन्याय सहन वाध्य छन्।

कतिपय पीडितले आफूले पीडा सार्वजनिक गर्दा थप हिंसा हुने डरका कारण चुपचाप अन्याय सहेको बताए। सामाजिक संरचनाका कारण समाजमा बेइज्जति एवं लाज हुने र समाजले पनि नकारात्मक दृष्टिकोणले हेर्छ भन्ने आमविश्वास नेपालमा छ। त्यसैगरी परिवार, छोराछोरी एवं समाजमा पर्ने नकारात्मक असरका कारण पनि पुरुषहरू हिंसा सहन बाध्य हुन्छन्। यस्ता कतिपयले आफ्नो कुरा सार्वजनिक गर्न चाहेको पाइएन। पुरुष आफैं पछि हट्नु तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय वातावरण महिलाका पक्षमा भएका कारण पुरुष हिंसा सार्वजनिक मुद्दा बन्न नसकेको अनुभव जानकारहरूको छ।

## कानुनले गरेको विभेद

**पुरुषहरूमाथि हिंसा हुनुको मुख्य कारण नेपालको विद्यमान कानुनलाई मानिएको छ। पुरुष हिंसाका विषयमा कानुन मौन छ। 'नेपालीहरू जुन मुद्दामा पैसा आउँछ, त्यो मुद्दा मात्र समाउँछन्।' समाजशास्त्रका अध्यापक प्रवीण दाहाल भन्छन्, 'समाजमा पुरुषमाथि ठूलो हिंसा हुँदा पनि सरकारी एवं गैरसरकारी संस्थाहरू चुप लाग्नुका पछाडि अन्तर्राष्ट्रिय सहयोग नआउनु नै मुख्य कारण हो।'**

**पुरुषले जतिसुकै अन्याय सहनुपरे पनि उसलाई छोडपत्र दिने अधिकार कानुनले दिएको छैन। यो अधिकारबाट वञ्चित भएकै कारण कतिपय महिलाले पुरुषमाथि हिंसा गरेको पाइएको छ। गत महिना सर्वोच्च अदालतले पुरुषलाई पनि छोडपत्रका लागि अदालत जान पाउने कानुन निर्माण गर्न संविधानसभा र सरकारलाई आदेश दिएको छ। कानुन बन्न लामो समय लाग्ने भएकाले पुरुषमाथि कानुनले अन्याय गरिरहने देखिन्छ।**

**पीडितहरूका अनुसार पुरुषका पक्षमा कानुनले करिब १३ स्थानमा विभेद गरेको छ। अधिवक्ता केशवराज अर्यालका अनुसार कुनै महिलाले श्रीमान् हुँदै अरूसँग यौनसम्पर्क राखे उनलाई कुनै सजाय हुँदैन, तर पुरुषले श्रीमती छँदै अरूसँग सम्पर्क राखे उनलाई श्रीमतीले जेलसम्म हाल्न सक्ने व्यवस्था छ। त्यसबाहेक पतिको इच्छाविपरीत श्रीमतीले यौन सम्बन्ध राख्न कर गरे श्रीमतीलाई कुनै कानुन लाग्दैन, तर श्रीमतीको इच्छा विपरित श्रीमान्ले त्यस्तो सम्बन्ध राखे जबरजस्ती करणीको अभियोग खेप्नुपर्ने कानुनी व्यवस्था छ।**

**मुलुकी ऐन लोग्ने स्वास्नीको महलको २ नम्बर अनुसार श्रीमतीले अर्को व्यक्तिसँग विवाह गरे अघिल्लो लोग्नेसँग स्वत: सम्बन्धविच्छेद हुने व्यवस्था छ, तर लोग्नेमानिसले त्यही कार्य गर्दा उसले बहुविवाहको अपराधमा जेल जानुपर्ने व्यवस्था गरिएको छ। त्यतिमात्र होइन, श्रीमतीले आफूले कमाएको सम्पत्ति आफ्नो इच्छाअनुसार खर्च गर्न पाउँछिन्, तर श्रीमान्ले कमाएको सम्पतीमा श्रीमतीको पूरा हक लाग्छ। यदि श्रीमान्-श्रीमतीबीच सम्बन्ध-विच्छेद भए श्रीमतीको सम्पत्तिमा लोग्ने मानिसको कुनै हक लाग्दैन, तर लोग्नेमानिसले कमाएको सबै सम्पतीमा श्रीमतीको आधा हक लाग्छ।**

## पुरुषमाथि हुने विभेदले नै महिला हिंसा जन्माएको छ



**केशवराज अर्याल, अधिवक्ता**

पुरुषमाथि हुने विभेद माथि एक दशकदेखि अध्ययन गर्दै आएका अधिवक्ता केशवराज अर्यालले गत मंसिरमा पुरुषमाथि अन्याय भएको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। २०६६ चैतको अन्तिम साता सर्वोच्च अदालतले यस्तो विभेदकारी नीतिको अन्त्य गर्न सरकार र संसदलाई कानुन बनाउन आदेश दियो। यसबाट पीडित पुरुषहरूले आंशिक रूपमा न्याय पाएका छन्। पूर्ण न्याय पाउन अझै दुई-चार वर्ष कुर्नुपर्ने अवस्था छ। यही सेरोफेरोमा अधिवक्ता अर्यालसँग पुरुषमाथि हुने हिंसाका विषयमा गरिएको कुराकानी :

**महिला हिंसाको कुरा धेरै सुनिन्छ, तर पुरुष हिंसा पछाडि परेको छ, किन ?**

किनभने यो विषयमा डलरको खेती हुँदैन। पुरुषको पक्षमा बोल्दा राष्ट्रिय अन्तर्राष्ट्रिय चर्चा पाइँदैन। कतिपयले यसलाई प्रतिगामी विषय भन्छन्। पुरुष हिंसा पछाडि पर्नुको अर्थ पुरुषमाथि हिंसा हुँदै नभएर वा कम भएर होइन, यसमा ग्लामर नभएर हो।

**तपाईंको विचारमा पुरुष हिंसाको अवस्था कस्तो छ ?**

कुनै पनि संघ-संस्थाले यस विषयमा अध्ययन गरेका छैनन्। यद्यपि मेरो विचारमा महिला हिंसाजत्तिकै पुरुष हिंसाका घटना पनि भैरहेका छन्। महिला हिंसा नेपालको गरिब वर्गमा बढी देखिन्छ। पुरुष हिंसा पढेलेखेका उच्च परिवारमा बढी छ। पढेलेखेका महिलाहरूबाट पुरुष हिंसाका घटना बढी भएका छन्।

**महिला हिंसाका विषयमा ठूलो धनराशि र अभियान जारी रहे पनि यो घटेको छैन, किन होला ?**

किनभने महिला हिंसाको अर्को पाटो पुरुष हिंसा पनि हो भन्ने कुरा उनीहरूले बुझेका छैनन्। महिलाले पुरुषलाई जे गरे पनि हिंसा नहुने, तर पुरुषले सानो कुरा गरे पनि त्यो हिंसा हुने एकपक्षीय हेराइले पुरुषहरूलाई भित्रभित्रै आक्रोशित अनि पीडित बनाएको छ। यसले हिंसा बढाउन मद्दत गरेको छ। यदि पुरुष हिंसा रोक्न त्यसैगरी पहल गर्ने हो भने महिला हिंसा स्वत: कम हुन्छ। किनभने महिला हिंसाको अर्को पाटो पुरुष पनि हो। मेरो भनाइको अर्थ महिलामाथि कानुनले राखेको नरम पक्ष हटाउनु पर्छ भन्ने होइन, तर पुरुषमाथिको कडाइले हिंसा भैरहेको छ भन्न बुझाउनु मात्र हो।

**तपाईंले कानुनमा भएको विभेदकारी नीतिका पक्षमा काम गर्दा के पाउनुभयो ?**

हामी कानुनका नजरमा सबै बराबर छौं भन्यौं, तर महिलालाई प्रिभिलेज दिने नाममा पुरुषमाथि अन्याय गऱ्यौं। यो अन्यायले पुरुषमाथि हिंसा भएको छ। यसले प्रतिहिंसा जन्माएर महिला पनि पीडित भएका छन्। कानुनका नजरमा सबै बराबर छन्। पुरुषमाथि अन्याय भएकै कारण कतिपय स्थानमा महिलाको ज्यान गएको छ। महिलामाथि कुटपिट भयो भन्ने कुरा गरियो, तर त्यो कुटपिटको कारण खोजिएन। वास्तवमा पुरुषमाथि भएका विभेदकारी नीतिकै कारण महिला हिंसा भएका धेरै उदाहरण छन्।

## ● तालुमा आलु ●



प्रकाश ओझा

'राजु', बाउले सोधे- 'कुनै यस्तो चीज बताऊ जसको २० वर्षअघिसम्म कुनै अस्तित्व थिएन ।'

'म' राजुले उत्तर दियो ।

ooo

स्वास्नी बजारबाट आई र लोग्नेलाई भनी, 'बजारबाट आउँदा मैले बाटोमा एउटा भिखारी भेटें । जब म उसको छेउमा पुगें उसले मलाई 'हे सुन्दरी..., भिखारीलाई केही दिनुस्' भन्यो । मलाई त त्यो भिखारीले नाटक गऱ्यो जस्तो लाग्यो ।' 'होइन होइन प्रिय' लोग्ने बोल्यो- 'यदि उसले तिमीलाई सुन्दरी भन्यो भने त्यो साँच्चै अन्धो थियो होला ।'

ooo

'म साह्रै मोटाएँ डाक्टरसा'ब, दुब्लाउने उपाय बताइदिनुस् न ।'

'खानेकुरामा विचार गर्नुहोस्, अबदेखि तपाई बिहान दुई रोटी बेलुकी दुई रोटी मात्र खानुहोस् ।'

मोटे बाहिर गयो र फेरि फर्केर आएर भन्यो- 'डाक्टरसा'ब, दुई-दुई रोटी खाना खाइसकेपछि खानु कि खाना खानुअघि खानु ?'

ooo

एउटा मोटे डाक्टरकहाँ गयो र दुब्लाउने औषधी माग्यो । डाक्टरले मोटेलाई दुई किलो चनाको झोला दियो ।

'यो चनाको कति-कति गेडा बिहान-दिउँसो-बेलुका खानु ?'

'खाने हैन ।'

'अनि के गर्ने त ?'

'यो दुई किलो चना दैनिक कोठामा बिहान-दिउँसो-बेलुका छर्नुहोस् र एक-एक गेडाका दरले टिप्दै झोलामा हाल्नुस्, एक महिनापछि आफैं दुब्लाउनुहुन्छ ।'

ooo

कुकुर लिएर एक व्यक्ति डाक्टर भए ठाउँ गयो र भन्यो-

'डाक्टर सा'ब, यो कुकुरको पुच्छर काटिदिनुस् ।'

'अरे' डाक्टरले छक्क पर्दै सोध्यो- 'यति राम्रो कुकुरको पुच्छर किन काट्न चाहनुहुन्छ ?'

'भोलिदेखि मेरी सासू घर आउँदैछिन् । म चाहन्छु, मेरो घरमा एउटा पनि चीज यस्तो नहोस् जसले गर्दा सासूलाई लागोस् कि घरमा उनको स्वागत हुँदैछ ।'

ooo

डाक्टर : 'मैले तपाईंलाई खोकीको जुन औषधी दिएको थिएँ, खानुभो ?'

बिरामी : 'तपाईंले दिनुभएको दबाई मैले चाखें अनि दबाईभन्दा खोकी नै मीठो लाग्यो र फ्याँकिदिएँ ।'

### मेरो कुरो

'ब्युटिपार्लरबाट निस्कने महिलालाई चोकमा बसेर नजिस्क्याउनुहोस्, उनी तपाईंकी आमा पनि पर्न सक्छिन् ।'

## ● कविता ●

### ला'को माया



दाउरा, घास, मेलापात गर्दा ला'को माया
तोरी, फापर, घैया, मकै छर्दा ला'को माया
साथ दिन्थ्यौ हरपल बनिकन छाया मेरो
हात समाइ सँगै खोला तर्दा ला'को माया
एउटै छाता एउटै साथ रुझे पनि सँगै
वर्षा मास पानी झरी पर्दा ला'को माया
तिमी किन्थ्यौ चुरा-धागो रोजाइ हुन्थ्यो मेरो
मेलापर्व हाटबजार भर्दा ला'को माया
गीत साट्थ्यौ पखेरीमा चौतारीमा प्रीत
पुधेरीमा पानी भर्न झर्दा ला'को माया
हिजै जस्तो लाग्छ रोपेको ती वरपीपल
प्रेमको साक्षी धर्तीमाझ सर्दा ला'को माया ।

**युवराज मगर**

### मेरो माया

मुटुभरि चोट पाउन तिम्रो-मेरो मेल भएछ
मैले दिएको चोखो माया तिमीलाई झेल भएछ
सोचेसरि हुन्न रैछ मानिसको चरित्र पवित्र
मेरो निश्छल माया आज तिम्रा लागि खेल भएछ
देवीसरि पूजा गरे देउतैसरि इज्जत दिएँ
मैले दिएको स्वतन्त्रता तिम्रा लागि जेल भएछ
कसरी दिने जानेन कि कसरी लिने जानेन कि
यो कञ्चन माया तिमीलाई धमिलो भेल भएछ
मनै कालो भएको हो कि दुखमा रम्ने चाहना हो
मेरो हलुङ्गो माया विकट कट्कटे रेल भएछ ।

**सौगात मिश्र**

### नुनको के कुरा भो

यी घाम भनी ती जूनको के कुरा भो
पार्वती हुन् रूपकी रानी उनको के कुरा भो
मलाई लाग्छ मेरी उनी अमूल्य छिन् मेरै लागि
छापावाल नम्बरी सुनको के कुरा भो
स्वरकोकिल सुमधुर लजालु झन् मुस्कान मिश्रित
सारङ्गी त खल्लो लाग्छ धुनको के कुरा भो
लेख्नु छ इतिहास प्रेमयुद्ध जितिकन
ज्यानै गए पनि राजी सुनको के कुरा भो
पिरो टवाक्क अमिलो हेर्दैमा छ स्वाद गजब
तिम्रो नै छ डिमाण्ड यहाँ नुनको के कुरा भो ।

**अमन**

### आँसुले लेख्दै देखें

तिमीलाई आज फेरि सडकमा एक्लै देखें
झ्यालमा बसी विछोड कथा आँसुले लेख्दै देखें
मौन बस्न खोज्थ्यौ तिमी तिम्रा आँखा बोल्दै थिए
टोलाएर बाटोबाट मलाई नै हेर्दै देखें
मूलबाटोमा पागल सरी बर्बराउँदै हिंड्दै थियौ
नीला आँखा, बन्द ओठले मलाई नै खोज्दै देखें
मलाई रुवाई वेदनामा परायाकी भैसक्यौ
तैपनि तिम्रा आँखा मलाई नै रोज्दै देखें ।

**शिवप्रसाद तिमिल्सिना**

### संगम विन्दु दूर थियो

सिउँदोभरि आफ्नै रङ्ग भर्ने सुर थियो
तिम्रो चाह मेरो राह संगम विन्दु दूर थियो
बाध्यता र परिस्थितिमा मुटु पनि दिनु पर्दा
तिम्रो सुख लुट्नु मेरो ठूलो कसुर थियो
खैर हाँसेर बिदा गरें त्यो मृत्युको दिनमा
भित्री मन रोए पनि बाहिर हाँस्न मजबुर थियो
तिमी बस्ने गाउँतिर आजकल पाइला लम्किरहन्छ
ठ्याकै बिर्सिए कुन हो तर सायद एउटा पुर थियो
खोइ सम्हालिएँ त्यो दिन कसरी धोका पाए पनि
झण्डै बोलाइन तर सम्भावना प्रचुर थियो ।

**डम्बर तारमी**

## ● लघुकथा ●



### शंका

म निदाउने प्रयासमा थिएँ । त्यतिबेलै मलाई केही कुरा लेख्न मन लाग्यो । के विषयमा लेखूँ ? मलाई लाग्यो, यो देशको संविधान बनेन भने के हुन्छ भन्ने विषयमा लेख्नुपर्छ । देशमा कानुन नै भएन भने ? म तर्सिएँ, किनभने देशमा कानुनै बनेन भने शान्ति सुरक्षाको अवस्था अहिले त यस्तो छ, त्यसबेला झन् कस्तो हुन्छ ?

त्यसपछि साम्प्रदायिक सद्भाव भड्कियो भने ? धार्मिक युद्ध छेडियो भने ? गृह युद्धको आगो सल्कियो भने ? अहो, मलाई डर लाग्न थाल्यो । त्यसपछि मूल्यवृद्धि आकासिदै जान्छ । औद्योगिक संस्थाहरू बन्द हुँदै जान्छन् । युवा शक्ति यसरी नै विदेश पलायन हुँदै जान्छन् । चेलीबेटी बेचबिखन रोकिएन भने ? बलात्कार र भ्रष्टचार बढ्दै गयो भने ? यसैगरी चण्डाल र तस्करहरू सम्मानित हुँदै गए भने ? अहो, साँच्चै लेख त लेख्नैपर्छ ।

म लेख्न बसें तर मैले दुःख गरेर लेखौंला अरे, अनि मेरो लेख नै छापिएन भने ?

म लेख्न उठेको मानिस, केही नलेखी फेरि सुतें ।

**शम्भु थापा**

---

# तस्करी गरिएका गाडीको अखडा

सटेन्द्र जवेगु



पूर्वी पहाडमा गुड्ने कतिपय गाडी भारतबाट अवैध रूपमा भन्सार छलेर भित्रिने गरेका छन् । गएको भदौ ५ मा जिल्ला प्रहरी कार्यालय, इलामले बाग्मती अञ्चलको नम्बर प्लेट राखेर कुदाइएको एउटा भ्यान पक्राउ परेपछि यस्तो रहस्य खुलेको हो । भन्सार दाखिला गरी नेपाल ल्याउँदा २२ लाख रुपैयाँसम्म पर्ने गाडी एक-डेढ लाख रुपैयाँमै पाइने भएपछि यस्तो कारोबार मौलाएको हो । स्रोत दाबी गर्छ- 'यस्ता दर्जनौं गाडी प्रहरीकै अगाडिबाट गुड्छन् ।'

खासगरी इलाम सदरमुकाम-नजिकैको बिब्ल्याँटे बजारलाई केन्द्र बनाएर अवैध गाडी भित्र्याइने प्रहरी सूत्र बताउँछ । भारतसँग सीमा जोडिएका कारण पशुपतिनगर नाकालगायतका स्थानबाट सहज रूपमा गाडी भित्रिने गरेका छन् ।

सदरमुकामबाट चार किलोमिटर नजिकैको बिब्ल्याँटे बजारमा एक वर्षयता मात्र दुई दर्जनभन्दा बढी भारतीय पिकअप तथा भ्यान भित्रिएका छन् । यसरी ल्याइएका गाडीका पार्टपुर्जा छुट्टाछुट्टै बिक्री गर्ने गरिएको छ भने कतिपय गाडीका इन्जिन नै अवैध रूपमा भित्र्याइने गरेका छन् ।

'भारतबाट कौडीको मूल्यमा गाडी भित्रिने गरेका छन्,' एक ट्याक्सीचालक नाम नखुलाउने सर्तमा भन्छन्- 'नेपालमा लाखौं पर्ने गाडी सस्तो मूल्यमा पाएपछि यस्तो कारोबार मौलाएको हो ?' भारतबाट ल्याइएका गाडीका पार्टपुर्जा छुट्याएर पनि बिक्री गरिन्छ । चोरी गरी भित्र्याइएका गाडीमा नक्कली नम्बरप्लेट हाल्ने, इन्जिन नम्बर र चेसिस नम्बर फेर्ने कामसमेत स्थानीय ग्यारेजहरूमा हुने गरेको छ । गैरकानुनी रूपमा इन्जिन जडान गरिएका गाडीको संख्या इलाममा निकै बढेको स्रोतको दाबी छ । पेट्रोल इन्जिन फेरेर अवैध रूपमा भित्रिएका डिजल इन्जिन जडान गरिएका गाडीको संख्या पनि थुप्रै छ । यस्ता गाडीको ब्लुबुक (सवारी धनीपुर्जा) मा पेट्रोल इन्जिन लेखिएको हुन्छ ।

यातायात व्यवस्था विभागमा रेकर्ड नभएका ती ब्लुबुक झट्ट हेर्दा सक्कलीजस्तै हुने एक प्रहरी बताउँछन् । महिन्द्रा कम्पनीका बलेरो, सफारी, पिकअप तथा मारुती भ्यानहरूको अवैध कारोबार बढी हुने गरेको पूर्वेली ट्याक्सी व्यवसायी संघ, इलामका अध्यक्ष ग्रीष्म सुब्बाले बताए । भारतीय बजारबाट अवैध रूपमा मोटरसाइकल पनि भित्रिने गरेको छ । ती मोटरसाइकल राजनैतिक दलका कार्यकर्तादेखि गाविस सचिवहरूसमेतले निर्वाध प्रयोग गरिरहेका छन् ।

अवैध रूपमा गाडी भित्र्याउनेहरूको जिल्लामा दह्रो 'नेटवर्क' रहेको प्रहरी स्रोत बताउँछ । स्रोत भन्छ- गाडी तस्करहरूका साहसी र विश्वासिला कारिन्दा छन्, गाडी लुकाउने अखडाहरू छन् र तिनलाई नक्कली कागतपत्रका आधारमा सक्कली तुल्याउने संयन्त्र छ ।

**यसरी भित्रिन्छन्**

माओवादीले सञ्चालन गरेको सशस्त्र युद्धताका भारतीय सीमावर्ती क्षेत्रमा राखिएका छोटी भन्सारहरू निष्क्रिय भएपछि ती बाटा तस्करहरूका लागि उपयोगी साबित भए । इलामको मानेभन्ज्याङ र पशुपतिनगर आसपासका क्षेत्रबाट सजिलै तस्करीका गाडी भित्रिने गरेका छन् । पशुपतिनगर नाकाबाट समेत गाडी भित्र्याइने गरेको छ ।

वैध बाटोबाट नेपाल भित्र्याइएका गाडीहरू भारतीय बजारमा भन्दा तीन गुणा महँगो हुने भएकाले तस्करहरू अवैध रूपमा गाडी भित्र्याउँछन् । यसरी भन्सार दाखिला नगरी भित्र्याइएका गाडीमा केही व्यवसायीले घरको फोन नम्बर र केहीले सोही अञ्चलको अर्को गाडीको नम्बर नदोहोरिने गरी मिलाएर राख्ने गरेका छन् ।

**मूकदर्शक प्रहरी**

केही दिनअघि अवैध रूपमा भित्र्याइएका तीनवटा पीकअप भ्यान स्थानीय ग्यारेजमा राखेर पार्टपुर्जा छुट्याई बिक्री गरिएको थियो । खुलेआम यस्ता क्रियाकलाप हुँदा पनि प्रहरी मूकदर्शक बनेपछि कारोबारमा प्रहरीकै संलग्नता हुन सक्ने लख धेरैले काटेका छन् । प्रहरी नायब उपरीक्षक विक्रमबहादुर चन्दले भने सबै किसिमका अवैध गाडी पक्राउ गरी भन्सारलाई बुझाइने बताएका छन् ।

इलाममा मात्र होइन, पूर्वी पहाडका धेरै स्थानमा अहिले अवैध रूपमा भारतबाट भित्रिएका गाडी गुड्ने गरेका छन् । प्रहरीको डर नहुने हुँदा पहाडी गाउँमा यस्ता गाडीको संख्या बढ्दै गएको छ । इलाम बजारलगायत प्रहरी निगरानी भैरहने ठाउँमा समेत यस्ता गाडी निर्बाध चल्ने गरेका छन् । करोडौं राजस्व छलेर अवैध रूपमा भित्र्याइएका गाडीहरूमाथि प्रहरीको नजर किन नपरेको होला ? जवाफ कसैसँग छैन ।

भन्सार ऐन, २०१९ मा चोरी-निकासी वा पैठारीको सुराक दिने कर्मचारी भन्सार ऐन, २०१९ मा चोरीनिकासी वा पैठारीको सुराक दिने कर्मचारी वा व्यक्तिलाई बिगोको दस प्रतिशत, त्यस्तो वस्तु पक्रेर पेस गर्नेलाई १५ प्रतिशत र मानिससमेत पक्राउ गरी पेस गर्नेलाई ३० प्रतिशत रकम दिने वा बिगोको दश प्रतिशत, त्यस्तो वस्तु पक्रेर पेस गर्नेलाई १५ प्रतिशत र मानिससमेत पक्राउ गरी पेस गर्नेलाई ३० प्रतिशत रकम दिने व्यवस्था छ, तर ऐनमा त्यस्तो वस्तु लिलाम वा बिक्री भएपछि मात्र रकम दिइने प्रावधानका कारण पनि प्रहरीहरूलाई यो व्यवस्थाले आकर्षित गर्न सकेको छैन ।

## ● सन्देश ●

साथीहरू सौरभ, सौरिका, बहिनी पुष्पा, करुणा, धीरज, जगत, सहदेव, धीरेन तथा मनुमा नववर्षको हार्दिक शुभकामना ।

**देवी**

बाबाआमा, दिदी वसन्त, भाउजूहरू एवं लालीगुराँस युवा क्लबका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरू, विशेष गरी कपिल, उषा र भगवतीमा नववर्षको मंगलमय शुभकामना ।

**शान्ति गुरुङ**

साथीहरू त्रिलोचन, टीकाराम, हिमाल, युगल, गोविन्द, टंक, कुमार, उत्तम तथा सलमामा नववर्षको हार्दिक शुभकामना ।

**रमेश**

प्युठान जिल्लादेखि काठमाडौं आई बसोबास गर्ने समस्त प्युठानीहरूमा नववर्षको हार्दिक शुभकामना । साथीहरू आशिष, लभ, प्रेम, कपिल, राम, शर्मिला, समी, नितु, सपना, अनुरोध, निर्मल, सुनिल, राजकुमार, केशव, खडक, बैदारबा, भ्यान्टे, श्रवण, दिवस, बबिता, उषा, टंक, नुपा, लक्ष्मी, सरु, उमा तथा विमलामा नववर्षको मंगलमय शुभकामना ।

**श्रीधर पौड्याल**

रूपा, नववर्ष प्रवेशका अवसरमा तिम्रो सुस्वास्थ्य एवं प्रगतिको कामना । नववर्षको आगमनसँगै हाम्रो मायाले पनि सफलता पाउँदै जाओस् ।

**रमेश**

साथीहरू जमुना, सविता, इन्द्रमाया, राज्यलक्ष्मी, गौरी, सोनु, सविना, सुशीला, कृष्णलक्ष्मी, भाइ अर्जुन, अम्बे, मैयादिदी, शान्ति ममी, मनिता गंगा, दिवस, संगीता तथा ललितामा नववर्षको मंगलमय शुभकामना ।

**रामकाजी**

साथीहरू विरमान, वियोगी, एमपी, कमान, मुस्कान, एसपी. कुश, पुरुष, सुन्दर, हिकमान, राजकुमारी, जुनकुमारी, रिस्कब्रो, नैनसिंह, यज्ञ आदिमा कार्य-कुशलताको कामनासहित नववर्षको मंगलमय शुभकामना ।

**नरेश**

नववर्षका अवसरमा गुरुवर्ग, आमाबुबा, काकाकाकी, साथीहरू जोन, मानदेव, गणेश, सरिता, पूजा, सुष्मा, दिदीहरू जस्मिता, पूर्णिमा, दीक्षा, मनिक्षा, ज्योति तथा रीतालाई सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक शुभकामना ।

**उदय**

साथीहरू बालिका, स्मृति, लक्ष्मी, मुस्कान, अनिता, सुलोचना, उर्मिला, रूपा, सुनिता, यशोदा, रीतु, सुष्मा, आर्जिता, देवी, स्नेहा, अनुपमा, मीना, सोनिका, पेम, निशा, कविता, भूमिक्षा, सन्तोष, कविता, तुलसा, आशा, स्पेना, पूजा, गंगा, तुलस्सी, प्रमिला, जुनु, करिश्मा तथा दीपेन्द्रलाई नववर्षको मंगलमय शुभकामना ।

**नरबहादुर बूढा**

साँचो माया पाएँ भन्थें मुटु रेट्ने पीत भएछ, झेलको खेल खेलिएछ बेइमानीको जित भएछ । निष्ठुरी माया धनु तिमीले भुले पनि मैले भुल्न सकिनँ, नयाँ वर्षको हार्दिक शुभकामना ।

**दोर्जे तामाङ**

प्यारी श्रीमती सुनितालगायत सालीहरू सन्तोषी, गंगा, दिदी-भिनाजु, भान्जाभान्जी, साथीहरू दीपक, नोख, जित, नरहरि, कृष्ण, कृष्णा, विमला, विनिता, सुशीला, शर्मिला, रामा, विनोद, सुनिता, प्रमिला, पवित्रा, प्रवेश, प्रवीण, प्रकाश, प्रतिभा, सुगन, रविता, सुनजा, सञ्जु तथा रविमा नववर्षको मंगलमय शुभकामना ।



**भीमसेन**

साथीहरू सुरज, श्रृंखला, सन्तोष, राज, प्रमिला, ब्रह्मदास, भरत, चाहना, इन्द्रमाया, सुजाता, सुग्निमा तथा सुजितामा परीक्षामा सफलताको कामनाका साथ नववर्षको मंगलमय शुभकामना ।

**हरिजंग थापा**

सवि., विगतमा मैले तिमीलाई दिएको चोट र दुःखलाई अञ्जानमा भएको भूल सम्झी माफ गर । विगतमा भएको त्यो दुःखलाई एउटा बितिसकेको रमाइलो क्षण सम्झनु– नववर्षको शुभकामना ।

**प्रिय श्रेष्ठ**

आत्मिय साथीहरू वीरु, राजेश, लक्ष्मण, अनु, विकास, मोहन, प्रशान्त, अमर, फुर्वा, साजन, साजन, मेहन्त, कैलाश, कुमार, अनु, दीपक, सिर्जना, रेनु, टी.एन, प्रदीप, विजय, सन्तोष, आर.बी., क्षितिज, वसन्त, बुद्धि, पेमा, सागर, चन्द्र, अजय, दीपक, देव, उत्तम, चन्द्र, प्रकाश, कुमार, रविन, राजु, अनिस, रीमा, लेखु, निता, संगीता, जानुका, रामचन्द्र, साराजु तथा सौजनमा ह्याप्पी न्यू इयर ।

**अनु कुलुङ**

साथीहरू पार्वती, नानु, ममता, सानु, सुनिल, मालती, अञ्जना, सविना, संगीता, नवराज, मोतीलाल, रविन्द्र, अमृत आदि सबैलाई नववर्षको धेरै-धेरै शुभकामना ।

**रामकृष्ण पाण्डे**

नववर्ष प्रवेशको पावन अवसरमा साथीहरू रुकेश, सुमन, विजय, मनोज, आशिष, पूजा, श्रद्धा, गिता, अनु, शर्मिला, सजनालगायत सम्पूर्ण साथीहरूमा सफलताको शुभकामना ।

**अनुप**

विनिता, सीता, रिवमा, भीमा, गिता, इन्दिरा, लिजा, दुर्गा, अप्सरा, विपना, मुना, पदमा, टीकी, शारदा, नारायणी, निशा, मिना, अनुदी, शोभा, बिना, नमुना, निरा, सुशीला, विक्रम, विवेक, कुवेर, विपिन, विकास, कमल, आशिष, धन, यमु, कर्ण, भीमु तथा केशवमा नववर्षको मंगलमय शुभकामना ।

**भान**

मीत कृष्ण, मदन, गोविन्द, रोशन, प्रविन, समीप, रेश्म, पदम, साजन, विमल, प्रीतम, प्रदीप, पूर्ण, राज अनि हितैषी साथी जेनिषालाई मीठो सम्झना एवं नववर्षको मंगलमय शुभकामना ।

**जीवन**

साथीहरू अप्सरा, झरना, लक्ष्मी, कुमारी, बेली एवं लक्ष्मीलाई नववर्षको हार्दिक शुभकामना ।

**लोकबहादुर दर्लामी**

भाइ समीर, बहिनी सञ्जु, रमिला, दिदी तथा सम्झनामा लाखौंलाख शुभकामना । आशा छ, ०६७ साल चुनौतीहरूको सामना र अवसरहरूको पूर्ण सदुपयोग गर्ने साहस र विवेक लिएर आउनेछ ।

**हेमन्त शर्मा**

साथीहरू अन्जिता, ललिता, सपना, कल्पना, समीक्षा तथा रश्मिमा नववर्षको हार्दिक शुभकामना ।

**राकेश श्रेष्ठ**

सीता, हृदयभरिको माया अनि धेरै-धेरै शुभकामना । हाम्रो प्रेम अझै प्रगाढ होस् । जिन्दगी सोचेजस्तो पक्कै सरल छैन, तसर्थ जस्तोसुकै कठिनाइ पनि पार गरी जीवनभर तिमीलाई मुटुमा राख्नेछु । तिमीलाई कसैले दिन नसकेको माया दिनेछु । यो मेरो वाचा भयो ।

**काले**

नववर्ष प्रवेशका अवसरमा साथीहरू पृथ्वी, अशोक, प्रकाश, फुर्वा, यम्बर, नवराज तथा रोजीलाई सुख, शान्ति समृद्धि एवं उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना ।

**विनय सुनुवार**

सुदीप, प्रकाश, गौरव, इन्द्र, रामशरण, रवि, रूपेश, बुद्धि, उमा, राजेन्द्र, नवराज, शर्मिला, सुकृति तथा कृष्णलाई नववर्षको लाखौंलाख शुभकामनासहित उत्तरोत्तर प्रगतिको कामना ।

**अच्युत**

यो जीवनको अन्तिम क्षणसम्म नै यसरी नै माया गरिरहन्छु । आज म धेरै खुसी छु तिमीलाई पाएर, लाग्छ, मन मुटुदेखि नै चाहेको कुरा एक न एक दिन अवश्य पाइँदो रहेछ ।

**समीर श्रेष्ठ**

तारा, टीका तथा प्रतिमालाई नववर्षको मंगलमय शुभकामना ।

**सीए**

प्रिय सामनामा लाखौंलाख शुभकामना । हाम्रो माया अझ गहिरो हुँदै जाओस्, अबको केही वर्षपछि नै म आफ्नो उद्देश्यको शिखर चुमेर तिमीसँगै जीवनभर साथ रहनेछु । म परमेश्वरसँग प्रार्थना गर्छु– यो वर्ष हाम्रो मायाको संसारमा कुनै किसिमको पहिरो नआओस्, तिम्रो मायामा म आफैंलाई बिर्सन सकूँ ।

**सन्तोष मगर**

अशान्तिको जरैसमेत बाँकी नराखी फालौं, इमान्दार बनेर सबैले पाइला सत्मार्गमा चालौं । मेची-काली, तराई-पहाड-हिमाल एकताबद्धताले जागौं, देशको उन्नतिमा मिलेर जुटेर लागौं ।

**वसन्त खत्री**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ..............................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव : .................... वैवाहिक स्थिति : ....................

अभिरुचि : .................... वर्ण : ....................

इमेल : ..............................

ठेगाना : ..............................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................

..............................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## ● साथी ●



१८ वर्षीय लेखनाथ भण्डारी हाल कक्षा १२ मा अध्ययनरत छन् । अविवाहित भण्डारी गहुँगोरो वर्णका छन् । ५ फिट ५ इन्च अग्ला भण्डारी भ्रमण तथा अध्ययनमा रुचि राख्छन् । सबैप्रति समान व्यवहार गर्ने, सानो-ठूलोको भेदभाव नगर्ने, सुख-दुःखमा साथ दिने साथीको खोजीमा रहेका लेखनाथलाई सिद्धार्थनगर नगरपालिका-५ भैरहवा, रूपन्देहीमा पत्राचार गर्न सकिन्छ ।



मार्केटिङ पेसामा आबद्ध छन्– जमिल अलि ‘राधे’ । २५ वर्षीय अलि बीबीएस तेस्रो वर्षमा अध्ययनरत छन् । ५ फिट ५ इन्च अग्ला जमिल मिलनसार स्वभावका छन् । गोरो वर्णका जमिल नेपाली चलचित्र हेर्ने अभिरुचि राख्छन् । उनी अविवाहित छन् । जमिल रगतको नाताभन्दा भावनाको नाता ठूलो मान्ने, जातभात नछुट्याउने, धनी-गरिबको भेदभाव नगर्ने साथीको खोजीमा छन् । उनलाई सानो श्री-६ न्यू बसपार्क, बर्दियामा पत्राचार गर्न सकिन्छ ।



अध्ययन एवं भ्रमणमा अभिरुचि राख्ने गोविन्द ढुंगाना २१ वर्षको भए । बीबीएस तेस्रो वर्षमा अध्ययनरत गोविन्द ५ फिट २ इन्च अग्ला छन् । अविवाहित गोविन्द गहुँगोरो वर्णका छन् । भावनात्मक सम्बन्धमा विश्वास गर्ने, खुलस्त कुरा गर्ने, इमान्दार साथीको खोजीमा रहेका गोविन्दलाई लुम्बिनी वाणिज्य क्याम्पस, देवीनगर-१३, बुटवलमा पत्राचार गर्न सकिन्छ ।



भीमा ‘निश्चल’ भुजेल १९ वर्षकी भइन् । ५ फिट अग्ली भुजेल हाल आईएड दोस्रो वर्षमा अध्ययनरत छिन् । भीमा पत्रमित्रता गर्ने रुचि राख्छिन् । उनी रातो वर्णकी छिन् । अविवाहित भीमा मिलनसार, मित्रतालाई निरन्तरता दिने तथा मित्रलाई भित्रैदेखि चिन्न सक्ने साथीको खोजीमा छिन् । उनलाई स.ज. उमावि, ओखलढुंगामा पत्राचार गर्न सकिन्छ ।



मिलनसार स्वभावका सोम थापा सलामी मगर अहिले २१ वर्षका भए । हाल नोकरी गरिरहेका सोमले एलएलसीसम्मको अध्ययन पूरा गरेका छन् । गहुँगोरो वर्णका उनी पत्रमित्रता, अध्ययन र धेरै साथी बनाउने अभिरुचि राख्छन् । अविवाहित मगर मित्रतालाई निरन्तरता दिने, सादा जीवन उच्च विचार भएका र मित्रताको नातालाई बीचैमा नछाड्ने साथीको खोजीमा छन् । मगरसँग सशस्त्र प्रहरी बल चण्डिका गण, कुस्मा, पर्वतमा वा somthapa@yahoo.com मा सम्पर्क गर्न सकिन्छ ।

# पढेर जानिन्छ कि परेर?

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
२. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
३. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
४. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
५. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
६. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
७. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
८. राजनीति राम्रो कि समाजसेवा ? किन ?
९. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
१०. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?

जान्न त दुवैबाट जानिन्छ नि तर नबिर्सनु ठूलो कुरा हो । परेर जानेको कुरालाई जस्तै दिमागी भाइरस आए पनि हटाउन सकिँदैन ।

**हरिजंग थापा** (१६), **सिन्धुली**

क्या बोर यार, खाली पाठकहरूलाई मात्र दुःख दिने ? कुनै प्रश्नको उत्तर त तपाईं आफैंले दिनु नि ।

**मिनु हिताङ, स्याङ्जा**

अवस्था अनुसार कहिले पढेर त कहिले परेर ।

**विनोद खतिवडा, इनरुवा**

केही पढ्नु पनि पर्छ । केही परेर पनि जानिन्छ, जस्तो कि पढेर ज्ञान हुन्छ, परेर महसुस गरिन्छ ।

**साँग्रिस डी. मानन्धर** (२७)

खोइ, सम्पादकज्यूले के गरेर जान्नुभएको हो कुन्नि ? केही कुरा परेर नै जानिन्छ भने केहीलाई पढ्नैपर्ने हुन्छ ।

**कृपानन्द, पाटन**

नपढीकन पनि जानिन्छ र सम्पादकज्यू ? नपढी जानिने भए म त आजदेखि नै पढ्न छोडिदिन्छु ।

**राजेन्द्र कुँवर**

परेर किनभने आफूले पढ्न सकिएन ।

**मधुकान्त, कुशहा**

वास्तवमा हामी नेपाली परेर मात्र जान्दछौं ।

**उपेन्द्रकुमार, कुपण्डोल**

पढेर सैद्धान्तिक ज्ञान हुन्छ भने परेर व्यावहारिक ज्ञान हुन्छ, त्यसैले परेर धेरै कुरा जानिन्छ ।

**प्रवीण पृथक** (२०) **करादी**

परेर नै सबै सत्य, तथ्य, सिद्धान्त प्रतिपादन भएका हुन् ।

**एपी सुधा** (२६)

सैद्धान्तिक कुरा त पढेर पनि जानिन्छ, तर व्यावहारिक कुरा परेपछि मात्र थाहा पाइन्छ ।

**मीनबहादुर परियार, कोटेश्वर**

पढेर पनि जानिन्छ, परेर पनि जानिन्छ ।

**विनोद श्रेष्ठ** (२०), **रामेछाप**

अहिलेसम्म पढेर ४५ प्रतिशत र परेर ४६ प्रतिशत जानिएको छ ।

**हेमप्रभास** (२५), **धादिङ**

तपाईंले पाठकसँग यस्तो प्रश्न गर्नुपर्छ भनेर कतै पढ्नुभएको थियो ? त्यसैले पढाइ सिध्याएपछि परेर लड्दै-पड्दै जानिन्छ, सिकिन्छ, बुझिन्छ । कुरा बुझ्नुभयो त बाजे !

**रामेश्वर आचार्य** (२३)

पढेरभन्दा परेर जानेको मान्छे अनुभवी हुन्छ तर बूढापाकाहरू त कि पढेर कि त परेर जानिन्छ भन्थे नि त, सोध्नुभएन उनीहरूसित ?

**प्रदीप चौलागाईं**

म यो कुराको अनुसन्धानमा छु ।

**समर वियोगी**

पढेरभन्दा परेर नै जानिन्छ नि ।

**आलेभाइ सूर्य** (१९), **तनहुँ**

## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : मेरो लिंगवरिपरि बिमिरा छन् । मैले होस सम्हालेदेखि नै यस्तै देखिरहेको छु । एक नर्सिङहोममा यौनरोग विषेषज्ञबाट चार वर्षअघि चेक गराएको थिए । उहाँले यो कुनै यौन रोग होइन निश्चिन्त हुनुहोस्, कसै-कसैमा देखिन्छ भन्नुभयो । मैले आजसम्म यौनसम्बन्धी कुनै औषधी खाएको छैन । मैले त्यो बेलासम्म यौनसम्पर्क पनि गरेको थिइनँ र त्यस्तो कुनै समस्या पनि थिएन र छैन पनि । हिजोआज यो चिन्ताको कारण पनि बनेको छ । म अविवाहित हुँ । मेरी एउटी यौनसाथी छिन् । म उनको योनिलाई मुखले चलाउँछु र उनी पनि मेरो लिंगलाई, तर आजकल मेरो यौन साथी लिंगमा भएको बिमिराले गर्दा मुखमैथुन गर्न हिचकिचाउँछिन् जस्तो लाग्छ । यो कुरामा कर पनि गर्न मिल्दैन । म उनीसँग विगत तीन वर्षदेखि यौनसम्पर्क गरिरहेको छु । उनी पूर्ण सन्तुष्ट छिन् र त्यसमा केही समस्या पनि छैन, तर पनि उपर्युक्त कारणले मलाई आफ्नो लिंग देखाउन अप्ठ्यारो महसुस हुनुका साथै लिंगलाई मुखले नचलाएसम्म के नपुगेको-के नपुगेको जस्तो हुन्छ । यसले मेरो यौनजीवनमा नकारात्मक असर पनि पर्न सक्छ । के यसलाई हटाउने केही उपाय छैन ?**

**नाम गोप्य**

**उत्तर: लिंगवरिपरिका बिमिरा वा ससाना दाना ?**



लिंगको नली आकारको मध्यभागलाई अंग्रेजीमा shaft वा body भनिन्छ भने अगाडितिरको फुकेको भागलाई मुण्ड (नबिलक) भनिन्छ । मुण्डको अग्रभाग सानो हुँदै गएको हुन्छ भने पछाडितिर लिंगसँग जोडिएको भागदेखिबाहेक पनि केही बढी फुकेको भाग हुन्छ र त्यसलाई अंग्रेजीमा corona भनिन्छ । लिंगको मध्यभागसम्म त छाला टाँसिएकै हुन्छ तर मुण्डलाई समेत छोपे पनि यो भागमा छाला भने टाँसिएको हुँदैन । उक्त नटाँसिएको छालालाई अग्रचर्म भनिन्छ । पर्याप्त जानकारी अनि परीक्षण वा त्यसको अभावमा तपाईंका बिमिरा अर्थात् स-साना दाना के होलान् अनि तपाईंलाई यौनरोग भएको होला वा नहोला यसै भन्न सकिने स्थिति भएन, तर लिंगको घेरावरिपरि हुने मसिना दानाहरू सामान्य नै हुन्छन् । मेरो विचारमा चिकित्सकले परीक्षणपछि तपाईंलाई दिनुभएको सल्लाह सही नै हुनुपर्छ । अर्कातर्फ विचार पुऱ्याउनुपर्ने कुरा कन्डमविना यौनसम्पर्क हुँदा यदि तपाईंको यौनसाथीमा यौनरोग भए तपाईंमा सर्न सक्छ । मूत्रद्वारबाट पीप आउनु वा लिंगमा घाउ-खटिरा वा पानी फोका आउनु त्यसका प्रमुख लक्षण हुन् । पिसाब फेर्दा दुख्ने वा पोल्ने पनि हुनसक्छ तर तपाईंलाई त्यस्तो भएको कुरा उल्लेख गर्नुभएको छैन ।

लिंगमुण्डको corona को पछितिर स-साना sebacious glands (छालामा भएका तैलीय पदार्थ निकाल्ने ससाना ग्रन्थिहरू) हुन्छन् जसलाई Tyson's glands भनिन्छ । यी धेरै संख्यामा हुन्छन् । यही ग्रन्थिहरूबाट निस्कने तैलीय रस तथा छालाबाट झरेका कोषहरू जम्मा हुन गए त्यसैमा जीवाणुहरूको वृद्धि हुन्छ र एक प्रकारको सेतो पदार्थ बन्छ । यही सेतो पनिरजस्तो देखिने, एक प्रकारको गन्ध आउने पदार्थलाई smegma भनिन्छ । केही धार्मिक सम्प्रदायमा जस्तै कि हिन्दू संप्रदायमा लिंगको अग्रचर्म काट्ने चलन छैन, त्यसैले smegma चाँडो-चाँडो जम्मा हुन्छ । यो सेतो पदार्थ पुरुषमा मात्र होइन, महिलामा पनि पाइन्छ । महिलाहरूमा भने यो सानो भगोष्ठको मुनि तथा भगांकुरको मुण्ड वरिपरि पाइन्छ ।

यो सेतो पदार्थ निरन्तर रूपमा निस्कने भएकाले यसको सरसफाइ पनि निरन्तर रुपमै गर्नुपर्छ । व्यक्तिगत सरसफाइका क्रममा लिंगको राम्रो सफाइ आवश्यक छ । कहिलेकाहीं सरसफाइको कमी हुँदा लिंगमुण्ड र त्यसवरिपरिको भागको संक्रमणको सम्भावना बढ्छ । हल्का किसिमको संक्रमण हुँदा चिलाउनुका साथै केही रस आउने हुन्छ भने अलि कडा किसिमको समस्या हुँदा यो क्षेत्र रातो भै सुन्निने तथा अग्रचर्म दुख्नुका साथै पीप पनि आउन सक्छ । ढुसी (candida)को संक्रमणलाई पनि यस्तो समस्या प्रायःजसो गराउने कारकका रूपमा लिइन्छ । त्यसबाहेक छालाका अन्य समस्या पनि हुन सक्छन् । यस विषयमा पनि विचार पुऱ्याउनुपर्छ, तर तपाईंले त्यस विषयमा केही लेख्नुभएको छैन, जसले यस्तो किसिमको संक्रमणतर्फ संकेत गरोस् ।

**के मुख मैथुनले हानि गर्छ ?**

एक व्यक्तिको यौन अङ्ग अर्को व्यक्तिको मुखको सम्पर्कमा ल्याई गरिने यौन क्रियाकलापलाई नै मुखमैथुन भनिन्छ । कतिपय व्यक्तिका लागि यो निकै सुखदायी तथा आकर्षक हुन्छ भने कतिका लागि विकर्षक । परापूर्वकालमा वात्स्यायनले पनि मुखमैथुनको वर्णन गरेको पाइन्छ । उनले मुखमैथुनलाई विभिन्न आठ नाम दिई वर्गीकृत गरेका छन्, जसका बारेमा हामीले साप्ताहिकका पुराना अंकमा चर्चा पनि गरिसकेका छौं । मुखमैथुन विभिन्न प्रकारले गरिन्छन् र अहिले मोटामोटी रुपमा १. लिंग-मुखमैथुन (Fallatio), २. योनि-मुखमैथुन (Cunnilingus) ३. गुदद्वार-मुखमैथुन (Anilingus) मा वर्गीकृत गर्न सकिन्छ । नेपालमा राम्रोसँग अध्ययन हुन बाँकी रहे पनि मुखमैथुनबाट यौनआनन्द पाउन रुचाउने व्यक्ति वा जोडीहरू यथेष्ट मात्रामा भएका उदाहरण पाइन्छन् ।

यसरी गरिने मुखमैथुनजस्ता यौन क्रियाकलाप स्वस्थकर हुन् कि होइनन् भन्ने धेरैमा शंका पाइन्छ । स्वस्थ व्यक्तिका माझ मुखमैथुन गर्नु सुरक्षित हुन्छ । यसले स्वास्थ्यमा कुनै किसिमको हानि गर्दैन । यदि यौन रोगहरू छन् भने सर्न सक्छ, जुन कुरा लिंग-योनि वा अन्य किसिमको यौनसम्पर्कका लागि पनि लागू हुन्छ । यदि यौन रोग छ भने राम्रोसँग उपचार गराएपछि वा भनौं निको भएपछि मात्र यस्तो क्रियाकलापमा सरिक हुनु बेस हुन्छ ।

**मुखमैथुनमा हिचकिचाहट किन ?**

मानव यौनसम्पर्कलाई नियालेर हेर्दा कतिपय दम्पती तथा यौन जोडीका बीचमा मुखमैथुनको महत्वपूर्ण स्थान पाइन्छ र यसले यौनआनन्द प्राप्त गर्न विशेष सहयोग गर्छ । यसलाई अप्राकृतिक भन्ने कुनै आधार छ जस्तो लाग्दैन, तर पनि विभिन्न कारणले कतिपयलाई मुखमैथुन असजिलो लाग्नसक्छ । मुखमैथुनमा संलग्न हुनुभन्दा पहिले दुवैको यौनाङ्ग पानीले धोएर सफा गर्नुपर्छ । लिंगमा भएका ती बिमिरा सामान्य हो भनेर सम्झाउनुहोस् ।

तपाईंलाई किन तपाईंको यौनसाथीलाई हिचकिचाहट भएको जस्तो लागेको होला, स्पष्ट भएन । तपाईंलाई कुनै शंका छ भने आफ्नो यौनसाथीसँग स्पष्ट रूपमा खुलेर कुराकानी गर्नुहोस् । आफैंले समाधान गर्न केही गाह्रोजस्तो लागे पुनः पत्र लेख्न सक्नुहुन्छ ।


आकर्षक व्यक्तित्व
Acupuncture, अक्युप्रेसर (VASTU) उपकरणहरू
● अनुहार गोरो बनाउन (Roop Amrit)
● डण्डीफोर, चायापोतो, चारीपना हटाउने
● स्तन घटाउन, बढाउन, टाइट गर्न (Cream)
● YOKO (Height) बढाउन
लिङ्गको लम्बाइ, मोटाई बढाउन
स्खलन रोक्न (Handsum up)
● केश झर्न रोकी उमार्ने (Oil)
● रक्सी, चुरोटको कुलत छुटाउन
● मोटापा घटाउन, बढाउन
● ढाड दुखाई कम गर्ने चुम्बकीय (Belt)
Abking Pro Suna Belt, Home Jogger
Free Home Delivery
TELE-SHOP INTERNATIONAL
Thamel, Galkopakha (ओरालोमा)
98030-87729, 97213-19662

कस्मेटिक सर्जरी
- शरीरमा भएको दाग, कोठी, मुसा, ट्याटु, अप्रेशन पछिका दागहरू हटाउन
- नाक, कान, आँखा सम्बन्धी कस्मेटिक सर्जरी
- मंगोलियन आँखाको उपचार
- अनुहारको चाउरीपन हटाउन (BoTOX TREATMENT)
- स्तन सम्बन्धी कस्मेटिक उपचार
- टाउकोमा केश उमार्न
नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हरिसिद्धि, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, निःसन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

के तपाईंमा यौन सम्बन्धी समस्या छ?
पुरुषहरुमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।
महिलाहरुमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।
मानसिक
निराशा उदासिपन, मानसिक डर, भय, दिमागको वोधोपन ।
महिला वा पुरुषहरुमा हुने बाँझोपन (निःसन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा – ०६१–५३९१९४ | वुटवल – ०७१–५४८८९३
भरतपुर – ०५६–५२०९६८ | इटहरी – ०२५–५८४०८८
दाङ– ०८२–५६२९८३, | हरिओन सर्लाही – ०४६–५३०४८४
हेटौडा – ०५७–५२६०४६ | सप्तरी, फत्तेपुर – ०३१–५५०११२

हाईट बढाउने ?
३ महिनामा ४" उचाई बढाउने
● केश झर्न तुरुन्तै रोकी उमार्ने
● १ महिनामा चाहेजती ब्रेष्ट बढाउने र घटाउन
● जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
● तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
● १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
● प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल, (पाटन हस्पिटल अगाडी)
फोन : 5004046, 5550195
मोवाइल : 9851112675

सफलता तपाईंको हातमा
कक्षा ९ र १० फेल ? पढाई छुट्यो ?
निःशुल्क होईन गुणस्तरीय शिक्षा रोजौं । No. चिन्ता !
जि.शि.का. बाट अनुमति प्राप्त ६ वर्षको अनुभव
प्राईभेट टेष्ट/ SLC - 2067 मा भर्ना खुल्यो ।
स्मल हेभन Open Inst. (P) Ltd. लगनखेल ☎ 2120693, 9841452755
स्मल वर्ल्ड Open Inst. (P) Ltd. कोटेश्वर ☎ 4601589, 9841306634
मछिन्द्रनाथको रथ राख्ने चौबाटो बाट पूर्व | प्रहरी बिटको ठिक पछाडी ठूलो भवन

सौन्दर्यका सामानहरू
१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/-
२. Vibro Belt Price -रु.२,४९९/-
३. Breast घटाउने क्रिम -रु.१,३००/-
४. Breast बढाउने क्रिम -रु.१,३००/-
५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. २,५००/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झर्न रोकी नया कपाल पलाउने Herbal HairOil -रु. ७५०/-
११. Breast बढाउने pump -रु. १४९९/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,४९९/-
Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि) ९८५१०१४६०२
कुमारीबैंकपछाडिफोन:४१६८११५,४१६८०६१

# पूर्वमा पर्यटन वर्षको तयारी

कमल रिमाल

विराटनगर- पर्यटन वर्ष सन् २०११ लाई लक्षित गरी पूर्वाञ्चलमा भव्य तयारी भैरहेको छ। पर्यटन वर्षको स्वागतका लागि पूर्वका विभिन्न ठाउँमा भव्य कार्यक्रमहरू राखिएका छन्। सरकारले पर्यटन वर्षमा १० लाख पर्यटक भित्र्याउन गरेको प्रयासलाई सफल बनाउन पूर्वेलीहरू अहिले विभिन्न कार्यक्रमका साथ अघि बढेका छन्।

विराटनगरका पर्यटन व्यवसायीहरूले कोसी, मेची पर्यटन समिति बनाएर पर्यटन वर्षको स्वागतका लागि विभिन्न गतिविधि गर्दै आएका छन्। कार्यक्रम सफल बनाउन विभिन्न १५ वटा उपसमितिसमेत निर्माण गरिएको छ। 'बिगुल फुकेर पर्यटन वर्षको शुभारम्भ' गरिने भन्दै पर्यटनकर्मीहरूले भव्य समारोहको आयोजना गर्ने भएका छन्। यही वैशाख ११ गते विराटनगरमा, १२ गते धनकुटा, १३ गते इलाम र १४ गते झापामा पर्यटन वर्षको बिगुल फुक्ने कार्यक्रम सम्पन्न गरिने छ। ती कार्यक्रमहरूमा सम्बन्धित जिल्लाका ख्यातिप्राप्त राजनैतिक, सामाजिक, कला, साहित्य, खेलकुद क्षेत्रका विशिष्ठ व्यक्तिहरूलाई समारोहमा सहभागि गराइनेछ।

समितिका संयोजक रेवतबहादुर थापाका अनुसार, समारोहमा कोसी-मेचीका १० वटै जिल्ला र त्यहाँका जातिको पहिचान झल्किने झाँकीहरू राखिने छ। 'पर्यटन वर्षलाई सफल बनाउने सबै क्षेत्रका मानिसको उत्तिकै दायित्व हुन्छ', संयोजक थापाले भने- 'पर्यटन वर्षको स्वागतका लागि गरिने सभालेनै सन २०११ को सफलताको झल्को दिनेछ।'

पर्यटन वर्षको पूर्वसन्ध्यामा विराटनगरको मुख्य बजारमा २ सयभन्दा बढी फोहर संकलन ड्रम राखिनेछ। ड्रममा विभिन्न सन्देश लेखिने छ भने बजारक्षेत्रमा कसैले पनि जथाभाबी फोहर फाल्न नपाइने कडा नियम लगाइने भएको छ। पर्यटन वर्षलाई नै लक्षित गरी ट्राफिक प्रहरीले विराटनगरको बजारक्षेत्रको सडकमा विभिन्न सन्देशहरू लेखिएको रोड डिभाइडर राखेर ट्राफिक व्यवस्थापनको थालनी गरेको छ।

पर्यटन वर्षलाई सफल बनाउन स्थानीय स्तरका राजनैतिक दलहरूले पनि प्रतिबद्धता जनाएका छन्। यस क्षेत्रको पर्यटन विकासका लागि पूर्व क्षेत्रीय पर्यटन कम्पनी दर्ता गराएर सय रुपैयाँ दरका सेयरसमेत बिक्री गर्न लागिएको छ। भारतको पश्चिम बंगाल र बिहार राज्यसँग जोडिएको पूर्वाञ्चलमा खासगरी भारतीय पर्यटकहरूकै बढी आगमन हुने गरेको छ। पूर्वका धार्मिक पर्यटकीय क्षेत्रहरूमा भारतीय पर्यटक आउने गरेकाले ती क्षेत्रहरूको विकासका लागि पहल थालिएको छ। झापा, मोरङ र सुनसरी जिल्लालाई समेटेर बनाइएको विराट क्षेत्र पर्यटन प्रवर्द्धन समितिले तीनवटै जिल्लाका पर्यटकीय स्थलहरूको विकासको थालनी गरेको छ।

पर्यटकीय क्षेत्रहरूको विकास गर्न झापाका लागि २ करोड १० लाख, मोरङका लागि ३९ लाख र सुनसरीका लागि ४४ लाख रुपैयाँ बजेट छुट्याइएको छ। इलाम र धनकुटाको पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण गर्न २८ लाख रुपैया बजेट छुट्याइएको छ।



# पार्लर उद्घाटनमा

पोखरा- पोखराको चिप्लेढुङ्गास्थित एउटा नयाँ पार्लर उद्घाटनको तयारी हुँदै थियो। उच्चस्तरीय प्रविधि र नयाँ शैलीको पार्लर उद्घाटनका लागि राजधानीबाट एक चर्चित सेलिब्रेटीलाई आमन्त्रण गरिएको थियो। मौसमको गडबडीले उनी आउने-नआउने कुरामा अन्यौल थियो। उनी थिए नेपाली चलचित्रका चर्चित नायक भुवन केसी। पार्लरमा नायक भुवन केसी आउने भनेपछि प्रशसंकहरू घण्टौंदेखि उनको बाटो हेरेर बसेका थिए। पर्फेक्ट-१० नामकरण गरिएको उक्त पार्लरका सञ्चालक हुन्- बिना गुरुङ र सनिषा श्रेष्ठ।

२४ लाखभन्दा बढी खर्च गरेर खोलिएको पार्लरको नायक भुवन केसीले रिवन काटेर उद्घाटन गरे। उद्घाटनपछि नायक केसीले अत्याधुनिक किसिमको यो पार्लर नेपालकै उत्कृष्ट दसभित्र पर्ने दाबी गरे। यति राम्रो पार्लर उद्घाटन गर्न पाउँदा खुसी लागेको छ, केसीले भने, 'पार्लरले चलचित्र र मोडलिङ क्षेत्रलाई पनि त्यतिकै सघाउ पुऱ्याउनेछ।' पार्लर सञ्चालिकाद्वय केसीकै प्रशंसक भएकाले उनको हातबाट पार्लर उद्घाटन गर्न पाएकोमा हर्षित देखिन्थे।

# लिटिल प्रिन्स एन्ड प्रिन्सेस



पोखरा- बालबालिकाको अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले भोलि शनिबार पोखरामा दोस्रो पोखरा लिटिल प्रिन्स एन्ड प्रिन्सेस-२०१० हुँदैछ। द लुक्स फेसन होम्सले गर्न लागेको प्रतियोगितामा २० जना बालबालिकाको सहभागिता छ। निजी तथा सरकारी स्कुलका ६ देखि १२ वर्ष उमेर-समूहका बालिकाहरूको सहभागिता रहेको यो प्रतियोगितामा सहभागीहरूलाई एक महिनादेखि आत्मविश्वास, नेतृत्व विकास, अनुशासन आदि विषयमा सम्बन्धित विज्ञले प्रशिक्षण दिएका थिए। प्रतियोगितामा ५ देखि ९ वर्ष र १० देखि १३ वर्षका बीचमा भिन्न-भिन्न प्रतिस्पर्धा हुँदैछ।

# लिटिल प्रिन्स एन्ड प्रिन्सेज बन्ने धुन

विद्यालय छुट्टि भए लगत्तै कमलादीस्थित राजधानी कला केन्द्रमा करिब ५ दर्जन बालबालिकाको भीड जम्मा हुने गरेको छ। राजधानी सहरका करिब एक दर्जन विद्यालयमा कक्षा २ देखि कक्षा ७ सम्म अध्ययनरत ६ देखि १३ वर्ष उमेर समूहका यी बालबालिकालाई सम्हाल्न कार्यक्रमका संयोजक प्रियंका सिटौला घिमिरेलाई भ्याइनभ्याई छ। उता यी बाबुनानीहरूलाई उनीहरूको बुझाइअनुसार मञ्चमा प्रस्तुत हुने कलामा अभ्यस्त बनाउनमा कोरियोग्राफर सोफिया महर्जन पनि उत्तिकै परिश्रम गरिरहेकी छिन्। आयोजकद्वय धीरज तण्डुकार र दीपक घिमिरे पनि आफ्नो आयोजनालाई व्यवस्थित, भव्य र स्तरीय बनाउने धुनमा देखिन्छन्। कुरा हो पर्सि आइतबार जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न हुने लिटिल प्रिन्स एन्ड प्रिन्सेज २०१० नामक बालबालिका सम्बन्धित प्रतिस्पर्धात्मक आयोजनाका ग्यालेक्सी मोडलिङ एजेन्सीले सञ्चालन गर्ने चौथो संस्करणको यो प्रतियोगितामा १८ जना बालक र ३४ जना बालिकाबीच लिटिल प्रिन्स र लिटिल प्रिन्सेज उपाधिका लागि प्रतिस्पर्धा हुनेछ। आयोजकहरूका अनुसार मुख्य उपाधिसहित २२ वटा विभिन्न विधामा विजेता छानिने यो प्रतिस्पर्धाको मुख्य उपाधि विजेताले जेभियर इन्टरनेसनल स्कुलका तर्फबाट एक वर्षे छात्रवृत्ति पुरस्कार पनि प्राप्त गर्नेछन्।

# तयारी मिस इ कलेज- २०१० को

यतिखेर दस जोड दुई लगायत कलेज लेभलको विभिन्न संकायअन्तर्गतका परीक्षाहरू नजिकिँदै गएका छन्। परीक्षा लगत्तै यदि कलेज अध्ययनरत छात्राहरूले आफ्नो प्रतिभा, आत्मविश्वास, व्यक्तित्व, बौद्धिक तीक्ष्णता आदिलाई प्रतिस्पर्धाको वातावरणमा मापन गर्न इच्छा राख्छन् भने उनीहरूका लागि सिजन मिडियाले एउटा प्रतिस्पर्धात्मक प्लेटफर्म सिर्जना गर्ने भएको छ। 'मिस इ कलेज-२०१०' शीर्षकमा सञ्चालन गरिने १६ देखि २४ वर्ष उमेर समूहभित्रका कलेज अध्ययनरत छात्राहरूमा लक्षित उक्त प्रतियोगितामा सहभागी हुनेले निःशुल्क फोटोसेसन, इ कलेज मोडल डटकममा निःशुल्क अनलाइन मोडलिङ गर्ने अवसर र सुविधा प्राप्त गर्ने कुरा आयोजक संस्थाले जनाएको छ। 'मिस इ कलेज- २०१०' का उपाधि विजेताले पुरस्कार स्वरूप 'स्कुटी' पनि प्राप्त गर्नेछिन्। आयोजक संस्थाका अनुसार कार्यक्रमको अन्तिम प्रतिस्पर्धा आउँदो असार महिनाको पहिलो साता सम्पन्न हुनेछ।

# भैरहवामा पेरुडुवा साँझ

बुटवल– ४० डिग्रीभन्दा माथिको खपिनसक्नु गर्मी, तैपनि डान्सपारखीहरू गर्मीको पर्वाह नगरी कार्यक्रमलाई तताउँदै थिए। नववर्षको अवसर पारेर भैरहवाको होटल निर्वाणामा मंगलबार राति आयोजित 'पेरुडुवा साँझ' मा सहभागीहरू संगीतको तालमा नाच्दा पसिनाले निथ्रुक्क भिजे पनि अबेरसम्म पार्टीमा रमाउन छाडेनन्। स्कुल र कलेज पढ्ने युवाहरूको बाक्लो उपस्थिति रहेको उक्त साँझमा प्रेमी-प्रमिकाको जोडीसहित मस्की-मस्की झुम्नेहरू पनि बाक्लै थिए। स्थानीय डीजे आशा गुरुङको डिजेइङमा चलेको उक्त साँझमा उनले सहभागीहरूको मागअनुसार हिन्दी, अंग्रेजी तथा नेपाली पप, रिमिक्स गीत तथा ट्रान्स म्युजिक प्रस्तुत गरी सहभागीहरूलाई नचाएका थिए। कार्यक्रममा भैरहवाकै एग्नोस्टिक ब्यान्डले पप तथा रक संगीत प्रस्तुत गरेको थियो। यस्तै



पर्यटन वर्ष २०११ सफल पार्ने उद्देश्यले सिद्धार्थनगर उद्योग वाणिज्य संघले सडक महोत्सव तथा फुड फेस्टिबल सम्पन्न गरेको छ। हावाहुरी र असिना पानीका कारण बिथोलिएको महोत्सवमा लोकगायक मिलन लामाले आफ्नो प्रस्तुतिमार्फत सहभागीहरूको मन जितेका थिए।

– टोपराज शर्मा

तु : आवश्यकता
USA बाट विस्तारित अफिसलाई कर्मचारी आवश्यकता ।
योग्यता-SLC Or +2 Above
सङ्ख्या- 9 Gents & Ladies
तलब -10,500/-+ Saving Fund
URI
01-6637290
9841680647
होस्टेलको सुविधा भएको नयाँ ठिमी, शंखधर चोक, भक्तपुर
USI
9803437476
9808195367
लखखु, दोबाटो, ललितपुर
नोट : बुझ्न आउँदा Document अनिवार्य हुनुपर्ने।

100% Guarantee
यौन — यौन समस्या, यौनाङ्ग विकास, गुप्त रोगको समस्या
अनुहार — कालोपोतो, चाँया, डण्डीफोर हटाउन
चाहेजति शारिरिक तौल घटाउन वढाउन
जाँड-रक्सीको कुलत छुटाउन
Breast घटाउन वढाउन टाइट गर्न, मधुमेह, ग्याष्ट्रिक, दम वाथ एलर्जी
सम्पर्क:महारुद्र आयुर्वेद
With Home Delivery
2291316, 9851115833
9849117597, 9751011098

रेगुलर प्राइभेट Test/SLC 2067
कक्षा १० मा भर्ना खुल्यो ।
विगतका वर्षहरूमा १००% पास गराउन सफल
कक्षा ८ पास/९, १० र SLC फेल भएकाहरुका लागि सजिलै SLC पास गर्ने मौका
६ महिनामै कक्षा ८ पास, कक्षा ९ नपढी सोझै SLC दिन पाउने
जि.शि.का बाट मान्यता प्राप्त
MATRIX ACADEMY
कालीमाटी चोक
Ph. 016216469
M:9841717875, 9841396165
शिवपुरी नमूना मा.वि.
सामाखुशी, कपुरधारा
(चिल्ड्रेन पार्कको ठीक अगाडी)
Ph. 014362125, 9841537680

RJ VJ MC
उदघोषण तालिम
पुर्णरुपले practical र स्टुडियो केन्द्रित रेडियो, टेलिभिजन, प्राविधिक तथा पत्रकारीता तालिम
SLC Special Discount
रेडियो कर्मीदारा संचालित उदघोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
मृदुला खनाल, मुनाल शिशिर, रबि थापा
सन्तोष खनाल, केशबजङ्ग पाण्डे, नबिन लुँइटेल
हिरामणि तिमल्सिना, मधु नेपाल, R.D. श्रृंखला
रु.१०००/ छुट
BIKALPA THE OPTION
फोन: ०१-२२९०१६८, ०१-४२४१७०९
बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

50% OFF
in Cook/waiter/waitress/Barman/Coffee Making/Housekeeping
For SLC Students
& 25% Discount to others
STVEN
Contact:
Tel: 4001526
Lazimpat, Kathmandu

# पोखरेलीलाई हँसाए मेरी बास्सै समूहले




पोखरा- माग्नेबूढा अर्थात् केदार घिमिरे मन्त्री बनेर मञ्चमा देखा परे। पोखरा सभागृहमा खचाखच दर्शक उनको स्टेजमा प्रस्तुत हुने शैली र बोल्ने कला देखेर खित्का छाड्दै हाँस्न थाले। उनको मन्त्रालय थियो- सम्बन्धविच्छेद मन्त्रालय। सम्बन्ध-विच्छेद गर्न आइपुगे धुर्मुस र सुन्तली। दोस्रो विवाह धुर्मुससँग गरेकी सुन्तलीको पहिलो विवाहमा दुई छोराछोरी भैसके पनि दोस्रो विवाहमा छोरा नभएपछि सम्बन्ध विच्छेदको निवेदन लिएर मन्त्री बनेका माग्नेबूढासमक्ष आइपुग्छन्। छोरा चाहियो भनेर सम्बन्ध-विच्छेद गर्न लागेका उनीहरूलाई दुई छोरा हुँदाहुँदै के हो सम्बन्ध-विच्छेद भन्दै मन्त्रीले हप्काउँछन्।

सुन्तली जवाफ फर्काउँछे- दुई छोरा नेता भए, तर सधैं कुर्सीका लागि झगडा गरिरहे। मलाई यस्तो छोरो चाहियो जसले जेठ १४ गतेभित्र संविधान लेखोस् र शान्ति-प्रक्रिया निष्कर्षमा पुऱ्याओस्। राजनीतिप्रति गरिएको तीखो व्यंग्यले सभागृहमा उपस्थित दर्शकले जोडदार हुटिङ गर्दै एकसाथ ताली बजाए। सबैले एकसाथ भने- 'हो, हामीलाई यस्तै देश बचाउने छोराको खाँचो छ।'

नेपाल सिडो कराँते डो पोखराले खेलाडीको मनोबल उच्च बनाउने उद्देश्यसहित आर्थिक कोष स्थापना गर्न तथा प्रथम कास्की जिल्ला विद्यालयस्तरीय कराँते प्रतियोगिताका लागि आर्थिक सहयोग जुटाउन आयोजना गरेको मेरी बास्सै साँझमा धुर्मुस, सुन्तली र माग्ने बूढाले मुलुकको अवस्था र सत्ताका लागि लुछाचुडी गरेका दलहरूलाई प्रहसनमार्फत व्यंग्य हान्दा उपस्थित दर्शकले साथ दिएका थिए।

चर्चित लोक तथा दोहोरी गायक पुरुषोत्तम न्यौपाने एवं गायिका मुना थापाले लोक तथा दोहोरी गाएर कार्यक्रमलाई तताएका थिए। दीपक थापाको प्रहसन गीतले पनि सबैलाई हँसाएको थियो।

# नयाँ वर्षमा सांगीतिक साँझ



मोरङ - दिनभरको चर्को घामले तात्तिएको वातावरण सेलाउदै जब साझको ८ बज्यो, तब सुरु भो सांगीतिक वातावरण। नया वर्ष २०६७ अर्थात् वैशाखको पहिलो साझ लोकप्रिय कलाकारहरूले पथरी र आसपासका संगीतपारखीहरूलाई विभिन्न सांगीतिक परिकार चखाए।

'सुगम सांगीतिक साझ-२०६७' शीर्षकको उक्त कार्यक्रम मोरङ पथरीस्थित 'रत्नपार्क' मा सम्पन्न भएको थियो। निकै सिगारिएको पार्कमा सांगीतिक खुराक लिने-दिने अवसर सोही दिन उद्घाटन भएको मनोहर होटल एन्ड पार्कले मिलाइ दिएको हो।

उत्साहका साथ जम्मा भएका युवायुवतीका बीच गायक देव गुरुङले जब 'अतीत सम्झी....' आफ्नै गीत गाउन थाले दर्शकको ठूलो जमातको तालीले स्वागत भयो। पूर्वाञ्चल संगीतालयको सांगीतिक बाध्यवादनको साथमा भएको कन्सर्टमा अर्जुन सिन्चुरीले शिव परियारको 'कहा थियौ तिमी....', रोस्मन राईले अरुण थापाको 'भुलू-भुलू लाग्यो मलाई...' प्रस्तुत गरेका थिए।

अबेरसम्म दर्शकको उत्तिकै साथ पाएको कार्यक्रममा मेनुका कुलुङले 'टुट्यो तारा आकाशमा....', विनोद राईले 'शिरै फूल शिरबन्दी...', दीपा लिम्बूले 'लाली गुरास अजम्बरी...', मिलन श्रेष्ठले 'जोडेको नाता तोडेर....' आदि गीत प्रस्तुत गरेर नया वर्षलाई मनोरञ्जनमय बनाएका थिए। साहित्यकार तथा पत्रकार भूपेन्द्र तिम्सिना र रोहित पराईले गजल प्रस्तुत गरी कार्यक्रममा आकर्षण थपेका थिए।

**-अर्जुन जम्नेली राई**

# लाइभ कन्सर्ट र डान्सपार्टी

धरान- आकर्षक पहिरनमा युवायुवतीको हँल, आउने-जाने क्रम बाक्लिादै थियो। उनीहरू पूरै तामझामका साथ बिन्दास मुडमा नववर्ष मनाउन भेला भएका थिए। मंगलबार बेलुकीपख धरान रिक्रिएसन स्वीमिङ पुलवरिपरि युवायुवती छरिएर नाच्ने र लाइभ कन्सर्टमा झुम्ने मुडमा थिए।

चर्चित द एक्स ब्यान्डको लाइभ प्रस्तुति र गीतमा सबै झुमे। हुटिङ गर्ने र वान्स मोर भनेको खाचो थिएन, तर पनि त्यो दिनलाई दुर्भाग्य नै भन्नुपर्छ, उनीहरूले आफ्ना सबै गीत धराने प्रशंसकहरूलाई सुनाउन पाएनन्। कारण आकाशमा ठूलो आवाज अनि बिजुलीको झड्कासागै सिम-सिम पानी पर्न थालेको थियो। निकै साजसज्जासाग सजाइएको स्टेज हावाले भत्काइदियो भने केही क्षण भीड तितर-वितर भयो। कार्यक्रम आधा घण्टाजति रोकियो।

करिब ११ बजे निकै हावा-हुन्डरी आयो। पार्टीमा आउनेहरू ओझेल खोज्दै भन्दै थिए- 'ओभरै बोरिङ भो,' तर डिजेले निराश हुन दिएनन्। लगत्तै डिजेद्वय ललित र सूदनले पार्टीक्रेजीहरूलाई सेलेक्टेड नम्बर उपलब्ध गराई हाले।

हावा-हुरी र पानी रोकिनेबित्तिकै पार्टी पुनः सुरु भैहाल्यो। घडीको सुईले १२ बजेको संकेत के गरेको थियो। पार्टीस्थलमा आकाश उज्यालो हुने गरी पटकाहरू पट्काइए। केही मत्थर भएको हावा-हुरी र सिमसिम पानीमा पनि पार्टीक्रेजीहरू पूरै जमे। वाईल्ड पार्टी पिपुलले आयोजना गरेको न्यू इयर इभ पार्टी राति १२ बजेसम्म चलेको थियो भने कार्यक्रमको बीच-बीचमा लोडसेडिङ हुादा भने केही बाधा उत्पन्न भएको थियो।



**-भीषण राई**

# इलाममा सिकुवा संगीत



इलाम– एउटा सानो कोठामा पाचजना वाद्यवादक साथमा लिएर वरिष्ठ संगीतकार तथा गायक गणेश रसिक हार्मोनियममा हात घुमाउन थाले। सीमित संख्यामा बोलाइएका निम्तालुहरू रसिकतर्फ आकर्षित भए। 'सिकुवा संगीत बसाइ' नाम दिएर रसिकले नौलो सांगीतिक अभियानको थालनी गर्दा निम्तालुहरूले ३ घण्टा बितेको पत्तो पाएनन्।

इलामको फिक्कलस्थित रम्फोकमा रसिककै अगुवाइमा दुई वर्षदेखि सञ्चालनमा ल्याइएको रेडियो फिक्कल ९०.६ मेगाहर्जको आयोजनामा सुरु गरिएको सिकुवा संगीतको पहिलो श्रृंखलामा संगीतकार तथा गायक गणेश रसिक आफैं देखा परे। उक्त सांगीतिक कार्यक्रममा दार्जीलिङको मिरिककी गायीका भावना थापाले रसिकलाई साथ दिएकी थिइन्। आफ्नो जीवनका भोगाइ तथा देशभक्तिले ओतप्रोत शब्द, संगीतसहित रसिकले आफ्नै स्वरमा १५ वटा गीत सुनाए। गायिका भावना थापाले ६ वटा गीत सुनाएर सबैको मन जितिन्।

सिकुवा संगीतको बसाइमा झापा, दार्जीलिङ, इलामका श्रोताहरूको सहभागिता थियो। दार्जीलिङे संगीतकार मणिकमल क्षेत्रीले आधुनिक गीत-संगीतलाई बचाउने प्रयासस्वरूप सुरु गरिएको संगीत बसाइ प्रशंसायोग्य रहेको बताए। प्रत्येक महिनाको पहिलो शुक्रबार सञ्चालन हुने सिकुवा श्रृंखलामा सुगम संगीतका सर्जकहरूले गीत गाउने आयोजक राजकुमार थापाले जानकारी दिए। सिकुवा श्रृंखलामाअन्तर्गत मिरिकका वाद्यवादक कैलाश राई (बाासुरी), मिलन राई (किबोर्ड) र शरण राई (तबला) लगायत इलामका भूपेन्द्र राई (रिदम) तथा अनुज दियाली (बेस गीतार) ले साथ दिनेछन्।

**–युवराज गौतम**



# दर्शक मोहित पारे कलाकारले

नववर्षको अवसरमा बुधबार पाँचथरमा आयोजित सांस्कृतिक कार्यक्रममा माग्ने बूढा, धुर्मुस (सीताराम कट्टेल) र सुन्तली (कुञ्जना घिमिरे) ले प्रहसनबाट दर्शकहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गरे। उनीहरूका साथ गायकहरू डम्बर नेपाली, दीपक लिम्बू र मल्लिका कार्कीले गीत गाएर दर्शकको मन जितेका थिए। कार्यक्रममा 'मेरी बास्सै'का कलाकारले समसामयिक राजनैतिक विषयमा व्यंग्य गरेर दर्शकलाई गम्भीर बनाएका थिए। समाजमा रहेको विकृति-विसंगतिलाई झापड हिर्काउँदै समयमा संविधान निर्माणमा दबाब अभियान चलाउनुपर्ने उनीहरूको सन्देश थियो।

राँके बजार व्यवस्थापन समिति तथा युवा समूहले कलाकारहरूलाई जुटाएको थियो। आयोजक विक्रम चेम्जोङका अनुसार पाँचथर र इलामको सिमानामा रहेको राँके ओझेलमा परेकाले कार्यक्रमको आयोजना गरिएको बताए।

पूर्व नेपाल तारा दीपक लिम्बूले आफ्नो नयाँ एल्बमका गीत सुनाए। कार्यक्रममा गायिका मल्लिका कार्कीले बजारमा आउनै लागेको 'मल्लिका' एल्वमबाट 'यति धेरै मानिसको भीडमा एउटा मान्छे छ मेरो मनमा..' बाट युवाहरूको मन जितिन्। दर्शकहरूबाट वान्स मोर पाएर हौसिएकी कार्कीले 'हेन्डसमहरूको अनुरोध भएपछि नगाउने कुरै भएन' भन्दै तीन पटक उक्त गीत गाएर दर्शकहरूलाई नचाएकी थिइन्। गायक डम्बर नेपालीले पनि दर्शकहरूलाई जुरुक-जुरुक उचालेका थिए।

**–लवदेव ढुंगाना**

# सुजाता पूर्वाञ्चल आइडल




**शंकर खरेल**

सुनसरी- पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले इटहरीमा आयोजित ११ दिने महोत्सवअन्तर्गत पूर्वाञ्चल गायन प्रतिस्पर्धा मोरङकी सुजाताकुमारी राईले जितेकी छिन्। सानै उमेरदेखि स्कुल, गाउँहरूमा हुने सांगीतिक कार्यक्रममा गाउँदै आएकी सुजाताले उत्कृष्ट १० मा पुगेका अरू ९ जनालाई पाखा लगाएर पूर्वाञ्चल आइडलको उपाधि हात पारेकी हुन्।

राष्ट्रिय जागृति क्लब इटहरी र इटहरी होटल तथा लज व्यवसायी संघको आयोजनामा भएको स्पर्धाको पहिलो चरणमा ५० भन्दा बढी सहभागी थिए। उनीहरूबाट १० जनालाई फाइनल चरणमा समावेश गरिएको थियो।

सन् २०११ लाई पर्यटन वर्ष मनाउने सरकारको निर्णयअनुसार पूर्वमा पर्यटन आकर्षित गर्न ११ दिने पर्यटन, सांस्कृतिक महोत्सवको आयोजना गरिएको हो। विजेता राईले पर्यटन वर्षभरि पूर्वाञ्चलका १६ वटै जिल्लामा आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न सद्भावनादूतका रूपमा काम गर्नेछिन्। उक्त प्रतिस्पर्धामा मोरङकै डिबी राई द्वितीय भए तथा धरानका दीपेन राई तृतीय घोषित भए।

महोत्सवमा हरेक दिन विभिन्न जातीय समूहको सांस्कृतिक कार्यक्रमसमेत प्रस्तुत गरिएको थियो। राई, लिम्बू, मगर, आदिवासी, चौधरी, धिमाल, मुसहर, झाँगड आदि जातिको संस्कृतिसमेत महोत्सवमा समावेश थियो। यसैगरी देशका ख्यातिप्राप्त कलाकारहरूले पनि महोत्सवमा आ-आफ्नो प्रस्तुति दिए।

# विश्वकप अघि
# चुडिएका सपनाहरू






आगामी विश्वकप फुटबल प्रतियोगितामा इंग्ल्यान्डले आफ्नो टिमको आधार स्तम्भका रूपमा डेभिड बेकह्यामलाई प्रस्तुत गर्ने योजना बनाएको थियो। लगातार तीन संस्करणको विश्वकपको फाइनल चरणमा उत्रिसकेका बेकह्यामले चौथो पटक विश्वकपमा उत्रने योजना बनाएका थिए। अमेरिकाको एलए ग्यालेक्सी क्लबबाट स्थानान्तरण भएर एसि मिलानबाट खेल्न थालेका बेकह्याम चिभो क्लबविरुद्धको खेलमा घाइते भएका थिए। उक्त चोट हेर्दा सामान्य देखिए पनि चिकित्सकहरूले विश्वकप अघि बेकह्याम मैदानमा फर्किन नसक्ने घोषणा गरे। चिकित्सकहरूको यो घोषणासँगै बेकह्यामको विश्वकप खेल्ने सपना मात्र तुहिएको मात्र छैन, इंग्ल्यान्डका समर्थकहरूको बेकह्यामलाई विश्वकपमा हेर्ने सपना पनि समाप्त भएको छ।

विश्वकप खेल्ने सपना साँचेर बसेका धेरै खेलाडी विश्वकप अघि घाइते भएर विश्वकप प्रतियोगितामा सहभागी हुन नपाएका प्रसस्तै उदाहरण छन्। ब्राजिल सन् २००२ मा दक्षिण कोरिया र जापानले संयुक्त रूपमा आयोजना गरेको विश्वकप जित्ने सुरमा थियो। ब्राजिलियन फुटबल टिमका मुख्य मिडफिल्डर इमर्सन थिए। विश्वकपभन्दा अगाडि टर्कीविरुद्ध हुने मैत्रिपूर्ण खेलमा ब्राजिलियन फुटबल देखाउने सोचका साथ अभ्यास गरिरहँदा इमर्सन घाइते भए। चोट यति गहिरो थियो कि उनको कुमको हड्डी नै छुट्यो जसका कारण उनले विश्वकप प्रतियोगिता खेल्न त पाएनन् नै आफ्नो टिमले जित्दा तालीसमेत बजाउन सकेनन्।



सन् १९९४ को विश्वकपमा पहिलो पटक उत्रिएका स्पेनका गोलकिपर सान्टियागो कानिजारेस पनि चोटका कारण सन् २००२ को विश्वकपमा सहभागी हुन सकेनन्। टिमसँग होटलमा बसेर सन् २००२ को विश्वकपको तयारी गरिरहँदा आफ्टर सेभको बोतल खसेर खुट्टामा गहिरो चोट लागेपछि उनले प्लेयर्स बेन्चमा बसेर विश्वकप हेरेका थिए। सन् २००२ को विश्वकप खेल्ने तयारीमा रहेका चीनका ली मिङ चोटका कारण मैदानमा उत्रन सकेका थिएनन्।

सन् २००२ को विश्वकपमा फ्रान्सले आफ्ना खेलाडीहरूलाई लागेको चोटका कारण विश्वकपमा लज्जास्पद पराजय भोग्यो। सन् १९९८ को विश्वकप विजेता फ्रान्स सन् २००२ को विश्वकपमा पहिलो चरणबाटै घर फर्किएको थियो। उक्त विश्वकपको फाइनल चरणमा फ्रान्सले खेलाडीहरूलाई लागेको चोटका कारणले पहिलो चरणबाटै बाहिरिनु परेको फुटबल विश्लेषकहरूले बताएका थिए। उक्त विश्वकपमा बिडगर रोबर्ट पिर्यस, क्रिष्टियन लाली चोटका कारण बेन्चमा बस्नु परेपछि फ्रेन्च टिमले पराजय भोग्नु परेको ठहर गरिएको थियो। सन् २००२ को विश्वकपमा फ्रान्सको जस्तै नियती अर्जेन्टिनाले पनि भोग्नुपर्‍यो। उक्त विश्वकपको पहिलो खेलमा नाइजेरियालाई पराजित गर्ने क्रममा अर्जेन्टिनाका सेन्टर डिफेन्डर रोबर्टो आयाला घाइते भए। उनको अभावमा अर्जेन्टिना पहिलो चरणबाटै घर फर्कियो।

## ● विश्वकप डायरी ●



## अधिकांश टिकट अमेरिकीले किने

विश्वकप फुटबल प्रतियोगितामा बेलायती दर्शकको उपस्थिति उल्लेखनीय हुन्छ। त्यसैले पनि विश्वकपका आयोजक राष्ट्रहरू बेलायती दर्शक तान्न प्रयास गरिरहेका हुन्छन्। आगामी विश्वकप फुटबल प्रतियोगितामा पनि बेलायती दर्शकको बाक्लो उपस्थिति हुने अनुमान आयोजक समितिको थियो। अनलाइनमार्फत सार्वजनिक गरिएको टिकटको चौथो चरणको बिक्री सकिँदा २१ लाख टिकट बिक्री भएको फिफाले जनाएको छ। बिक्री भएका टिकटमा अमेरिकी दर्शकले १ लाख ७ हजार ७६ थान टिकट किनेका छन् भने बेलायतका दर्शकले ६३ हजार ८ सय ३५ थान टिकट किनेका छन्। सर्वाधिक टिकट किन्ने राष्ट्रको सूचीमा जर्मनी तेस्रो स्थानमा छ। अहिलेसम्म २९ हजार ७ सय ३३ थान टिकट जर्मनले किनेका छन् भने अस्ट्रेलियाका दर्शकले २६ हजार ४ सय ८८ थान टिकट किनेका छन्। आयोजक समितिले गत फ्रेब्रुअरीदेखि मार्च महिनासम्म चौथो चरणका लागि ३ लाख ११ हजार २ सय ७१ थान टिकट अनलाइनमार्फत बिक्रीमा राखेको थियो।

## एकै दिन हजारौं टिकट बिक्री



अन्तर्राष्ट्रिय फुटबल महासंघ फिफा तथा विश्वकप आयोजक समितिबीच विश्वकपका सबै टिकट अनलाइनमार्फत बिक्री गर्ने सम्झौता भएको थियो। दक्षिण अफ्रिकामा इन्टरनेटको सुविधा पर्याप्त नभएको र कतिपय व्यक्तिसँग क्रेडिट कार्ड नभएको हुनाले आयोजक समितिले खुला रूपमा टिकट बिक्री गर्ने निर्णय गरेको थियो। स्थानीय बासिन्दाहरूलाई पनि टिकट बिक्री गर्नुपर्ने फिफाको प्रावधानअनुसार आयोजक समितिले टिकट बिक्री खुला गरेको हो। विश्वकप आयोजक समितीले अझै पनि ६४ वटा खेलमध्ये २३ वटा खेलको ५ लाख सिटको टिकट बिक्री गर्न सकेको थिएन। आयोजक समितिले सर्वसाधारणलाई टिकट बिक्री खुला गरेको पहिलो दिनको ८ घन्टामै ५३ हजार थान टिकट बिक्री भएको थियो। पहिलो दिनको टिकट बिक्रीमा अत्यधिक चाप भएपछि आयोजक समितिले केही दिनलाई टिकट बिक्री रोकेर व्यवस्थित ढंगमा त्यसलाई सञ्चालन गर्ने जनाएको छ।

SLC २०६७ सजिलैसंग पास गरौं र +2 पढौं

नव वर्ष २०६७ को अभिभावक, विद्यार्थी, शिक्षक र सम्पूर्ण नेपाली दाजुभाई दिदी बहिनीहरुमा शुभकामना

कक्षा ९, प्रि-टेष्ट वा SLC फेल भएका तर २ वर्ष अघि जिल्ला स्तरिय कक्षा ८ को परिक्षा पास भएका स्कूल जान छाडेका, स्कूल जान नसकेका, उमेर नाघेका जागिर खाँदै पढ्न चाहने बिद्यार्थी प्रहरी, आर्मी, सिभिल कर्मचारी पियन गृहिणीको लागि कक्षा ९ र १० मा धमाधम भर्ना लिईरहेका छौं। आजै सम्पर्क गरी भर्ना हौं।

सम्पर्कः प्रिन्सिपल ९८४१३५६६५८

पुनश्चः
१. कक्षा अंग्रेजी नेपाली दुवै भाषा पढाईहुने।
२. कक्षा दिउँसो, विहान वेलुका तीनै समयमा हुनेछ।
३. १० कक्षाको किताव मात्र पढे पुग्ने।
४. सामान्य दिमाग भएकाहलाई समेत SLC गराईने
५. परिक्षा काठमाडौंको प्रतिष्ठित विद्यालयमा पढाइने र दिलाईने।
६. भर्ना २०६७ बैशाख १५ गते भित्र भईसक्नु पर्ने।
७. पढाई १० वर्ष भन्दा अनुभवी शिक्षक शिक्षिकाबाट गराईने।
८. ट्यूशन र कोचिङ्गको पनि छुट्टै ब्यवस्था।
९. होष्टलको पनि ब्यवस्था
१०. ३/३ महिनामा परिक्षाको ब्यवस्था र महिनै पिच्छे युनिट टेष्टको ब्यवस्था।
११. सरल शुलभ शुल्क, टेष्ट ग्यारेण्टी।

Wanted
SLC दिएर बसेकाहरुलाई सुवर्ण अवसर
LG Company लाई कर्मचारी आवश्यकता
संख्याः 10 Gents & Ladies
तलबः 10,500/-
योग्यताः Test, SLC, above
Unique Solution
Gwarko, Lalitpur
5543056, 9841466409
9803897872
नोटः बुझ्न आउदाँ Document अनिवार्य छ।

The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
Call: 4465653, 9841278689
www.theflyinginstitute.edu.np
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu

Be Professional with Sphere Institute of Technology
› Food and Bar Management
› Floor Management
› Front Office
› House Keeping
› Travel and Tour Management
› Airline Management
› Secretarial Course
SLC appeared students HURRY UP for 20% discount and OTHERS bring this ad & get 15% discount
Contact :4258177, Jyatha, Kantipath

Shaping Minds Group
Kumaripati 5008632 2292233/44
Putalisadak 2222605 4233478
Baneshwor 4782162 4781431
Itahari 025-584310
Birgunj 051-523421

STAFF NURSE Entrance Preparation
* कक्षा संचालन प्रत्येक दिन ४ घण्टा र आधा घण्टा Chapter-wise Class Test ४ महिना सम्म र साथै Projector Base Case Study.
* प्रत्येक आइतबार Model Exams र Questions Discussion.
* आवश्यक Books, Model Questions र Handsout नि:शुल्क दिइने।
* उपत्यका बाहिर बाट आउने छात्राहरुको लागि छात्राबासको व्यबस्था।
* सबै परिक्षाबोर्डको परीक्षा फारम ल्याई फारम भरिदिनुका साथै परीक्षा केन्द्रमा पुयाउने र ल्याउने जस्ता भूमिका निर्वाह गर्ने।
* सुविधा सम्पन्न, शान्त, शैक्षिक वातावरण भएका ठूला कक्षाकोठाहरु।
* हाम्रा विभिन्न I/NGOs र Hospital Project हरुमा छात्राहरुको लागी क्षमताको आधारमा रोजगारीमा प्राथमिकता दिइने।
* राम्रा, जेहेन्दार छात्राहरुलाई Shaping Minds Group Social Welfare ( NGO ) बाट शत प्रतिशत छात्रवृत्ति प्रदान गरिने छ।

होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook
✧Waiter
✧Bartender
✧Housekeeping
✧Front Office
✧Coffee Making
✧Bakery
✧Caregiver
✧Hotel Mgmt.
✧F&B Mgmt.
✧Airfare & Ticketing (Fare Calculation)
✧Abacus, Amadeus, Galileo, e-ticketing
✧Travel Operation
✧Tour & Travel Mgmt.
✧3/4/5 Star होटलहरुमा तालिम दिइने
बिदेश जानेहरूको लागि विशेष कोर्ष
✧Abroad Study- UK, USA र Australia
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

# जीर्ण रंगशालाको नि:शुल्क जीर्णोद्धार





● **शंकर आचार्य**

वीरगन्जस्थित नेपाल फर्मास्युटिकल्कस ल्याब प्रालिले झन्डै एक दशकदेखि आवश्यक रेखदेख, संरक्षण र मर्मत-सम्भारको अभावमा बेवारिसेझैं बनेर खण्डहरमा परिणत भैसकेको वीरगन्जस्थित नारायणी रंगशालालाई मर्मत-सम्भार र रंगरोगन गरेर जीर्णोद्धार गरेको छ।

खेलकुद प्रयोजनका लागि कम र राजनैतिक भाषण तथा आमसभाजस्ता काममा बढी प्रयोग हुने यो रंगशालामा प्राय: सबै ठूला दलका शीर्षस्थ नेताले भाषण दिने काम गर्न भ्याएका छन्। पछिल्लो पटक माओवादीका अध्यक्ष पुष्पकमल दाहालले यही रंगशालामा उत्तेजक भाषण दिएर गएका थिए। खेलकुद मन्त्री वा राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिवहरूसम्म वीरगन्ज आउँदा यहाँका सरोकारवालाहरू र खेलप्रेमीहरूले उनीहरूलाई जीर्ण रंगशालाको स्थलगत भ्रमण गराउने काम छुटाएका छैनन्। भ्रमण गरेपछि रंगशालाको दूरावस्था देखेर आफूहरू चिन्तित भएको र तत्कालै यसको सुधारका लागि आफूहरूले केन्द्रबाट बजेट पठाउने आश्वासन, प्रतिबद्धता दिएर उनीहरू फर्कने गरेका थिए।

केन्द्रबाट रंगशाला मर्मत-सम्भारको बजेट कहिल्यै आएन र त्यसको अवस्था दिन-प्रतिदिन नाजुक बन्दै गयो। जीर्ण रंगशालालाई पुनर्जीवन दिने अभिभारा बोक्यो नेपाल फर्मास्युटिकल्सले। त्यो पनि कसैको आग्रह र अनुरोधबिना आफ्नो सामाजिक दायित्वबोध गरेर। स्थानिय बासिन्दा र दुर्व्यसनीहरूले छड, फलाम, कुर्सी आदी चोर्नका लागि दिन प्रतिदिन तोडफोड गरेर चारैतिरबाट टुट, फुट भै ठाउँ-ठाउँमा ठूला प्वाल बनेको र पुरानो खण्डहरजस्तो भैसकेको यो रंगशालामा आवश्यक परेको स्थानमा सिमेन्ट र इँटले प्वाल भर्ने, पर्खाल बनाउने र ह्वाइट सिमेन्टले रंगरोगन गरेर पुनर्जीवन दिनेसम्मको सम्पूर्ण काम हाल उक्त उद्योगले आफ्नो पूर्ण लगानीमा गरिरहेको छ।

उद्योगका प्रबन्ध सञ्चालक महेन्द्रबहादुर अमात्य रंगशालालाई पुनर्जीवन दिन जति खर्च लागे पनि उद्योग लगानी गर्न तयार रहेको बताउँछन्। 'यो रंगशाला वीरगन्जको गर्व गर्न लायकको धरोहरहरूमध्येको एक हो, हामी अघिका पुस्ताले अनेक दु:ख गरेर बनाएको यो रंगशालालाई त्यत्तिकै भत्किएर जान दिनु हुन्न भन्ने सोचका कारण हामीले यो अभियान सुरु गरेका हौं'- उनी भन्छन्।

करिब अढाई दशकअघि निर्मित यो रंगशाला राजधानीको दशरथ रंगशालाकै शैलीमा निर्माण गरिएको छ। मध्यमाञ्चल खेलकुद विकास समितिको संरक्षकत्वमा रहेको यो रंगशालामा समितिले ताल्चा खरिद गरेर मार्न नसक्दा चौपायाहरू पसेर चरीचरनका रूपमा परिणत भएको थियो। रातको समयमा समितिले चौकीदारको व्यवस्था नसक्दा दुर्व्यसनी तथा चोरहरूले रंगशालाको कुर्सी, बार आदि मात्र नभै छड झिक्नका लागि रंगशालाको प्याराफिट फुटाउनेसम्मको काम गर्दै आएका छन्।

मध्यमाञ्चल खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष महम्मद समिउल्लाह ३० हजार दर्शक क्षमताको उक्त रंगशाला ०४२ सालमा निर्माण गरी तत्कालीन राजा वीरेन्द्रले उद्घाटन गरेको बताउँछन्। तेस्रो राष्ट्रिय खेलकुद प्रतियोगिता उक्त रंगशालामै आयोजना गरिएको र आफूले पनि उक्त प्रतियोगिता खेलेको स्मरण गर्दै समिउल्लाहले बजेट अभावमा रंगशाला जीर्ण हुँदै गएकोमा एक उद्योगले आफ्नो सामाजिक दायित्वबोध गरेर रंगशालालाई पुनर्जीवन दिने काम गरेकोमा आफूलाई अत्यन्त खुसी लागेको बताए।

# अघि बढ्दै दीपक राई



आठौं दक्षिण एसियाली खेल (साफ) को फुटबल टेलिभिजनमा हेर्दा दीपक राई हरि खड्काका फ्यान थिए। उनी यति क्रेजी थिए कि त्यसबेलाका राष्ट्रिय फुटबल 'कप्तान' खड्कासाग हात मात्र मिलाउन पाए कस्तो हुन्थ्यो जस्तो लाग्थ्यो, तर त्यसका लागि धेरै समय कुर्नु परेन, केही वर्ष नबित्दै हरि खड्कासाग हात मात्र होइन बारम्बार खुट्टा समेत मिलाउन भ्याए दीपकले। दुई वर्षअघि दीपक ए डिभिजन क्लब मछिन्द्रका स्ट्राइकर थिए भने हरि खड्का विभागीय क्लब महेन्द्र पुलिसका स्ट्राइकर। भर्खरै सम्पन्न बुढासुब्बा गोल्डकपमा आफू सम्बद्ध रानीपोखरी कर्नर टिम (आरसीटी) लाई उपाधि चुम्न बल पुऱ्याएका दीपकले विगत स्मरण गर्दै भने- हरि दाइसाग आमने-सामने भएर भिड्न पाएको क्षण नै जीवनको अविस्मरणीय क्षण बन्यो।'

फुटबलर दीपक यतिबेला नेपाली फुटबलमा आकर्षणको केन्द्र बनेका छन्। एक महिनाअघि सम्पन्न बहुचर्चित ब्रिटिस गोर्खा कपमा सर्वाधिक ६ गोल गरेर 'हाइस्कोरर' बनेयता उनले मनग्य प्रशंसा बटुलेका छन्। अझ बाह्रौं बुढासुब्बा गोल्डकपको त उनी नायक नै भए। २०५७ सालयता उपाधिविहीन बनेको आरसिटीलाई सफलता दिलाउन दीपकको मुख्य भूमिका रह्यो। कोलकाताको बेल्गोरियालाई १-० ले हराएर शुभजन्मोत्सव कप जितेयता आरसिटी उपाधिविहीन थियो। फागुन १ गते सम्पन्न बुढासुब्बाको फाइनलमा हाफ अगाडि १-१ को बराबरीमा रहेको खेलको ७२ औं मिनेटमा गोल गरेर दीपकले विभागीय टिम पुलिसलाई हतोत्साही तुल्याएका थिए।

मोरङ पथरीका दीपकले स्थानीय मंगोलियन युवा क्लबमा आबद्ध रहेर औपचारिक खेल जीवन प्रारम्भ गरेका हुन्। बाल्यकालदेखि नै फुटबलप्रति लगाव भएको बताउने दीपक ए डिभिजनसम्म पुग्न धेरै संघर्ष गर्नुपरेको बताउाछन्। उमेरले २२ वर्षमा पाइला टेकेका यी फुटबलरले झापाको नाइटचेस क्लब, मछिन्द्र हुादै आरसिटीसम्मको यात्रा तय गरेका छन्। उनले यस अवधिमा सहिद स्मारक, बुढासुब्बा गोल्डकप, महेन्द्र गोल्डकप, हृदयन्द्र, साहारा, त्रिभुवन, आहा गोल्डकप, सनमुन पिस कप लगायत मुलुकका प्रतिष्ठित खेलमा दह्रो उपस्थिति जनाइसकेका छन्। राष्ट्रिय टिमबाट पहिलो रोजाइको 'फरवार्ड' भएर खेल्न नसक्नु आफ्नो खेलजीवनको कमजोरी रहेको बताउने यी स्ट्राइकर राष्ट्रिय स्तरका खेलहरूमा आफूले कति गोल गरे भन्ने यकिन नभएको बताउाछन्। दीपक भन्छन्, '५ सयचाहि पुग्यो कि' सिल्ड र प्रमाणपत्रले भरिभराउ कोठा देखाउादै दीपकले आफ्नो निकट लक्ष्य तेह्रौं साफ फुटबल खेल्नु रहेको उल्लेख गरे। यद्यपि उनी अन्तर्राष्ट्रिय खेलमा अवसर पाउने कुरामा विश्वस्तचाहि छैनन्। सरकारी तहमै विभेद गरिने औंल्याउादै उनले भने-'यहाा प्रतिभावान् खेलाडीको छनौटमा विवेक पुऱ्याइँदैन, नातावाद र चाकडीले समग्र खेल क्षेत्र अस्तव्यस्त छ' यतिमात्र होइन, खेल हुने बेलामा मात्र ट्रेनिङ दिने गरिएको छ। राईले फुटबलका अगुवा संस्थाहरूप्रति रोष प्रकट गरे, 'दीर्घकालीन सोच लिएर कसैले केही गरेको देखिँदैन। आफू चाकडी नगर्ने हुादा अवसर नपाइने हो कि भन्ने पनि उनको चिन्ता छ।

मोरङ फुटबल संघका अध्यक्ष दीपेन्द्र धिमाल दीपकको खेल कौशल देखेर बंगलादेशमा सम्पन्न बाह्रौं साफमा राष्ट्रिय टोलीका लागि पहल गरे पनि त्यो सार्थक नभएको बताउाछन्। फुर्सदमा इन्टरनेटमा विख्यात फुटबलरहरूको जीवनी सर्च गर्न रुचाउने दीपक राई बााकी जीवन फुटबलको स्तरोन्नतिमै समर्पित हुने अठोट व्यक्त गर्छन्।

**सन्तोष राई**



# हङकङमा डान्स आइडल



**निर्मल श्रेष्ठ**

दोस्रो हङकङ नेपाली डान्स आइडल को बन्छ ? यही कौतूहलताले आइतबार साँझ याउ मा तेइस्थित हेनरी जी ल्योङ हल खचाखच थियो । नयाँ वर्षको अवसरमा सुदूर पूर्वी प्रवासी नेपाली संघ (फियोना) हङकङ द्वारा आयोजित नृत्य प्रतियोगितामा सहभागी १८ प्रतियोगीमध्ये आइतबार अन्तिम प्रतिस्पर्धाका लागि १० जना छानिएका थिए ।

प्रायः पश्चिमा गीत-संगीत घन्किने यहाँका कार्यक्रमहरूमा उक्त दिन विशुद्ध नेपाली गीत मात्र बजे । प्रतियोगितामा सहभागिताका लागि नेपाली गीतसंगीत र पहिरन आयोजकको पहिलो सर्त नै थियो । सर्तमा प्रतियोगीहरू पनि उत्तिकै खरो उत्रिए । प्रतिस्पर्धीहरू गुन्यूचोली, बख्खु र फरियाजस्ता परम्परागत जातिय पहिरन र गरगहनामा ठाँटिएका थिए । सात समुद्रपारि आफ्नै गाउँठाउँमा बज्ने लोकलयमा आधारित गीत घन्किदा के पाका ? के जवान ? सबै फुरुंग थिए ।

पहिलो चरणमा १० प्रतियोगीमध्येबाट फाइनलका लागि सुनिता गुरुङ, सुकु लिम्बू, सिर्जना गुरुङ, प्रिया गुरुङ र देवी गुरुङ छानिए । चर्किएको प्रतिस्पर्धासँगै दर्शकको ताली र हुटिङले भरिभराउ हल अझ तात्तियो । अन्तिम चरणमा प्रत्येक प्रतिस्पर्धीले दुई भिन्दाभिन्दै गीतमा नृत्य प्रस्तुत गरे ।

सयौं दर्शकको हुटिङ र तालीका बीच सृजना गुरुङ 'दोस्रो हङकङ नेपाली डान्स आइडल' घोषित भइन् । फस्ट र सेकेन्ड रनर अप सुनिता गुरुङ र सुकु लिम्बू भए । युवापुस्तामा आफ्नो भाषा, संस्कृति, गीतसंगीतप्रतिको मोह कायम राख्न सहयोग पुगोस् भन्ने उद्देश्यले कार्यक्रमलाई निरन्तरता दिइएको फियोनाका अध्यक्ष विपिन राईले बताए ।

## उपाधि दौडमा तामाङ युवतीहरू



यतिखेर शिक्षा वाइवा, निक्की तामाङ, अञ्जली दोङ, लक्ष्मी लामा, श्रृया मोक्तान, सीता योञ्जन, मनिला तामाङ, सोनी घिसिङ, सुशीला लामा, सुविता मोक्तान, तासी लामा, रीता लामा, सोनिस्ता लामा र स्मृति तामाङ गरी १४ जना तामाङ युवतीको साँझपखको अधिकांश समय कोरियोग्राफर रोजिन शाक्यको सिकाइअनुसार आ-आफ्नो प्रस्तुतीकरणलाई तिखार्नमा बित्ने गरेको छ । नृत्य प्रशिक्षक आमिर दोङबाट उनीहरूले स्वागत नृत्यको तयार पनि गरिरहेका छन् । एभरेष्ट फेसन होमको आयोजनामा हुने मिस तामाङ २०१० शीर्षकअन्तर्गतको प्रतिस्पर्धाको तयारीमा जुटेका उल्लेखित तामाङ युवतीहरूले प्रतिस्पर्धात्मक कार्यक्रमको अन्य आधारभूत कुराहरू लगायत तामाङ भाषा, कलासंस्कृति, भेषभुषा आदि कुरामा पनि आफ्नो ज्ञानको भण्डार वृद्धि गरिरहेका छन् । यही वैशाखको अन्तिम साताभित्र जमलस्थित राष्ट्रिय नाचघरमा अन्तिम प्रतिस्पर्धा सञ्चालन गरिने कुरा आयोजक संस्थाकी रञ्जिता लामाले बताइन् ।

फोटोग्राफी भिडियोग्राफी
❊ फोटो/भिडियो एडिटिङ
❊ फोटो/भिडियो प्रत्रकारिता
❊ फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
Hurry UP
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, 4216291

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ
मोटरवाईण्डिङ
Guarantee
लोडसेडिङ नो प्रोब्लम
१३ वर्ष पुरानो
SLC दिएकाहरूलाई ३०% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

Special Discount for S.L.C. appeared students
Work & Study in JAPAN
TOEFL/IELTS (Free Books, CDs, Lab Practics & Weekly Tests)
Languages: English, Japanese, French, German, Korean, Hibrew, Chinese, Spanish, Italian, & more.
Computer Courses
Software, Hardware & Networking.
Basic, Office, Graphics, webpage, Programming Accounting Package.
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. New Baneshwor Dept. store) Tel: 4785226 | New Baneshwor (Opp. BICC water Tank) Tel: 4483414 | Adwait Marg (Bagbazar) Tel: 4232866 | Lagankhel (Bus Park) Tel: 5004018

ब्यूटीसियन तालिममा नि:शुल्क भर्ना खुल्यो
बिगत १३ बर्ष देखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्धारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा Basic, Advance, Diploma, Beautician Teachers Trainining, Hair Dressing र Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
**********************************
नोट: यू. के., अमेरिका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेन्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

हरेक महिलाले जान्नै पर्ने
बेकरी/कूकिङ्ग
अत्यन्त उपयोगी, रोजगारमूलक दुई हप्ते तालिम वैशाख १६ गते देखि शुरू हुँदैछ । भर्ना खुल्यो ।

| | |
|---|---|
| ● कण्टिनेण्टल कूकिङ्ग | बिहान ११:०० बजे |
| ● बेकरी | दिउँसो १२:३० बजे |
| ● इण्डियन कूकिङ्ग | दिउँसो २:०० बजे |
| ● आइस्क्रीम बनाउने तालिम | वैशाख १८, २०, २१ गते दिउँसो ३:१५ बजे |

जमलेश्वर इन्स्टिच्यूट
(first & the foremost)
जमल- रानीपोखरी कर्नर, कमलाक्षी टोल
फोन नं. ४२४२६७१/९८४००५१३६५

Admission Open
Pre for BRITISH GURKHAS ARMY & SINGAPORE POLICE FORCE
For 2010/2011
Lincoln Sports Pvt. Ltd.
Gongabu Tel: 01-4354576
Jawalakhel Tel: 01-5008571
Mob. 9851011166, 9841330670

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
तालिमहरू तपाईहरुको लागि
DIGITAL EDITING & ANIMATION
फोटोग्राफी
विवाह व्रतबन्ध टेलिफिल्म आदिमा भिडियो खिच्नुका साथै Editing गरिन्छ ।
भिडियोग्राफी
KANTIPUR PHOTOGRAPHY
पुतलीसडक चोक, काठमाडौं
(४४४३३१९, ९८४१-३२२७७७

— Private —
TEST/SLC
❖ भर्खरै ९ तथा Test फेल भएका ।
❖ ८, ९ र Test पास भएका/ उमेर नाघेका/ जागिर गर्दै पढ्न चाहने विद्यार्थीहरुका लागि
दश कक्षामा भर्ना खुल्यो
100% result since 2004....
❖ बिहान र दिउँसो/नेपाली र अंग्रेजी माध्यममा पढाइने
❖ जि.शि.का. र EIA बाट सम्बन्धन प्राप्त
फारम वितरण तथा भर्ना प्रक्रिया धमाधम भैरहेको छ ।
Columbia Academy
नयाँ बानेश्वर, शंखमुल झर्ने ओरालोको मुखैमा
Tel: 4781061, 9851095070

S Shaping Minds Group
Satdobato 5536751
Kumaripati 5008632 2292233/44
Putalisadak 2222605 4233478
Baneshwor 4782162 4781431
Itahari 025-584310
Study + Work (Upto 100 % Scholarship)
New Zealand, Canada, USA, Ireland Switzerland, Europe & Many More...
Career Oriented Training
Special Discount Available for SLC Appeared & Others...
* Special English Course
* Personality Development
* Diploma in Cook Training
* IELTS / TOEFL / SAT / GRE / GMAT
* Advance Web / Graphic Design
* Banking Training * Accounting Package
* Hardware Training * Secretarial Training

भर्ना खुल्यो !
प्राईभेट Test/SLC मा भर्ना खुल्यो
एक वर्षमै S.L.C. पास गर्ने हैन त?
निशुल्क भर्ना मात्र १५ जनालाई
- ८ पास ९, १०, Test/S.L.C. फेल भएकाहरुका लागि
- उमेर नाघेका जागिरे, गृहिणी आदिलाई
- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्धारा पढाईने
- विगत ८ वर्ष देखि उत्कृष्ठ नतिजा ल्याउन सफल ।
Free Computer & Tuition.
माध्यम - अङ्ग्रेजी र नेपाली
समय- विहान दिउँसो र बेलुका
जि.शि.का. र EIA बाट मान्यता प्राप्त
KINGS ACADEMY
Koteshwor-35
Contact: 01-4600245
Mob: 9849489453

प्राइभेट
Test/S.L.C 2067
कक्षा १० मा भर्ना खुल्यो
के तपाई S.L.C पास गर्न चाहनु हुन्छ ?
दक्ष तथा अनुभवी स्कूल तथा कलेज का शिक्षकहरु द्वारा सञ्चालित एक मात्र एकेडेमी ।
नोट: छात्रावास (Hostel) को व्यवस्था छ ।
पाइथागोरस एकेडेमी
फोन नं. ४२६०६३२, ९८५१००९४२७
प्रर्दशनी मार्ग, पुतली सडक, काठमाडौं

Study In USA CANADA CYPRUS IRELAND New Zealand & More......
50% Discount on TOEFL/IELTS
Free: CDs & Books
Learn Practical English Language
General English Vocabulary Class
Spoken English Grammar Class
Free: Books, CDs, Internet & Emails
Job Oriented Computer Courses
Basic Tally
Graphic Designing Web Page Designing
Computer Operator (For Govt. Job)
Special Discount For SLC Students
Getway Educational Consultancy P. Ltd
MEMBER OF ECAN
Ph: 4239719, 4241870

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक (इण्डियन, चाईनिज, कण्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर,वारमेन,क्याप्टेन,होटल सुपरभाइजर, रिसेप्सनिष्ट,हाउसकिपीङ्ग आदि ।
*५ तारे होटलमा कार्यरत अनुभवी प्रशिक्षक बाट तालिम दिइने ।
*टाढाबाट आएका र बिदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था ।
*Ex-practical को लागि होटलहरुमा पठाईने ।
सक्षम नभएमा पुन: कक्षा गराएर सक्षम बनाईने ।
अन्तराष्ट्रिय होटल तालिम प्रा.लि.
बालाजु चोक (Vision Institute) सँगै
फोन: 01-4384548

होटल तालीम
छुट्टा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

नववर्ष २०६७ को उपलक्ष्यमा SLC दिएर बसेका विद्यार्थीहरू लाई ५०% सम्मको छुटमा
होटल तालिम
Cook / Waiter
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
Manpower Training Center Pvt. Ltd.
PACIFIC
Jamal, Kathmandu
4232196

Cook / Waiter
SLC दिएर बसेका विद्यार्थीहरूलाई नववर्ष २०६७ को उपलक्ष्यमा ५०% सम्मको छुटमा
होटल तालिम
विदेश जानेहरूको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ
NATIONAL Employment Training Center Pvt. Ltd.
चुच्चेपाटी, चावहिल, काठमाडौं
४४९००१६, २०२३३६७

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पशिचम
www.shangrilatraining.com.np
✆4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN

Drive Your Career in 5 star Hotel
Internship & Job Opportunities
ADMISSION OPEN
Advance Level Courses Details
2 Years Hotel Management
18 Months F & B Management
1 Years Kitchen Management
6 Months Advance Cook/Bartender
5 Months Advance Bakery/Pastry
Basic Level Courses
Cook/Waiter/Bar/Front Office/ Housekeeping
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
☎ 4484098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट संगै

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।